सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ चैत २०८०, बिहीबार (4 April 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३४६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सर्वोच्चद्वारा एनआरएनएका दुई वर्षयताका गतिविधि अवैध ठहर

सर्वोच्च अदालतले दुई वर्षअघि भएको गैरआवासीय नेपाली संघ (एनआरएनए)को निर्वाचनलाई अस्वीकार गर्दै त्यसयताका सबै गतिविधिलाई अवैध ठहर गरेको छ। यो आदेशसँगै एनआरएनए दुई वर्षअघिको अवस्थामा फर्किएको छ।

(विस्तृत पृष्ठ ६ मा)

आन्तरिक कलहमै 'इन्डिया' गठबन्धन



भाजपा र उसका सहयोगीले लगभग सम्पूर्ण उम्मेदवारको सूचीलाई अन्तिम रूप दिइसक्दा विपक्षी 'इन्डिया' गठबन्धनभित्र भने सिट बाँडफाँटकै बार्गेनिङ चलिरहेको छ

(विस्तृत पृष्ठ ५ मा)

■ मानव तस्करीको ट्रान्जिट बन्दै नेपाल



भारतीय, बंगलादेशी र पाकिस्तानीलाई बन्धक बनाएर असुल्ने गिरोह सक्रिय

(विस्तृत पृष्ठ ३ मा)



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

वीरका ३० आइसियू बेड बन्द

जनशक्ति अभाव भन्दै देशकै ठूलो वीर अस्पतालका ५९ मध्ये आधा आइसियू बेड चार महिनादेखि बन्द गरिएपछि बिरामी मारमा, केही गम्भीर बिरामी इमर्जेन्सीमै पालो कुर्दै छन् भने केहीलाई गेटबाटै फर्काइँदै छ

धनगढीका रोकायालाई वीरको गेटबाटै फर्काइयो

मिर्गौलासम्बन्धी समस्याले ग्रस्त धनगढीका ध्रुव रोकायालाई आफन्तले बुधबार बिहान वीरको इमर्जेन्सी कक्षको गेटतर्फ लैजाँदै थिए। आइसियूमा उपचार गराउनुपर्ने अवस्थाका उनलाई गेटमै रोकेर गार्डले भने, 'आइसियू बेड खाली छैन, बरु टिचिङतिर लैजानुस्।' बिरामीको अवस्थाबाट आत्तिएका आफन्तले रोकायालाई टिचिङतिरै दौडाए।

आइसियूको पालो कुर्दै नेपालगञ्जकी आरती

नेपालगन्ज घर भएकी ३५ वर्षीया आरती देवीलाई पनि आइसियू बेडको आवश्यकता छ। उनलाई मंगलबार विष सेवन गरेपछि उपचारका लागि वीरमा ल्याइएको थियो। तर, आइसियूमा बेड खाली नहुँदा उनलाई इमर्जेन्सीमै राखिएको छ। उनको उपचारमा खटिएका नर्सहरूले बिरामीको अवस्था हेर्दा आइसियूमा लैजानुपर्ने भए पनि बेड खाली नहुँदा इमर्जेन्सीमै राखिएको बताए। 'बिरामी सिकिस्त भए पनि आइसियूमा बेड खाली नभएकाले सार्न सकिएको छैन,' एक नर्सले भनिन्, 'बेड छन्, तर जनशक्ति अभावमा बन्द छन्, यता बिरामी छटपटाइरहेका छन्।'

शिवहरि घिमिरे / नयाँ पत्रिका

देशभरका खासगरी विपन्न बिरामीको भिड लाग्ने देशकै जेठो अस्पतालमा गम्भीर बिरामीको उपचार गरिने ३० आइसियू बेड चार महिनादेखि बन्द छन्। कुल ५९ आइसियू बेड रहेकोमा स्वास्थ्य जनशक्तिको अभाव हुँदा आधाभन्दा धेरै बेड बन्द भएका हुन्।

हाल अस्पतालमा आठ मेडिकल आइसियू बेड छन्। त्यमध्ये दुईवटा थन्क्याएर राख्नुपर्ने बाध्यता छ। त्यस्तै, सर्जिकलतर्फका १८ आइसियू बेडमध्ये १० बेड प्रयोगविहीन छन्। न्युरोतर्फ नौ आइसियू बेड रहेकामा चार प्रयोगविहीन छन्। ग्यास्ट्रोहेपाटो आइसियूतर्फका सबै ११ बेड थन्किएका छन्। अस्पताल प्रशासनका अनुसार कार्डियोलोजीका दुई आइसियू र एक बेड सिसियूमा

» पृष्ठ २ मा क्रमशः

■ आइसियूमा उपचार गर्नुपर्ने ब्रेन ह्यामरेज भएकी महोत्तरीकी निर्मला देवी दुई दिनदेखि इमर्जेन्सीमै



महोत्तरीकी ४५ वर्षीया निर्मला देवी दुई दिनदेखि वीरको इमर्जेन्सी बेडमा छटपटाइरहेकी छिन्। मंगलबार बिहानदेखि इमर्जेन्सी कक्षको 'आर ५' बेडमा उपचाररत उनलाई ब्रेन ह्यामरेज भएको छ। जतिसक्दो छिटो आइसियूमा लगेर राख्नुपर्ने सुझाव चिकित्सकले दिइरहेका छन्। तर, आइसियू बेड खाली नै छैन। कतिवेला आइसियू पाइएला भनेर बिरामी निर्मला देवीका आफन्त (भतिजा) वीरेन्द्र यादव पालो कुरिरहेका छन्। 'दुई दिन भइसक्यो उहाँको होस छैन, यहाँबाट अन्त लैजाऊँ भने पनि झन् जोखिम हुन्छ, निजीमा लैजान आर्थिक हैसियत कमजोर छ,' यादवले भने, 'अस्पतालले बिरामीको अवस्था बुझेर छिटो आइसियूमा सारिदिए हुन्थ्यो।'

वीरका निर्देशक **डा. सन्तोष पौडेल** भन्छन्-

भएजति आइसियू बेड सञ्चालन गर्न सके बिरामी फर्काउनुपर्दैन



वीरमा जम्मा आइसियू बेडसंख्या ५९ हो, तर जनशक्ति अभाव हुँदा ३० वटा बन्द गर्नुपरेको छ। मुख्यत नर्सिङ जनशक्तिको अभावमा आइसियू बेड बन्द गर्नुपर्ने बाध्यता भयो। बिरामी बेड नपाएर छटपटाइरहेको अवस्था देख्दा पनि बेड छैन भनेर फर्काउनुपर्दा नराम्रो अनुभूति हुन्छ। भएजति आइसियू बेड सञ्चालन गर्न सके आएका बिरामीलाई फर्काउनुपर्ने अवस्था हुँदैन। मन्त्रीज्यू हाम्रो समस्यामा गम्भीर र सकारात्मक देखिनुभएको छ, सायद अब समाधान होला। जनशक्ति र आवश्यकताअनुसारको बजेट भयो भने हामीले वीरलाई सहज बनाउन सक्छौं।

वीरका नौ सय ५० मध्ये ६ सय ५० बेड मात्रै सञ्चालनमा

जीवन जोगिने भरोसा राखेर गम्भीर अवस्थामा पुगेका कतिपय बिरामीलाई आइसियू बेड नभएको भन्दै सुरक्षागार्डले गेटबाटै फर्काइदिने गरेका छन् भने कतिपय बिरामी इमर्जेन्सीमा छटपटाइरहेका छन्। निवर्तमान स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले चार महिनाअघि एकैपटक तीन सय स्वास्थ्य जनशक्ति हटाएपछि आइसियूसँगै सबैगरी तीन सय बेडको सेवा ठप्प छ। कुल नौ सय ५० बेडको वीरमा हाल ६ सय ५० बेड मात्रै सञ्चालनमा छन्। पूरै बेडमा सेवा दिन दुई सय ५० नर्स र १० एनेस्थेसियोलोजिस्ट (अप्रेसनका लागि बिरामी बेहोस गराउने डाक्टर) आवश्यक पर्ने अस्पतालले जनाएको छ। वीरमा हाल १७ एनेस्थेसियोलोजिस्ट र करिब चार सय नर्स छन्। तर, बिरामीको संख्या हेर्दा यो जनशक्ति निकै कम हो।

■ आरक्षपीडितको पुनर्स्थापनाका लागि ३२औं आयोग

अध्यक्षले डेढ महिनासम्म बुझेनन् नियुक्ति

■ अध्यक्ष राजेन्द्र सुवेदी भन्छन्- तलब-भत्ता खानैका लागि मात्र नेतृत्वमा बस्दिनँ



नियुक्ति बुझ्दिनँ, अर्को विकल्प खोज्न वन मन्त्रालयलाई भनेको छु। उपसचिवस्तरमा नापी, मालपोत र वनका कर्मचारी नभई कसरी काम गर्नु ? पदेन सदस्यको भरमा काम गर्न सकिँदैन। तलब-भत्ता खानैका लागि मात्र आयोगको नेतृत्वमा बस्दिनँ।

नयाँ पत्रिका

तत्कालीन शुक्लाफाँटा आरक्षपीडितको पुनर्स्थापनाका लागि सरकारले मन्त्रिपरिषद् बाटै बनाएको आयोगका अध्यक्षले कर्मचारी र गाडी सुविधालगायतमा असन्तुष्टि जनाउँदै नियुक्ति बुझ्न अस्वीकार गरेका छन्। ६ फागुनको मन्त्रिपरिषद् बैठकले उच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्र सुवेदीको अध्यक्षतामा अधिकारसम्पन्न न्यायिक आयोग गठन गरेको थियो। तर, सरकारले कर्मचारी, गाडी सुविधा नदिएको र पदेन सदस्यका भरमा आयोग

» पृष्ठ २ मा क्रमशः



आरक्ष विस्तार गर्दा भएका विस्थापित अहिले पनि सार्वजनिक जग्गामा टहरा बनाएर बसेका छन्।

■ आरक्षपीडितको टोली काठमाडौं आउँदै

कञ्चनपुरका आरक्षपीडित काठमाडौं आउँदै छन्। यसअघि पीडितहरू काठमाडौं आएर माइतीघरमा अनशन बस्दा सरकारले अधिकारसम्पन्न न्यायिक आयोग गठन गरेको थियो। तर, गठन भएको सात महिनासम्म पनि आयोगले काम नथालेको भन्दै पीडितहरू दबाब दिन काठमाडौं आउन लागेका हुन्। आरक्षपीडित संघर्ष समितिका सचिव प्रेमदत्त भट्टले पीडितहरूको टोली बुधबार काठमाडौं प्रस्थान गरेको बताए। काठमाडौंमा रहँदा टोलीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, प्रमुख सत्तारूढ एमाले अध्यक्ष केपी शर्मा ओली, उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने, विपक्षी दलका नेता शेरबहादुर देउवालगायतलाई भेट्ने कार्यक्रम छ।

प्रदेशहरूमा नयाँ सरकार गठनको कोर्स

सुदूरपश्चिम, लुम्बिनी र गण्डकीमा तस्बिर धुमिल

नागरिक उन्मुक्तिको विवादले सुदूरपश्चिम सरकार धरापमा, नयाँ समीकरणलाई पनि संकट



माओवादी र एकीकृत समाजवादीले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका मुख्यमन्त्री कमलबहादुर शाहले बिहीबार प्रदेश सभाबाट विश्वासको मत लिँदै छन्। नागरिक उन्मुक्तिको विवादले सरकार धरापमा छ। नागरिक उन्मुक्तिका एकजना सांसद पनि अनुपस्थित भए मुख्यमन्त्रीले विश्वासको मत पाउने अवस्था छैन। ५२ सदस्य रहेको प्रदेश सभामा बहुमतका लागि २७ मत आवश्यक पर्छ।

कर्णालीमा मुख्यमन्त्रीको राजीनामा, नयाँ सरकारका लागि बहुमत सहज



कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले बुधबार राजीनामा दिएपछि केन्द्रको समझदारीअनुसार एमालेलाई सरकारको नेतृत्व लिन बाटो खुलेको छ। ४० सदस्यीय कर्णाली प्रदेश सभामा बहुमतका लागि कम्तीमा २१ सांसद आवश्यक पर्दछ। गठबन्धनमा रहेका दल माओवादीका १३, एमालेका १० र एकीकृत समाजवादीको एक गरी २४ जना छन्।

लुम्बिनीमा कोर्स परिवर्तन टुंगो लाग्दै, नयाँ सरकार बनाउन गठबन्धनलाई हम्मे



मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले बिहीबारै विश्वासको मत लिने तयारी गरे पनि अंकगणित अनुकूल छैन। नयाँ समीकरणमा रहेका पाँच दललाई पनि संसदीय अंकगणित प्रतिकूल नै छ। ८७ सदस्यीय प्रदेश सभामा बहुमतका लागि ४४ सिट आवश्यक पर्छ। प्रदेश सभाको अंकगणितअनुसार एमालेको २९, माओवादीको नौ, जसपा तीन र एकीकृत समाजवादी एकसहित जम्मा ४२ सिट मात्र पुग्छ। नागरिक उन्मुक्ति पार्टीको चार सिट थपिएको अवस्थामा ४६ सिटसहित बहुमत पुग्छ।

गण्डकीमा मुख्यमन्त्रीको राजीनामा, राप्रपाको निर्णयले नयाँ सरकार गठन जटिल



मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बुधबार राजीनामा दिएसँगै नयाँ सरकार गठन प्रक्रिया सुरु भएको छ। प्रदेश प्रमुखले सरकार गठनका लागि आह्वान गरिसकेका छन्। एमालेले नेतृत्व पाउने केन्द्रमा समझदारी भए पनि ६० सदस्य भएको प्रदेश सभामा २२ सदस्य रहेको एमाले, सभामुखसहित आठ सदस्य रहेको माओवादीको सभामुखबाहेक सात गरेर २९ सदस्य पुग्छ। दुई सदस्य रहेको राप्रपाले साथ दिए बहुमत पुग्ने अवस्था छ।

बागमती सरकारले पायो निरन्तरता, मुख्यमन्त्रीले लिइसके विश्वासको मत



नयाँ समीकरणको भागबन्डामा बागमतीको नेतृत्व माओवादी केन्द्रले पाएलगत्तै सोमबारै मुख्यमन्त्री शालिग्राम जम्कट्टेलले विश्वासको मत लिएका छन्। एमालेबाट पाँच र नेकपा एसका दुई तथा हाम्रो नेपाली पार्टीका एकजनालाई समेटेर उनले मन्त्रिपरिषद्समेत पुनर्गठन गरेका छन्।

मधेश सरकारको नेतृत्वमा जसपाको निरन्तरता, मन्त्रिपरिषद् पुनर्गठन



एक सय सात सदस्यीय मधेश प्रदेशमा केन्द्रमा समीकरण फेरिए पनि जसपाले नै सरकारको नेतृत्व गर्ने सहमतिअनुसार मुख्यमन्त्री सरोजकुमार यादवले नै निरन्तरता पाएका छन्। नयाँ समीकरणअनुसार उनले एमालेलाई समेटेर मन्त्रिपरिषद् पुनर्गठन गरेका छन्। माओवादी र एकीकृत समाजवादी सरकारमै छन्।

कोशीमा कोर्स परिवर्तनको तयारी, तर हुन सक्छ संवैधानिक जटिलता



माओवादी, एकीकृत समाजवादी र जसपाको समर्थन सरकारलाई कायमै रहेकाले फिर्ता लिएलगत्तै नयाँ समीकरणअनुसार सरकार गठन हुन सक्छ। ९३ सदस्यीय प्रदेश सभा रहेको कोशीमा कांग्रेसका केदार कार्की मुख्यमन्त्री छन्। उनी संविधानको धारा १६८ (५) अन्तर्गत मुख्यमन्त्री भएका हुन्। त्यसैले नयाँ सरकार गठनलाई लिएर संवैधानिक जटिलता आउन पनि सक्छ।

समाचार पृष्ठ २ मा

प्रधानाध्यापकद्वारा छात्रामाथि निर्घात कुटपिट

भापामा **चिरञ्जीवी घिमिरे**

झापाको कमल गाउँपालिका- ५ स्थित मंगलमय माध्यमिक विद्यालयका प्रधानाध्यापक मोहन बगालेले कक्षा ११ मा अध्ययनरत छात्रा निर्जला बाँस्कोटालाई निर्घात कुटपिट गरेका छन्। उनले मंगलबार आफ्नै कार्यकक्षमा ल्याएर कुटेका हुन्।

फेसबुक स्टाटसमा कमेन्ट गरेको निहुँमा प्रधानाध्यापक बगालेले कुटपिट गरेको ती बालिकाले बताइन्। 'फेसबुकमा हेडसरलाई गाली गरेर लेखेको एउटा स्टाटस थियो। त्यसमा मैले थोरै भएन र भनेर कमेन्ट गरेकी थिएँ,' निर्जलाले भनिन्, 'मंगलबार स्कुलको अफिसमा हेडसरले खानेपानीको नाला (पाइप)ले खुट्टामा कुट्नुभयो।'

कुटपिटबाट बालिकाको खुट्टामा निलडाम भएको छ। कुटपिटपछि अभिभावक बोलाएर कागज गरेर उनलाई विद्यालयबाट निकालिएको गुनासोसमेत गरिन्। 'मलाई कुटेपछि बुबालाई बोलाएर कागजमा साइन गर्न लगाइयो। अब स्कुल नआउनू भन्नुभएको छ,' उनले भनिन्।

छोरीलाई कुटपिट गरेपछि तत्कालै आफूलाई विद्यालय बोलाइएको उनका बुबा नवराज बाँस्कोटाले बताए। 'मलाई फोन आयो। पाँच मिनेटमा जसरी पनि आइपुग्नुपर्छ, अरू म जान्दिनँ भनियो। म जाँदा स्टाटसमा कमेन्ट गरेको कुरा निस्कियो,' उनले भने, 'एउटा कागज गरेर मलाई दायाँ-बायाँ सही र ल्याप्चे पनि हनाए। त्यो स्टाटस लेख्ने केटालाई पनि म त्यहीँ हुँदाहुँदै पाइपले तीनपटक हाने। छोरीले गलत गरेको भए कानुनी रूपमा सजाय भोग्न तयार हो। तर, यसरी कुट्न पाइँदैन।

» पृष्ठ २ मा क्रमशः



कुटपिटबाट बालिकाको खुट्टामा भएका निलडाम

■ पीडित छात्राले भनिन्- कुटेपछि अब स्कुल नआउन भन्नुभएको छ

फेसबुकमा हेडसरलाई गाली गरेर लेखेको एउटा स्टाटस थियो। त्यसमा मैले थोरै भएन र भनेर कमेन्ट गरेकी थिएँ। मंगलबार स्कुलको अफिसमा हेडसरले खानेपानीको नाला (पाइप)ले खुट्टामा कुट्नुभयो। कुटेपछि बुबालाई बोलाएर कागजमा साइन गर्न लगाइयो। अब स्कुल नआउनू भन्नुभएको छ।

■ प्रधानाध्यापक प्रहरी नियन्त्रणमा



कुटपिट गर्ने प्रधानाध्यापक मोहन बगालेलाई पीडित विद्यार्थीको निवेदनका आधारमा प्रहरीले नियन्त्रणमा लिएको छ। उनलाई इलाका प्रहरी कार्यालय दमकमा राखिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक कृष्ण चन्दले जानकारी दिए। यद्यपि, पीडितबाट जाहेरी भने नआएको बताए। 'जाहेरी आएको छैन। तर, हामीले शिक्षकलाई सोधपुछका लागि नियन्त्रणमा लिएका छौं,' उनले भने, 'बालिकाको पिँडुलामा निलडाम छ। उपचारका लागि अस्पताल पठाएका छौं।'

वीरका ३०...

पृष्ठ १ बाट क्रमशः

उपचार हुन सकेको छैन। वीरमा भएका ५९ वटै आइसियू बेडमा आवश्यकताअनुसार भेन्टिलेटर प्रयोग गर्न सकिने सुविधा छ।

'वीरमा जम्मा आइसियू बेडसंख्या ५९ हो, तर जनशक्ति अभाव हुँदा ३० वटा बन्द गर्नुपरेको छ। मुख्य त नर्सिङ जनशक्तिको अभावमा आइसियू बेड बन्द गर्नुपर्ने बाध्यता भयो,' अस्पताल निर्देशक डा. सन्तोष पौडेलले भने, 'बिरामी बेड नपाएर छटपटाइरहेको अवस्था देख्दा पनि बेड छैन भनेर फर्काउनुपर्दा नराम्रो अनुभूति हुन्छ। भएजति आइसियू बेड सञ्चालन गर्न सके आएका बिरामीलाई फर्काउनुपर्ने अवस्था हुँदैन।' निर्देशक डा. पौडेलका अनुसार स्वास्थ्य जनशक्ति अभावमा आइसियूसँगै सबै गरी तीन सय बेड खाली छाड्नुपरेको छ। त्यस्तै, दैनिक ९० जनासम्म बिरामीको अप्रेसन हुने गरेकामा पछिल्लो समय ४० वटा मात्रै अप्रेसन भएको छ।

जीवन जोगिने भरोसा राखेर गम्भीर अवस्थामा पुगेका कतिपय बिरामीलाई आइसियू बेड नभएको भन्दै सुरक्षागार्डले गेटबाटै फर्काइदिने गरेका छन् भने कतिपय बिरामी इमर्जेन्सीमा छटपटाइरहेका छन्। निवर्तमान स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले चार महिनाअघि एकैपटक तीन सय स्वास्थ्य जनशक्ति हटाएपछि आइसियूसँगै सबैगरी तीन सय बेडको सेवा ठप्प छ। कुल नौ सय ५० बेडको वीरमा हाल ६ सय ५० बेड मात्रै सञ्चालनमा छन्। पूरै बेडमा सेवा दिन दुई स्य ५० नर्स र १० एनेस्थेसियोलोजिस्ट (अप्रेसनका लागि बिरामी बेहोस गराउने डाक्टर) आवश्यक पर्ने अस्पतालले जनाएको छ।

'मन्त्रीज्यू हाम्रो समस्यामा गम्भीर र सकारात्मक देखिनुभएको छ, सायद अब समाधान होला,' उनले भने, 'जनशक्ति र आवश्यकताअनुसारको बजेट भयो भने हामीले वीरलाई सहज बनाउन सक्छौँ।'

वीरमा हाल १७ एनेस्थेसियोलोजिस्ट र करिब चार सय नर्स छन्। तर, बिरामीको संख्या हेर्दा यो जनशक्ति निकै कम हो। निर्देशक डा. पौडेलका अनुसार वीरमा अप्रेसन गर्न आएका बिरामी नफर्काउने गरी सेवा दिने हो भने १० एनेस्थेसियोलोजिस्ट र दुई सय ५० जना नर्स थप्नुपर्ने अवस्था छ। यसबारे स्वास्थ्यमन्त्री उपेन्द्र यादवलाई समेत जानकारी गराइसकेको उनले बताए। अस्पतालका मेडिकल स्टोर प्रमुख टीकाराम पनेरूका अनुसार रेस्पिरेटरी आइसियूमा एसी बिग्रिएको छ।

प्रधानाध्यापकद्वारा...

पृष्ठ १ बाट क्रमशः

यसरी कुट्ने हेडसरलाई कानुनी कारबाही हुनुपर्छ।' मंगलमय माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तीर्थ थापाले बालिकामाथि कुटपिट भएको स्वीकार गरे। यसरी बालिकामाथि कुटपिट हुनु गलत भएको बताए पनि उनले यो विषय मंगलबार नै अभिभावकसँग कागज गरेर मिलाएको दाबी गरे। 'म मंगलबार विद्यालयमा थिइनँ। विषय बुधबार थाहा पाएँ, अभिभावक नै आएर समझदारी कायम भएको रहेछ,' उनले भने, 'कसले के स्वार्थमा, के गर्‍यो भन्ने विषयमा हाम्रो आपत्ति हो। कुटपिट गलत भयो भन्ने कुरा मेरो पनि हो।'

प्रधानाध्यापक बगालेले विगतदेखि नै विद्यार्थीमाथि कुटपिट गर्दै आएका थिए। कमल गाउँपालिका स्रोतका अनुसार यसअघि पनि बालबालिकालाई कुटपिट गरेको गुनासो आएको थियो। विद्यालयमा अनुगमन गर्दै जनप्रतिनिधिको टोलीले विद्यार्थीमाथि कुटपिट नगर्न निर्देशन दिइएको कमल गाउँपालिका स्रोतले जनाएको छ।

कमल गाउँपालिकाका शिक्षा शाखा प्रमुख सूर्यप्रसाद न्यौपानेले विद्यालयमा गएर प्रधानाध्यापकसँग बुझ्दा फेसबुकमा अभद्र गाली गरेपछि कुटपिट गरिएको पाइएको बताए। उनले यति निर्मम ढंगले कुटपिट गर्नु गलत भएको बताए। 'हामीले विद्यालय पुगेर नै बुझ्यौँ। सामाजिक सञ्जालमा अभद्र गाली गरेपछि कुटेको स्वीकार पनि गर्नुभयो। उहाँले कागज गरेर अभिभावकलाई जिम्मा लगाएर पठाएको पायौँ,' उनले भने, 'अरू माध्यमबाट कारबाही गर्न सकिन्थ्यो। कुट्नु गलत भयो। निलडाम हेर्दा त्यो ढंगले कुटपिट गर्नु हुँदैन थियो।' शिक्षा समितिको बैठकले घटनालाई छानबिन गर्न कमल- ५ का वडाध्यक्ष लालबहादुर विष्टको संयोजकत्वमा पाँचसदस्यीय समिति बनाएको शाखा प्रमुख न्यौपानेले बताए।

बालेनविरुद्ध फेसबुकमा स्टाटस लेख्ने महानगरका कर्मचारीविरुद्ध साइबर अपराधको मुद्दा

नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साहलाई आक्षेप लगाएर फेसबुकमा स्टाटस लेखेको भन्दै महानगरपालिकाकै कर्मचारीविरुद्ध प्रहरीले विद्युतीय कारोबार ऐनअनुसार मुद्दा दायर गरेको छ। हाल निलम्बनमा रहेका स्वास्थ्य विभागका प्रमुख रामप्रसाद पौडेलविरुद्ध मंगलबार जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गरिएको हो।

करारका कर्मचारी नियुक्तिमा किर्ते गरेको भन्दै पौडेललगायतका कर्मचारीलाई मेयर साहले निलम्बन गरेका थिए। सो प्रकरणपछि पौडेलले फेसबुकमा मेयरविरुद्ध स्टाटस लेखेका थिए। सोही आधारमा उनीविरुद्ध मुद्दा दायर भएको हो। पौडेलले फेसबुकमा 'मेयर बालेनले नियुक्ति गरेका एक सय ६६ जना र निजहरूले दुई वर्षमा खाएको करिब एक अर्ब फिर्ता गर्नुपर्छ, यो नगरवासीले तिरेको कर हो' भनेर लेखेका थिए। स्टाटसले महानगरपालिकाविरुद्ध द्वेष फैलाएको भन्दै प्रहरीले मुद्दा दायर गरेको हो।

अभियोगपत्रमा भनिएको छ, 'काठमाडौं महानगरपालिकामा मेयर तथा कर्मचारीलगायत सिंगो महानगरपालिकाप्रति नैतिकता र शिष्टचारविरुद्धका सामग्री घृणा वा द्वेष फैलाउने उद्देश्यले महानगरपालिका र समुदायबीचको सुमधुर सम्बन्धलाई खलल पार्ने गरी तथ्यहीन, गलत तथा भ्रामक स्टाटस लेखी महानगरपालिकाको गरिमा तथा छविमा आँच आउने पोस्ट गरी विद्युतीय कारोबारको कसुर गरेको वारदात स्थापित हुन आयो।' प्रहरीसँगको बयानमा पौडेलले आवेगमा आएर स्टाटल लेखेको र महानगरपालिकाविरुद्ध घृणा फैलाउने आफ्नो उद्देश्य नरहेको बताएका छन्।

पौडेललाई मेयर साहले गत १६ पुसमा निलम्बन गरेका थिए। उनलाई सेवाबाटै हटाउन प्रदेश लोकसेवा आयोगसँग परामर्श गरेकोमा प्रदेश लोकसेवाले हटाउन नमिल्ने राय दिएको थियो। यही विषयमा मेयर साहसँग मनमुटाव हुँदा स्टाटस लेखेको पौडेलले बयानमा बताएका छन्। बयान गराएर प्रहरीले पौडेललाई हाजिरी जमानीमा छाडेको थियो। तर, अहिले सम्पर्कविहीन भएको भन्दै फरार प्रतिवादी बनाएर मुद्दा दायर गरिएको छ। यसमा मेयर साह आफैँले भने निवेदन दिएका थिएनन्। सम्मित पोखरेलको जाहेरीका आधारमा जिल्ला प्रहरी परिसर टेकुले सरकारी वकिलमार्फत मुद्दा दायर गरेको हो। स्रोतका अनुसार बालेनकै निर्देशनमा पोखरेलले जाहेरी दिएका हुन्।

महानगरको १९ नम्बर वडामा रहेको स्वास्थ्य प्रवर्द्धन केन्द्रमा नियमविपरीत कर्मचारी भर्ना गरेको प्रकरणमा मेयर साहले पौडेल, आफ्नै सचिवालयका प्रमुख नूरनिधि न्यौपाने र वरिष्ठ शाखा अधिकृत भगवती बिडारीलाई निलम्बन गरेका थिए। महानगरपालिकाले विगतकै पाँच कर्मचारीलाई निरन्तरता दिने निर्णय गरेकोमा त्यसविपरीत वरिष्ठ शाखा अधिकृत भगवती बिडारीकी छोरीलाई नर्समा नियुक्ति दिलाएको विषयमा उनीहरूमाथि कारबाही भएको थियो। सोही प्रकरणमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीलाई समेत मेयर साहले हटाएका थिए। यो घटनामा कर्मचारीहरूमाथिको कारबाही अझै टुंगिएको छैन।

प्रदेशहरूमा नयाँ सरकार गठनको कोर्स

सुदूरपश्चिम, गण्डकी र लुम्बिनीमा तस्बिर धुमिल

धनगढीमा **तेजराज भट्ट**, सुर्खेतमा **रमेश रावल**, पोखरामा **रोहितराज पराजुली** र काठमाडौंमा **शुरोजंग पाण्डे**

संघीय सरकारमा एमाले र माओवादीसहित पाँचदलीय गठबन्धन बनेसँगै प्रदेशहरूमा नयाँ सरकार गठनका कोर्स सुरु भएका छन्। सहमतिअनुसार कतै मुख्यमन्त्रीले विश्वासको मत लिएका छन् भने कतै राजीनामा गरेका छन्। तर, सुदूरपश्चिम, गण्डकी र लुम्बिनीमा नयाँ सरकार गठनको प्रस्ट तस्बिर अझै देखिएको छैन। कोशीमा नयाँ सरकार गठनका लागि संवैधानिक जटिलताको जोखिम छ।

सुदूरपश्चिम, गण्डकी र लुम्बिनीमा राप्रपा, नागरिक उन्मुक्ति पार्टी निर्णायक देखिएकाले पाँचदलीय समीकरणको नयाँ कोर्स परिवर्तनले सबै प्रदेश सरकारमा साकार पाउने/नपाउने निश्चित छैन। बरु, सुदूरपश्चिममा नागरिक उन्मुक्तिभित्र अध्यक्ष रञ्जिता श्रेष्ठ पक्ष र रेशम चौधरी पक्षबीचको विवाद प्रदेश सभा सदस्यको कारबाहीसम्म पुगेपछि मुख्यमन्त्रीले राजीनामा नदिँदै नयाँ सरकार गठन प्रक्रियामा जटिलता थपिएको छ।

कोशीमा कोर्स परिवर्तनको तयारी, तर हुन सक्छ संवैधानिक जटिलता : नयाँ समीकरणअनुसार सहजै सरकार बन्न सक्ने भएकाले कोशी प्रदेशमा कोर्स परिवर्तनको तयारी सुरु भएको छ। माओवादी र एकीकृत समाजवादीले मन्त्री फिर्ता बोलाएर सरकारलाई अल्पमतमा पार्ने गरी तयारी सुरु गरेका हुन्। सरकारमा माओवादीबाट तीन र एकीकृत समाजवादीबाट एक मन्त्री बनेका छन्। तर, गठबन्धनका नेताहरू सरकार परिवर्तनको प्रक्रियामा लागिसकेका छन्। माओवादी, एकीकृत समाजवादी र जसपाको समर्थन सरकारलाई कायमै रहेकाले फिर्ता लिएलगत्तै नयाँ समीकरणअनुसार सरकार गठन हुन सक्छ। 'माथिको समीकरणअनुसार अब चाँडै नयाँ कोर्स सुरु हुन्छ,' माओवादी प्रदेश सभा सदस्य दुर्गा चापागाईंले भने।

सत्तासमीकरणमा रहेका एमालेका ४०, माओवादी केन्द्रका १३, एकीकृत समाजवादीका चार र जसपाको एकसहित ५८ सिट पुग्ने भएकाले सहजै सरकार बन्न सक्छ। विपक्षी मोर्चामा कांग्रेसको २९, राप्रपाको ६ मत रहेको छ। ९३ सदस्यीय प्रदेश सभा रहेको कोशी प्रदेशमा कांग्रेसका केदार कार्की मुख्यमन्त्री छन्। उनी संविधानको धारा १६८ (५) अन्तर्गत मुख्यमन्त्री भएका हुन्।

मधेशमा जसपा नेतृत्वको सरकारको निरन्तरता : एक सय सातसदस्यीय मधेश प्रदेशमा केन्द्रमा समीकरण फेरिए पनि जसपाले नै सरकारको नेतृत्व गर्ने सहमतिअनुसार मुख्यमन्त्री सरोजकुमार यादवले नै निरन्तरता पाएका छन्। नयाँ समीकरणअनुसार उनले एमालेलाई समेटेर मन्त्रिपरिषद् पुनर्गठन गरेका छन्। माओवादी र एकीकृत समाजवादी सरकारमै छन्। यद्यपि, मन्त्रिपरिषद् हेरफेरमा माओवादी र एमालेबीच कुराकानी मिलिसकेको छैन। एमालेको २३, माओवादीको आठ, जसपाको १५, एकीकृत समाजवादीको सात र नेपाल संघीय समाजवादीको एक सिटसहित सरकारको बहुमत छ।

बागमतीको सरकारलाई निरन्तरता, मुख्यमन्त्रीले लिए विश्वासको मत : नयाँ समीकरणको भागबन्डामा बागमतीको नेतृत्व माओवादी केन्द्रले पाएलगत्तै सोमबारै मुख्यमन्त्री शालिग्राम जम्कट्टेलले विश्वासको मत लिएका छन्। एमालेबाट पाँच र नेकपा एसका दुई तथा हाम्रो नेपाली पार्टीका एकजनालाई समेटेर उनले मन्त्रिपरिषद्समेत पुनर्गठन गरेका छन्। मन्त्रिपरिषद् १३ सदस्यीय पुगेको छ। पछिल्लोपटक एकीकृत समाजवादीबाट मन्त्री बनेकी रमा आलेमगरले शपथ लिइसके पनि मन्त्रालयको जिम्मेवारी पाइसकेकी छैनन्।

गण्डकीमा मुख्यमन्त्रीको राजीनामा, राप्रपाको निर्णयपछि नयाँ सरकार गठन जटिल : अल्पमतमा परेका गण्डकी प्रदेशमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बुधबार राजीनामा दिएसँगै नयाँ सरकार गठन प्रक्रिया सुरु भएको छ। नयाँ सरकार गठनका लागि गण्डकीमा दुई सदस्य रहेको राप्रपा निर्णायक छ। तर, बुधबारै केन्द्रमा राप्रपाले सरकारमा सहभागी नहुने निर्णय गरेपछि नयाँ समीकरणमा रहेका दलहरूलाई चुनौती थपिएको छ।

एमालेले नेतृत्व पाउने केन्द्रमा समझदारी भए पनि ६० सदस्य भएको प्रदेश सभामा २२ सदस्य रहेको एमाले, सभामुखसहित आठ सदस्य रहेको माओवादीको सभामुखबाहेक सात गरेर २९ सदस्य पुग्छ। त्यसमा दुई सदस्य रहेको राप्रपाले साथ दिएको खण्डमा बहुमत सदस्य ३१ पुग्ने अवस्था रहेको छ।

उता, २७ सदस्य रहेको कांग्रेसले राप्रपाको दुई र स्वतन्त्र निर्वाचित राजीव गुरुङको एक गरी ३० सदस्यसँगै बहुमतका लागि आवश्यक एक सदस्यका लागि फ्लोर क्रस गराउनुपर्छ। राप्रपा दलका नेता पञ्चराम गुरुङले कुन दललाई समर्थन गर्ने-नगर्ने निर्णय नगरेको जानकारी दिँदै सरकार अहिले आफूहरूको प्राथमिकताको विषय नरहेको बताए।

कर्णालीमा मुख्यमन्त्रीको राजीनामा, नयाँ सरकारका लागि बहुमत सहज : कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले बुधबार राजीनामा दिएपछि केन्द्रको समझदारीअनुसार एमालेलाई सरकारको नेतृत्व लिन बाटो खुलेको छ। प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले राजीनामा दिन निर्देशन दिए पनि मुख्यमन्त्री शर्मा विश्वासको मत लिएर मात्र मार्गप्रशस्त गर्ने अडानमा थिए। तर, केन्द्रबाट पुन : दोहोरो दबाब परेपछि अन्ततः उनले राजीनामा दिए।

एमालेबाट संसदीय दलका नेता यमलाल कँडेल मुख्यमन्त्रीका दाबेदार छन्। उनले ०७४ पछि लगातार मुख्यमन्त्रीका लागि प्रयास गर्दै आएका थिए। ४० सदस्यीय कर्णाली प्रदेश सभामा बहुमतका लागि कम्तीमा २१ सांसद आवश्यक पर्दछ। गठबन्धनमा रहेका दल माओवादीका १३, एमालेका १० र एकीकृत समाजवादीको एक गरी २४ जना छन्। प्रदेश सभामा कांग्रेसका १५ र राप्रपाका एक सांसद छन्।

लुम्बिनीमा कोर्स परिवर्तन टुंगो लाग्दै, सरकार बनाउन हम्मे : लुम्बिनीमा बिहीबारका लागि प्रदेश सभा बैठक आह्वान भएको छ। कांग्रेसबाट निर्वाचित मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले बिहीबारै विश्वासको मत लिने तयारी गरेका छन्। तर, चौधरीले विश्वासको मत पाउने अंकगणित छैन। नयाँ समीकरणमा रहेका पाँच दलले लुम्बिनीमा माओवादीले सरकारको नेतृत्व लिने सहमति गरेका छन्। तर, नयाँ गठबन्धनका लागि पनि संसदीय अंकगणित प्रतिकूल नै छ। ८७ सदस्यीय प्रदेश सभामा बहुमतका लागि ४४ सिट आवश्यक पर्छ। प्रदेश सभाको अंकगणितअनुसार एमालेको २९, माओवादीको नौ, जसपा तीन र एकीकृत समाजवादी एकसहित जम्मा ४२ सिट मात्र पुग्छ। नागरिक उन्मुक्ति पार्टीको चार सिट थपिएको अवस्थामा ४६ सिटसहित बहुमत पुग्छ।

नागरिक उन्मुक्ति पार्टीभित्र विवाद छ। उसले समर्थन नगरेको अवस्थामा नयाँ गठबन्धनलाई बहुमतका लागि दुई सांसद चाहिन्छन्। तीन स्वतन्त्र सांसदमध्ये कम्तीमा दुईजनाको समर्थन लिन सके सरकार गठनको बाटो खुला हुन्छ। विपक्षी मोर्चामा कांग्रेस २७, राप्रपा चार, जनमत तीन, लोसपा तीन, जनमोर्चाको एक सिट रहेको छ।

नागरिक उन्मुक्तिमा विवादले सुदूरमा सरकार धरापमा, नयाँ समीकरणलाई पनि संकट : माओवादी र एकीकृत समाजवादीले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका मुख्यमन्त्री कमलबहादुर शाहले बिहीबार प्रदेश सभाबाट विश्वासको मत लिँदै छन्। विश्वासको मतको प्रयोजनका लागि दिउँसो ३ बजे बैठक आह्वान गरिएको छ।

नागरिक उन्मुक्तिको विवादले सरकार धरापमा छ। नागरिक उन्मुक्तिका एकजना सांसद पनि अनुपस्थित भए मुख्यमन्त्रीले विश्वासको मत पाउने अवस्था छैन। ५२ सदस्य रहेको प्रदेश सभामा बहुमतका लागि २७ मत आवश्यक पर्छ। मुख्यमन्त्री शाह कांग्रेसका १८, नागरिक उन्मुक्तिका सात, राप्रपाका एक र स्वतन्त्र सांसद तारा जोशीको समर्थनमा बहुमत पुर्‍याउने रणनीतिमा थिए। राप्रपाले पनि विश्वासको मतबारे बुधबारसम्म निर्णय गरिसकेको छैन। पार्टीका दुई समूहले सुदूरपश्चिम प्रदेश सरकारलाई विश्वासको मत दिने/नदिनेसम्बन्धी छुट्टाछुट्टै ह्विप जारी गरेका छन्। अध्यक्ष रञ्जिता श्रेष्ठले विश्वासको मतको विपक्षमा मतदान गर्न आफ्ना सांसदहरूका नाममा बुधबार ह्विप जारी गरेकी छिन्।

अध्यक्ष श्रेष्ठनिकट सांसद कैलाश चौधरीले आफू पार्टीको निर्णयको पक्षमा रहेको बताएका छन्। रेशम पक्षलाई लक्षित गर्दै उनले कुनै व्यक्तिको चाहनामा गरिने निर्णयका पछाडि आफू नलाग्ने बताए। 'पार्टीले गरेको निर्णय मानेर जाने हो,' उनले भने। 'यो सरकारलाई विश्वासको मत नदिने पार्टीले निर्णय गरेको छ,' संस्थापक केन्द्रीय सदस्य रामलाल डगौरा थारूले भने, 'मुख्यमन्त्री लिएर हामी नयाँ गठबन्धनमा सहभागी हुन्छौँ।'

अध्यक्ष श्रेष्ठले आफ्नो पार्टीका समानुपातिक प्रदेश सांसद इन्दिरा गिरीलाई पदबाट हटाउने निर्णय गरेकी छिन्। प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्रीसमेत रहेकी गिरीलाई सांसदबाट हटाउने निर्णयसहितको पत्र प्रदेश सभामा बुधबार दर्ता गरिएको छ।

नबिल बैंक लिमिटेड, घोराही शाखा, दाङको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८०/१२/२२)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/०५/१४ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी साबाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५)** दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **घोराही शाखा, दाङ**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७४/०६/०६ मा दर्ता नं. १७५८०८/०७४/०७५ अन्तर्गत दर्ता भएको **श्री शेरा निर्माण सेवा।**
ठेगानाः दाङ जिल्ला घोराही उ.म.न.पा वडा नं. १५, दाङ।

ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरणः

१. डिल्ली बहादुर बस्नेतको नाति ढक बहादुर बस्नेतको छोरा दाङ जिल्ला मानपुर गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा वडा नं. १५ बस्ने, ना.प्र.नं.५२२०२६/१८४७ (जारी मितिः २०६५/३/११, स्थान दाङ) भएका **श्री नारायण बस्नेत।**
२. अम्मर बहादुर खत्रिको नाति गिरिराज के.सी.को छोरा दाङ जिल्ला मानपुर गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा वडा नं. १५ बस्ने, ना.प्र.नं.५२२०२६/२१५० (जारी मितिः २०६६/७/१६, स्थान दाङ) भएका **श्री पारस के.सी।**
३. मान बहादुर डांगीको छोरी डिल्ली बहादुर बस्नेतको बुहारी ढक बहादुर बस्नेतको श्रीमती दाङ जिल्ला, बिजौरी गा.बि.स. वडा नं. ३ स्थायी घर भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा वडा नं. १५ बस्ने, ना.प्र.नं. १११४२/२९८९ (जारी मितिः २०३७/१२/११, स्थान दाङ) भएकी **श्रीमती नन्दा देवी बस्नेत।**
४. दौलत बहादुरको छोरी अम्मर बहादुर खत्रिको बुहारी गिरिराज के.सीको श्रीमती दाङ जिल्ला, धनी गाउँ पञ्चायत वडा नं. ५ स्थायी घर भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा वडा नं. १५ बस्ने, ना.प्र.नं. ४८४/१९८ (जारी मितिः २०४५/०१/१६, स्थान दाङ) भएकी **श्रीमती सुन्तली के.सी.।**
५. कासीराम बस्नेतको नाति डिल्ली बहादुर बस्नेतको छोरा दाङ जिल्ला बिजौरी गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा वडा नं. १५ बस्ने, ना.प्र.नं.१११४२/२९८८ (जारी मितिः २०३७/१२/११, स्थान दाङ) भएका **श्री ढक बहादुर बस्नेत।**
६. निम कान्त योगीको छोरी, गिरिराज के.सीको बुहारी पारस के.सीको श्रीमती दाङ जिल्ला सौडियार गा.वि.स वडा नं. ६ स्थायी घर भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा वडा नं. १५ बस्ने ना.प्र.नं. ३६-०१-७४-०३१६४ (जारी मितिः २०७४/०४/१६, स्थान नवलपरासी) भएका **श्रीमती सध्या योगी।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः

१. दाङ जिल्ला, बिजौरी गा.बि.स. वडा नं. ३ स्थायी घर भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा वडा नं. १५ बस्ने **श्रीमती नन्दा देवी बस्नेत**को नाममा दर्ता कायम रहेको दाङ जिल्ला घोराही न.पा वडा नं. १ सिट नं १ख स्थित कित्ता नं. क्रमशः ३५४५, ३५३९ र ३५३४ को क्षेत्रफल क्रमशः ०००६३.४०, ०००२९.१० र ०००६३.४० वर्ग मिटरमा भएको घर/जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।
२. दाङ जिल्ला, धनी गाउँ पञ्चायत वडा नं. ५ स्थायी घर भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा वडा नं. १५ बस्ने, **श्रीमती सुन्तली के.सी.** को नाममा दर्ता कायम रहेको दाङ जिल्ला मानपुर गा.वि.स वडा नं. २ सिट नं २क स्थित कित्ता नं. ७४६ र १३९८ को क्षेत्रफल १०६६.५४ र ६१२९.२० वर्ग मिटरमा भएको घर/जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

लिलाम बिक्री सम्बन्धी अन्यशर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** वा **घोराही शाखा, दाङ बाट कार्यालय** समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मिति २०८१/०१/०६ गते ५:०० बजे भित्र यस बैंकको घोराही शाखा, दाङमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०१/०७ गते ३:०० बजे बैंकको **घोराही शाखा, दाङ**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तो किएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोल कबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलामबिक्री गरिने सम्पत्तिको बारेमा थपजानकारी आवश्यक परेमा यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **घोराही शाखा, दाङ** मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

मोटरसाइकल हरायो

मिति २०८०/१२/१८ गते अ. १७:३० बजेको समयमा का.जि.का.म.न.पा. -३२ तिनकुने खुला चौर बाहिर पार्किङबाट बा.प्र. ०२-०४३ प ०५१७ नम्बरको राता कालो रंगको २२० सिसि पल्सर मोटरसाईकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

नाम : शेर बहादुर धामी
च्यासिस नं.:MD2A13EXXMCJ98111
इन्जिन नं. : DKXCMJ32454
सम्पर्क : ९८४३९५३९९२

मोटरसाइकल हरायो

मिति २०८०/४/७ गते अ. दिउँसो १:३० बजेको समयमा मुक्तिनाथ विकास बैंक को अगाडि घण्टाघर बीरगंज पर्सा बाट ना २६ प २५८५ नम्बरको हिरो कम्पनीको कालो रंगको १२४.७ सिसिको सुपर स्पेलेन्डर मोटरसाईकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

नाम : शिवम प्रोपर्टी ट्रेडर्स प्रा ली
च्यासिस नं.:MBLJA05EKD9F12711
इन्जिन नं. : JA05ECD9F12525
सम्पर्क : ९८५५०२२७५५, ०५१-५२१८७५

अध्यक्षले...

पृष्ठ १ बाट क्रमशः

चलाउन नसक्ने भन्दै सुवेदीले नियुक्ति नै नबुझेका हुन्। 'नियुक्ति बुझ्दिनँ, अर्को विकल्प खोज्न भनेर वन मन्त्रालयलाई भनेको छु,' सुवेदीले भने, 'उपसचिवस्तरमा नापी, मालपोत र वनका कर्मचारी नभई कसरी काम गर्नु ? पदेन सदस्यको भरमा काम गर्न सकिँदैन। तलब-भत्ता खानैका लागि मात्र आयोगको नेतृत्वमा बस्दिनँ।'

आयोगमा कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी, नापी कार्यालय, डिभिजन वन कार्यालयका प्रतिनिधि र शुक्लाफाँटा निकुञ्जका वार्डेन सदस्य छन्। सरकारले आयोगलाई तीन महिनाको समयसीमा दिएको थियो। तर, संयोजकले नै नियुक्ति नबुझेको डेढ महिना कटिसकेको छ। 'कम्तीमा ६ महिना समय चाहिन्छ भनेका थियौँ, त्यसको पनि सुनुवाइ भएन,' सुवेदीले भने। कञ्चनपुरबाट निर्वाचित एमाले सांसद तारा लामा तामाङले बुधबार प्रतिनिधिसभा बैठकमा बोल्दै न्यायिक आयोगलाई सुविधासम्पन्न बनाएर सरकारले अख्तियारी दिनुपर्ने र अर्थ मन्त्रालयले बजेट उपलब्ध गराउनुपर्ने माग राखे। '३२औँ न्यायिक आयोग बनेको छ, तर सरकारले कर्मचारी नदिने, बजेट नदिने अनि काम गर भनेर भनेको छ,' तामाङले भने, 'सरकार आयोग बनाउँछ, प्रतिवेदन कार्यान्वयन गर्दैन।'

वन तथा वातावरण मन्त्रालयका प्रवक्ता बद्री ढुंगानाले पनि आफूहरूले कर्मचारीसहितको सुविधा रहने गरी प्रस्ताव अगाडि बढाए पनि अर्थबाट कटौती भएको बताए। 'बजेट कटौती भएर नै उहाँले नियुक्ति लिनुभएको छैन, नियुक्तिपत्र वन तथा जलाधार महाशाखामा छ,' ढुंगानाले भने, 'अर्थले बजेटमा टाइट गरेको छ। पदेन सदस्य मात्र दिएको छ। गाडीबापत पनि यातायात सुविधा (भत्ता) मात्र छ। उहाँले इन्धनसहित गाडी र चालक माग्नुभएको छ।'

आरक्षपीडित काठमाडौंमै आएर आन्दोलनमा उत्रिएपछि गत भदौमा सरकारले अधिकारसम्पन्न न्यायिक आयोग गठन गर्ने निर्णय गरेको थियो। त्यसको ६ महिनापछि सुवेदीलाई अध्यक्षमा नियुक्त गरेको थियो। आरक्ष विस्तार गर्दा विस्थापित भएकालाई ठोस प्याकेज ल्याउने भन्दै सरकारले चार दशकमा ३१ वटा समिति, कार्यदल आयोग बनाएको थियो। तर, आरक्षपीडितको पुनर्स्थापना हुन सकेको छैन। ०२६ मा सिकार आरक्षका रूपमा स्थापना भएकामा ०३१ मा वन्यजन्तु आरक्षमा स्तरोन्नति गरिएको थियो। तर, ०३७ मा आरक्षलाई १५५ बाट ३०५ वर्गकिलोमिटरमा विस्तार गर्दा सात सय ३० परिवारलाई सट्टाभर्ना गर्नुपर्ने भए पनि राज्यले ४३ वर्षसम्म समस्या समाधान गरेको छैन। आरक्ष हाल राष्ट्रिय निकुञ्जमा परिणत भइसकेको छ।

विस्थापितको संख्या बढिरहेको छ। पाँच हजार दुई सय ५८ घरपरिवार (बाढीपीडितसहित) लाई सट्टाभर्ना गरिए पनि अझै एक हजार चार सय ८० परिवारलाई सट्टाभर्ना गर्न बाँकी नै छ। यो संख्या पनि घटबढ हुने ठानिएको छ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
भक्तपुर अस्पताल
भक्तपुर, नेपाल

सिलबन्दी दरभाउपत्र आब्हानको सूचना

(प्रकाशित मिति : २०८०/१२/२२)

आ.व.०८०/८१ मा यस अस्पतालमा **Dialysis सेवा संचालन गर्न तला थप गर्ने सम्बन्धी निर्माण कार्य** सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आय कर तथा मूल्य अभिबृदि कर (VAT) मा दर्ता भएका ईच्छुक फर्म , कम्पनी वा सप्लार्यसले यस अस्पतालबाट सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ । सूचना प्रकाशन भएको मितिले १६ औं दिन, दिनको १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र यस अस्पतालमा दर्ता गराई सक्नु पर्नेछ। रितपूर्वक पर्न आएका सिलबन्दी दरभाउपत्र सोही दिन, दिनको ठीक २:०० बजे यस अस्पतालमा खोलिने छ। सिलबन्दी दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो सम्बन्धी कार्य तत्पश्चात् कार्यालय खुलेको दिन सोही समयमा हुनेछ। यस सूचनामा उल्लेख भएका कुराहरु उल्लेख भए बमोजिम र उल्लेख हुन छुट भएका कुराहरू सिलबन्दी दरभाउपत्र, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित नेपालको कानून बमोजिम हुनेछ। विस्तृत जानकारीको लागि यस अस्पतालको सूचना पाटीमा हेर्नु हुन तथा कार्यालय समयमा यस अस्पतालमा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ।

तपशिलः

सि.न.	ठेक्का नं.	कामको विवरण	सिलबन्दी दरभाउपत्र फाराम दस्तुर रु.
१.	BHB/BHAKTAPUR/18/080-81	Dialysis सेवा संचालन गर्न तला थप गर्ने सम्बन्धी निर्माण कार्य	१०००।-

अस्पताल निर्देशक


■ मानव तस्करीको ट्रान्जिट बन्दै नेपाल

भारतीय, बंगलादेशी र पाकिस्तानीलाई बन्धक बनाएर असुल्ने गिरोह सक्रिय



■ **प्रेमप्रसाद दाहाल,** निर्देशक, अध्यागमन विभाग

बंगलादेशीहरू नेपाल आएर क्रोएसिया, रोमानियाजस्ता देशमा जाने प्रवृत्ति देखिन्छ। बंगलादेशी दूतावासले यसमा एनओसी (नो अब्जेक्सन लेटर) नचाहने जानकारी दिएको छ। त्यसकारण हामी रोक्ने र धेरै सोधखोज गर्दैनौं। नेपालबाट ठूलो संख्यामा बंगलादेशीहरू अन्य देश जाने गरेको देखिन्छ।



नवराज मैनाली/नयाँ पत्रिका

अन्तर्राष्ट्रिय मानव तस्कर समूहले नेपाललाई ट्रान्जिटका रूपमा दुरुपयोग गर्न थालेका छन्। भारतीय, बंगलादेशी तथा पाकिस्तानी नागरिकलाई अमेरिका, क्यानडा तथा युरोपियन देश लैजाने भन्दै नेपाल ल्याएर बन्धक बनाउने र ठगी गर्ने घटना बढेका छन्। खुकुलो भिसा नीति र खुला सीमाका कारण नेपाल यसरी ट्रान्जिट बन्न थालेको प्रहरीले जनाएको छ।

गत ८ चैतमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले पकनाजोलको निभाना ग्रिन पिस होटेलमा बन्धक बनाइएका तीन बंगलादेशीको उद्धार गरेको थियो। जुन गिरोहका पाँचजना बंगलादेशी नागरिकविरुद्ध अपहरणको कसुरमा प्रहरीले अनुसन्धान गरिरहेको छ। यासिर बंगला, नुरुल हुडा, समिम अहमद, मासुक बिल्लाह र प्रनयकुमार देवलाई प्रहरीले पक्राउ गरेको हो।

बंगलादेशी नागरिकलाई क्यानडा लैजाने भन्दै उनीहरूले कोलकाता हुँदै नेपाल ल्याएर बन्धक बनाएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सोमेन्द्रसिंह राठौरले बताए। होटेलमा बन्धक बनाएर बंगलादेशबाट फिरौती मागिरहेको अवस्थामा प्रहरीले पीडितको उद्धार गरी गिरोहका सदस्यलाई पक्राउ गरेको हो। बंगलादेशी नागरिकहरू नेपाल आउन भिसा चाहिने भए पनि उनी विनाभिसा नेपाल आएका थिए।

अवैध रूपमा बस्दै आएका अन्य पाँच बंगलादेशीलाई गत ११ चैतमा प्रहरीले सोह्रखुट्टे क्षेत्रबाट पक्राउ गरेको थियो। रिफाद अहमद, मोहम्मद अब्दुल्लाह, सामसुल हुडा, अब्दुल विश्वास र मासुम मियाँलाई प्रहरीले पक्राउ गरेको हो। उनीहरू एक वर्षभन्दा लामो समयदेखि नेपालमा अवैध रूपमा बस्दै आएको एसएसपी राठौरले बताए। अमेरिकालगायत देश जाने सपनामा उनीहरू नेपाल आई बसेका थिए। कतिपय बंगलादेशी भने भागेका थिए। 'नेपालबाट अन्य देश जान सहज हुने ठानेर बंगलादेशीले नेपाललाई ट्रान्जिट बनाएको देखिन्छ,' एसएसपी राठौरले भने। विगतमा पनि अवैध रूपमा बस्दै आएका तथा नक्कली कागजपत्रमा आएका बंगलादेशीहरू काठमाडौंमा पक्राउ पर्दै आएका छन्।

■ बंगलादेशीलाई तेस्रो देश पठाउने गिरोह काठमाडौंमा सक्रिय

बंगलादेशी नागरिकलाई तेस्रो देश पठाउने गिरोह नै काठमाडौंमा सक्रिय रहेको स्रोत बताउँछ। अध्यागमन विभागका निर्देशक प्रेमप्रसाद दाहाल बंगलादेशी नागरिकहरू तेस्रो देश लान नेपाललाई ट्रान्जिट बनाइरहेको स्वीकार्छन्। 'बंगलादेशीहरू नेपाल आएर क्रोएसिया, रोमानियाजस्ता देशमा जाने प्रवृत्ति देखिन्छ,' उनले भने, 'बंगलादेशी दूतावासले यसमा एनओसी (नो अब्जेक्सन लेटर) नचाहने जानकारी दिएको छ। त्यसकारण हामी रोक्ने र धेरै सोधखोज गर्दैनौं। नेपालबाट ठूलो संख्या बंगलादेशीहरू अन्य देश जाने गरेको देखिन्छ।'

भारतीयलाई पनि नेपाल ल्याएर बन्धक बनाउने गरेको घटना गत महिना प्रहरीले बाहिर ल्यायो। ३ फागुनमा अमेरिका लैजाने भन्दै ११ भारतीयलाई काठमाडौंमा बन्धक बनाएर फिरौती माग्ने भारतीय समूहलाई प्रहरीले पक्राउ गरेको थियो। जिल्ला प्रहरी परिसर, काठमाडौंले रातोपुलको एक घरबाट ११ भारतीयलाई उद्धार गरी त्यसमा संलग्न गिरोहलाई पक्राउ गऱ्यो। कोठामा बन्धक बनाई मेक्सिको पुऱ्याइसकेको भन्दै परिवारलाई फोन गर्न लगाएर उनीहरूले फिरौती मागेका थिए। गिरोहका आठजनाविरुद्ध मुद्दा दायर भइसकेको छ। खुला सीमाकै कारण भारतीय गिरोहले उनीहरूलाई नेपाल ल्याएर बन्धक बनाएको अनुसन्धानमा खुलेको थियो।

पाकिस्तानीमाथि पनि काठमाडौंमा यस्तै धन्दा हुने गरेको छ। एक वर्षअघि पाकिस्तानी नागरिकलाई क्यानडा लैजाने भन्दै काठमाडौंमा बन्धक बनाएको घटनामा प्रहरीले तीन पाकिस्तानीलाई पक्राउ गरेको थियो। सामी खानलाई ह्वाट्सएपमार्फत चिनजान भएका व्यक्तिले काठमाडौंमा बन्धक बनाएका थिए। क्यानडाको भिसा प्रक्रियाका लागि बायोमेट्रिक संकलनका लागि जाने भन्दै उनलाई ट्याक्सीमा राखेर तीन पाकिस्तानीले बुढानीलकण्ठस्थित एक घरमा पुऱ्याएर आँखामा पट्टी लगाई हातखुट्टासमेत बाँधेर बन्धक बनाए।

त्यसपछि पाकिस्तानमा रहेको खान परिवारसँग फिरौती माग्न थाल्ये। सामीका भाइलाई उनकै मोबाइलबाट फोन गरेर सुरुमा प्लेन उड्न लागेको आवाज सुनाए। क्यानडाको फ्लाइट सुरु हुन लागेको र अब ३० घण्टा मोबाइल अफ हुने भन्दै सामीलाई नै भाइसँग भन्न लगाए। भनेअनुसार नबताए मारिदिने धम्की दिए।

त्यसको ठीक ३० घण्टापछि सामीका भाइलाई म्यासेज पठाएर 'आफू (सामी) क्यानडा पुगेको र पैसा दिएपछि मात्र त्यहाँको अध्यागमनले प्रवेश दिने भएकाले ३० लाख पाकिस्तानी रुपैयाँ (करिब १७ लाख नेपाली) र २४ हजार युएई दिराम (करिब आठ लाख नेपाली) पाकिस्तानकै एक व्यक्तिलाई दिन' भनियो। यसरी फिरौती असुलेपछि उनीहरूले २६ पुसमा सामीलाई ट्याक्सीमा राखेर सिनामंगलस्थित सडकमा पुऱ्याई पाकिस्तान फर्कनू भन्दै फरार भएका थिए। जसमा प्रहरीले ३० वर्षीय मुहम्मद रसिद, ३५ वर्षीय मुहम्मद आसिफ र मुहम्मद फिदा हुसैनलाई पक्राउ गरी अपहरण र मानव बेचबिखन तथा ओसारपसार मुद्दा चलाएको थियो।

०७८ असोजमा पनि ललितपुरमा यस्तै घटना भएको थियो। क्यानडाको भिसा लगाइदिने भन्दै फैजन अहमदलाई पाकिस्तानबाट बोलाई बन्धक बनाएर २० हजार डलर फिरौती असुल्ने प्रयास भएको थियो। अपहरणमा संलग्न जेसन मोहम्मद र ताज रिसवालाई प्रहरीले पक्राउ गरेको थियो। पीडितलाई धापाखेलको एक घरमा बन्धक बनाइएको थियो, तर उनी बन्धक बनाइएको घरबाट भाग्न सफल भएका थिए।

पाकिस्तानी नागरिकले नेपालमा अनअराइभल भिसा पाउने भएकाले पनि यसरी उनीहरूले ट्रान्जिट बनाएका हुन्। कतिपय पाकिस्तानी नेपाल आएर शरणार्थीका रूपमा युएनएचसिआरको सहयोगमा बस्दै आएका छन्। गृह मन्त्रालयको तथ्यांकअनुसार तीन सय ५३ पाकिस्तानी नेपालमा शरणार्थीका रूपमा बस्दै आएका छन्।

मानव तस्करीमा संलग्न समूहले नै कतिपयलाई नेपाल ल्याउने र युएनएचसिआरमार्फत पश्चिमी देश लैजाने धन्दा चलाउँदै आएका छन्। यस्तो प्रवृत्ति राष्ट्रिय सुरक्षामै जोखिमयुक्त रहेको प्रहरी अधिकारीहरू बताउँछन्। खुला सीमा र सहज अनअराइभल भिसाका कारण नेपालमा विदेशीको यस्ता गतिविधि बढेको हुन सक्ने पूर्वएआइजी बमबहादुर भण्डारी बताउँछन्। यस्ता गतिविधिले सुरक्षा चुनौती बढाउन सक्ने भएकाले समयमै सचेत हुनु जरुरी रहेको उनको भनाइ छ।

संसद्मा कांग्रेस र रास्वपा नेताको जुहारी

गृहमन्त्री लामिछानेलाई संसदीय छानबिन समितिमा बहस गर्न आउन कांग्रेसको निम्तो



■ **विश्वप्रकाश शर्मा** महामन्त्री, कांग्रेस

गृहमन्त्रीजीलाई बहस गर्नका लागि देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारभित्र स्थापना हुने संसदीय छानबिन समितिको कार्यालयमा निमन्त्रणा गर्न चाहन्छु। तपाईंले दिएको जवाफ सडकबाट सुन्यौं, सभाबाट सुन्यौं, मिडियाबाट पनि सुन्यौं, अब संसदीय छानबिन समितिमा तपाईंले जवाफ दिन पाउनुपर्छ। तपाईंको हकका लागि पनि म यहाँ बोल्न उभिएको छु।



■ **डा. स्वर्णिम वाग्ले,** उपसभापति, रास्वपा

सर्वदलीय सहमति गरौं, आरोप लाग्नासाथ सबैले राजीनामा गरौं, मन्त्रीले मात्र होइन, सांसदले पनि राजीनामा गरौं। आरोप लाग्यो, जाहेरी पऱ्यो भने राजीनामा दिने र संसदीय समिति गठन गर्ने, यो नजिर स्थापित गर्न तयार हो ? यो हो भने सर्वदलीय सहमति गरौं, पहिलो हस्ताक्षर रास्वपाले गर्छ।

कमलराज भट्ट/नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी कांग्रेसले सहकारी ठगी प्रकरणमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई संसदीय छानबिन समितिमा बहसमा आउन निम्तो दिएको छ। १० चैतमा लामिछानेले सामाजिक सञ्जाल फेसबुकमार्फत सहकारी प्रकरणमा सार्वजनिक बहसका लागि कांग्रेसलाई चुनौती दिएका थिए। त्यसको जवाफमा कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले बुधबार प्रतिनिधिसभाको आकस्मिक समयमा बोल्दै सिंहदरबारस्थित संसदीय छानबिन समितिको कार्यालयमा बहसमा आउन निम्तो दिएका हुन्।

'गृहमन्त्रीजीलाई बहस गर्नका लागि देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारभित्र स्थापना हुने संसदीय छानबिन समितिको कार्यालयमा निमन्त्रण गर्न चाहन्छु,' उनले भने, 'तपाईंले दिएको जवाफ सडकबाट सुन्यौं, सभाबाट सुन्यौं, मिडियाबाट पनि सुन्यौं, अब संसदीय छानबिन समितिमा तपाईंले जवाफ दिन पाउनुपर्छ। तपाईंको हकका लागि पनि म यहाँ बोल्न उभिएको छु।'

२१ फागुनमा सत्तासमीकरण फेरिएसँगै प्रमुख प्रतिपक्षी बनेको कांग्रेसले २४ फागुनदेखि सहकारी ठगी प्रकरणमा गृहमन्त्री लामिछानेको राजीनामा र छानबिन समिति माग गर्दै आएको छ। २ चैतमा लामिछानेले राजनीतिक दलसम्बन्धी विधेयक पेस गर्न खोज्दा कांग्रेसले बेल घेराउ गरेर रोकेको थियो। कांग्रेस नेताहरूले आफूमाथि निरन्तर प्रश्न उठाएपछि लामिछानेले १० चैतमा फेसबुकमा लामो स्टाटस लेखेर बहसका लागि चुनौती दिएका थिए।

कांग्रेस महामन्त्री शर्माले पुरानो दलका कुनै नेताले आरोप लाग्दा चोक-बजारमा बहस गर्नै भनेर आफूले कहिले नसुनेको भन्दै तर गृहमन्त्रीले सार्वजनिक रूपमा बहस गर्न तयार छु भनेकाले बसका लागि संसदीय छानबिन समितिको कार्यालय निर्धारण गरिने बताए। महामन्त्री शर्माले सदन कसैलाई दोषी र निर्दोष ठहराउने थलो नभएको भन्दै संसदीय छानबिनबाट निर्क्योल गर्नुपर्ने बताए। 'रोस्ट्रम र फ्लोरबाट को दोषी को निर्दोष भनेर छुट्याउने यो विधि होइन, न्याय पद्धतिमा कहीं पनि उल्लेख छैन,' उनले भने, 'हामी चाहन्छौं संसदीय छानबिन समिति बनाएर गृहमन्त्रीलाई निर्दोष साबित हुन पाउने हक छ, त्यो उपयोग गर्न उहाँलाई दिउँ, दिइयोस्।' महामन्त्री शर्माले प्रश्न उठेको व्यक्ति छानबिन गर्ने निकायको नेतृत्वमा पुगेकाले स्वार्थको द्वन्द्वका कारण सहकारी ठगी प्रकरणमा संसदीय छानबिन मागेको जिकिर गरे।

लामिछाने मन्त्री भएपछि सहकारीको नियमित छानबिन प्रक्रिया रोकिएकाले पनि संसदीय छानबिन मागेको उनको भनाइ थियो। '२१ फागुनभन्दा अगाडिको गृहमन्त्रीले सहकारी ठगीमा गहिरो अनुसन्धान गर्न निर्देशन दिए, कास्कीमा अनुसन्धान पनि अगाडि बढ्यो। २१ फागुनको शुभमुहूर्तपछाडि अनुसन्धान रोकियो। उहाँमाथि अनुसन्धान रोकिँदा सयौंमाथिको अनुसन्धान रोकिने भयो, पीडित मर्ने भए, त्यसैले छानबिन समिति जरुरी भयो,' शर्माले भने।

दोष व्यक्तिले बोक्ने कि कम्पनीले भन्नेमा सर्वोच्चले ०६८ मा 'कम्पनीको आत्मा हुँदैन, व्यक्तिबाट सञ्चालित हुन्छ, त्यसैले व्यक्तिहरू नै बेइमानी र बेथितिको जवाफदेही हुनुपर्ने' आदेश गरेको उल्लेख गर्दै शर्माले यो नजिरले रवि लामिछाने र जिबी राई सामेल भएको गोर्खा मिडिया नेटवर्क पनि आकर्षित हुने जिकिर गरे। राई र लामिछाने जिम्मेवार पदमा भएकै वेला आधा दर्जन बढी सहकारीको ८० करोड रुपैयाँ गोर्खा मिडिया नेटवर्कमा गएको उनले बताए।

■ रास्वपा उपसभापति स्वर्णिम वाग्लेको प्रतिवाद

कांग्रेस महामन्त्री शर्माले संसदीय छानबिन समितिको माग जोडदार रूपमा राखेपछि रास्वपा उपसभापति स्वर्णिम वाग्लेले प्रतिवाद गरे। प्रतिनिधिसभाको विशेष समयमा वाग्लेले आरोप लागेको व्यक्तिलाई स्पष्टीकरणको मौका नदिनु निषेधको राजनीति भएको र यो राम्रो अभ्यास नभएको बताए। बजेट निर्माणमा अनधिकृत व्यक्तिको प्रवेशमा तत्कालीन अर्थमन्त्री जनार्दन शर्मा र बालकुमारी घटनामा तत्कालीन भौतिकमन्त्री प्रकाश ज्वालाको विपक्षीहरूले राजीनामा माग्दा आफूहरूले स्पष्टीकरणको मौका दिएर पहिला कुरा सुन्पर्ने धारणा राखेको वाग्लेले स्मरण गराए। 'आज गृहमन्त्रीले तपाईंहरूले धेरै आक्षेप लगाउनुभएको छ, म यही रोस्ट्रममा उभिएर जवाफ दिन्छु भन्दा निषेध गरिएको छ। यो हदसम्मको असहिष्णुता, अनुदारवाद कहाँबाट आयो ? कस्तो संस्कृति बसाउन खोज्दै छौं,' उनले भने।

संसदीय छानबिन समिति बनाउन आपत्तिको विषय नभएको, तर कस्तो नजिर स्थापित गर्दै छौं भन्नेतर्फ विचार गर्नुपर्ने उनको भनाइ थियो। आरोप लाग्नेबित्तिकै राजीनामा दिने अभ्यास थाल्ने हो सर्वदलीय सहमति गर्न उनले चुनौती दिए। 'सर्वदलीय सहमति गरौं, आरोप लाग्नासाथ सबैले राजीनामा गरौं, मन्त्रीले मात्र होइन, सांसदले पनि राजीनामा गरौं,' उनले भने, 'आरोप लाग्यो, जाहेरी पऱ्यो भने राजीनामा दिने र संसदीय समिति गठन गर्ने, यो नजिर स्थापित गर्न तयार हो ? यो हो भने सर्वदलीय सहमति गरौं, पहिलो हस्ताक्षर रास्वपाले गर्छ।' बाहिर अनुसन्धान प्रभावित गरिने, राज्यका निकायमा अविश्वास गरिने कुरालाई संसदभित्र प्रवेश गराउने हो भने आफूहरूले पनि सुनदेखि वाइडबडीसम्म, टीकापुरदेखि बालमन्दिरसम्म, शरणार्थीदेखि टेरामक्ससम्म, मनी लन्डरिङदेखि कर छलीसम्म, भन्डा हल्लाउँदै अस्त्रियार धाएकोदेखि लिएर एउटा भ्रष्टाचारमा प्रमाणित नेतालाई सरकारी खर्चमा सालिक बनाइएकासम्मका कुरा पनि प्रवेश गराउनुपर्ने चेतावनी दिए। 'त्यसैले संयमित बनौं, कस्तो नजिर बनाउन खोज्दै छौं भन्नेबारे सदनले ध्यान दिनुपर्छ। गृहमन्त्रीले जवाफ दिन्छु भन्नुभएको छ, सुनौं, त्यसपछि स्पष्टीकरण चित्त बुझेन भने संसदीय समितिमा जाउँला,' उनले भने।

---

१६ माघमा लामिछानेले प्रतिपक्षीमा हुँदा सरकारले जिबी राईलाई पक्राउ गर्न नचाहेको, खोजतलास नचाहेको भनेको स्मरण गर्दै शर्माले थपे, 'आज बोल्दै गर्दा भनिदिनुभयो, आकाशमा होलान्, पातालमा होलान्, हामी लिएर आउँछौं। मलेसियामा छन्, दुनियाँलाई थाहा छ। प्रहरी प्रमुखले सुपुर्दगीसम्बन्धी कानुन छैन भन्नुभयो। म गृहमन्त्रीलाई मलेसियाको कानुन पढाउन चाहन्छु, जहाँ भनिएको छ यदि कुनै पनि देशको कोही अभियुक्त छ भनेर सम्बन्धित देशले कूटनीतिक प्रक्रियाबाट माग गरेमा सुपुर्दगी गर्न सकिन्छ। जिबी राईलाई लिएर आउन किन ढिलाइ भइरहेको छ ?' जिबी राई गृहमन्त्रीको सम्पर्कमा रहेको सूचना आफूहरूले पाएको शर्माको दाबी थियो। शर्माले सहकारी प्रकरणमा संसदीय छानबिन समिति बनाउन सरकारलाई दिएको अल्टिमेटम बुधबारबाट सकिएको बताए। 'आउँदो बैठकमा आउँदै गर्दा सरकारले संसदीय छानबिन समिति लिएर आओस्। त्यसमा हामी दायाँबायाँ हुनेवाला छैनौं,' उनले भने।

संक्षेप

विद्यार्थीलाई न्याय र अवसर हुने कुरामा राजनीति नगरिदिनुहोला : शिक्षामन्त्री



काठमाडौं/ शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले विद्यार्थीलाई न्याय र अवसर हुने कुरामा राजनीति नगरिदिन आग्रह गरेकी छिन्। विश्वविद्यालयका विद्यार्थीलाई प्रशिक्षार्थी कामदारका रूपमा मन्त्रालय र मातहतका ठाउँहरूमा 'इन्टर्न'मा भर्ना गराउनेबारे संसद्मा उठेका प्रश्नको बुधबार जवाफ दिँदै उनले आफूले गरेको निर्णयले मन्त्रालयमा असर नपार्ने र त्यसले विद्यार्थीलाई न्याय गर्ने दाबी गरिन्। श्रेष्ठले विद्यार्थीलाई रोजगार दिने कार्यविधि सुशासन ऐनमा टेकेर बनाएको र यो कानुन मन्त्रालयको कार्यविधिभित्र पनि रहेको भन्दै यसप्रकारको अभ्यासलाई गलत रूपमा नलिन आग्रह गरिन्। 'विद्यार्थीले राजनीति मात्रै सिक्ने ? प्रशासन र नीति निर्माण बुझ्न पर्दैन ? हामीले काम गर्न किन नसिकाउने ?' उनले भनिन्, 'विद्यार्थीले न्याय र अवसर पाउने कुरामा राजनीति नगरिदिनुहोला।' उनले आवश्यकता र सीमित संख्यामा आर्थिक भार नपर्ने गरी, गोप्य सूचनामा पहुँच नहुने गरी विद्यार्थीलाई रोजगारीको अवसर दिन लागिएको बताइन्। मन्त्री श्रेष्ठकै अवधारणाअनुसार सोमबार मात्रै प्रशिक्षार्थी (इन्टर्न)सम्बन्धी कार्यविधि, २०८० जारी भएको थियो।

महालेखापरीक्षकमा सिफारिस रायाको नियुक्ति सिफारिसमाथि ट्रान्सपरेन्सीको प्रश्न

काठमाडौं/ महालेखापरीक्षकमा तोयम रायाको नियुक्ति सिफारिसमाथि ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले प्रश्न उठाएको छ। बुधबार विज्ञप्ति जारी गर्दै ट्रान्सपरेन्सीले रायाको सिफारिसमाथि गम्भीर नैतिक प्रश्न उठाएको हो। गत १८ चैतमा बसेको संवैधानिक परिषद्ले रिक्त महालेखापरीक्षकका लागि सचिव रायालाई सिफारिस गरेको थियो। उनी बहालवाला सचिव र हाल राष्ट्रिय तथ्यांक कार्यालयका प्रमुख तथ्यांक अधिकारी छन्।

अर्थसचिव, उपराष्ट्रपति कार्यालयको सचिव र राष्ट्रिय तथ्यांक कार्यालयको प्रमुख तथ्यांक अधिकारीका रूपमा काम गरिसकेका रायले आफूले गरेको कामको लेखापरीक्षण आफैंले गर्न नमिल्ने बताउँदै त्यसप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको ट्रान्सपरेन्सीको विज्ञप्तिमा उल्लेख छ। आफूले गरेको काम आफैंले परीक्षण गर्ने जोखिम रहे-नरहेको विचार गर्नुपर्ने मान्यता र अभ्यास रहेको भन्दै यस्तो जोखिम कायम रहेको अवस्थामा लेखापरीक्षणको नतिजा विश्वसनीय नहुने पनि ट्रान्सपरेन्सीको ठहर छ। ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले रायाको नियुक्तिले सोझै स्वार्थको द्वन्द्व हुने मात्र नभई यसबाट सुशासनमा समेत गम्भीर खलल पर्ने जनाएको छ।

गीतकार अधिकारी आइएसएसए अवार्डमा मनोनीत



काठमाडौं/ गीतकार लोकराज अधिकारी छैटौं आइएसएसए अन्तर्राष्ट्रिय अवार्डको पुरुष गीतकारतर्फ मनोनयनमा परेका छन्। अमेरिकाको एटलान्टामा आगामी २४ अगस्टमा 'इन्टरनेसनल सिङ्गर सङ राइटर्स एसोसिएसन'ले अवार्ड आयोजना गर्दै छ।

आयोजकले सोमबार आधिकारिक रूपमा विभिन्न ४६ विधामा मनोनयनमा परेकाहरूको नाम सार्वजनिक गरेको हो। जसमा नेपालबाट अधिकारी मात्रै मनोनयनमा छन्। अधिकारीले रचना गरेको 'यस्तो भा'छ मलाई त ...' बोलको गीतमा अर्जुन पोखरेलको संगीत तथा प्रताप दास र शान्ता जिसीको स्वर छ। यस विधामा अधिकारीसँगै ६८ जना मनोनयनमा छन्। गीतकार अधिकारीले अन्तर्राष्ट्रिय मञ्चमा सिंगो नेपाल र नेपालीभाषी गीतकारको प्रतिनिधित्वका रूपमा यो मनोनयनलाई लिएको बताए। अवार्डका लागि भोटिङमार्फत टप २० को छनोट हुनेछ। आगामी ३० अप्रिलसम्म इलेक्ट्रोनिक भोटिङ खुला हुने र अन्तिम प्रतिस्पर्धीको घोषणा २ मेमा हुनेछ।

विवाद बढेपछि इलाम र बझाङको उम्मेदवार टुंग्याउन कांग्रेस असफल

काठमाडौं/ कांग्रेसमा संस्थापन र इतर पक्षबीच विवाद बढेपछि इलाम र बझाङको उम्मेदवार चयन गर्ने दुई दिनदेखिको प्रयास असफल भएको छ। संसदीय बोर्डको बुधबारको बैठकमा सभापति शेरबहादुर देउवाले इलाम २ मा डम्बरबहादुर खड्काको नाम प्रस्ताव गरे पनि महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासहित इतर पक्षले अस्वीकार गरेपछि उम्मेदवार चयन गर्ने प्रयास असफल भएको हो।

छलफलका लागि पुनः बिहीबार बैठक राखिएको छ। प्रचार विभाग प्रमुख मीन विश्वकर्माले आकांक्षी सबैलाई बोलाएर छलफल गर्न समय अपुग भएकाले बिहीबार पुनः छलफल गर्ने गरी बैठक राखिएको बताए। 'हामी बिहीबार उम्मेदवार टुंग्याउँछौं,' उनले भने, 'नाम प्रस्ताव भएर छलफल लगभग अन्त्यतिर पुगे पनि आकांक्षी साथीहरूसँग पनि छलफल गर्नुपर्ने भएकाले अलिकति समय लम्बिएको मात्र हो।' एमाले, रास्वपा र राप्रपाले उम्मेदवार टुंग्याए चुनावी प्रचार थालिसक्दा पनि कांग्रेसले उम्मेदवार चयन गर्नसकेको छैन। २४ चैतमा उम्मेदवारी मनोनयनको निर्वाचन कार्यतालिका छ।

सभापति देउवा र उपसभापति पूर्णबहादुर खड्का तत्कालीन संविधानसभा अध्यक्ष सुवास नेम्वाङसँग पराजित खड्काको पक्षमा छन्। तर, महामन्त्री थापा, शर्मा, सहमहामन्त्री भीष्मराज आङ्देम्बे र नेता शेखर कोइराला भेषराज आचार्यलाई टिकट दिनुपर्ने पक्षमा उभिएका छन्। नेता शेखर कोइराला र शशांक कोइराला पनि आचार्यकै पक्षमा उभिएपछि देउवा दबाबमा परेका छन्। इतर पक्षले कुरै नसुनी, वस्तुस्थिति नबुझी एकलौटी निर्णय लिने हो भने जितहारको जस-अपजस लिन चुनौती दिँदै आएका छन्। इलामकै उम्मेदवार नटुंगिएकाले बझाङका विषयमा थप छलफल नै अगाडि नबढेको एक नेताले बताए।

इलामबाट डम्बर खड्का, नगेन्द्र कुमाल, केशव थापा, भेषराज आचार्य, रमेश लिङ्देन, चन्द्रमाया लिम्बू र शान्तिकला तामाङको नाम सिफारिस भएको थियो।

निजी विद्यालयको नाममा नेपालीपन झल्काउन महानगरको ताकेता

महानगरभित्र रहेका निजी विद्यालयले 'इन्टरनेसनल' शब्द राख्न एकतिहाइ विदेशी विद्यार्थी, 'नेसनल' शब्द राख्न २५ जिल्लाका विद्यार्थी हुनुपर्ने र 'पब्लिक' शब्द राख्न एकतिहाइले पूर्ण छात्रवृत्ति पाएको हुनुपर्ने

शिवहरि घिमिरे/नयाँ पत्रिका

विदेशको जस्तै शिक्षा दिने बहानामा 'इन्टरनेसनल' शब्द झुन्ड्याइरहेका काठमाडौं महानगरपालिकाभित्रका निजी विद्यालयलाई नामअनुसार काम गर्न वा नाम सच्याउन महानगरले एक साता समयसीमा तोकेको छ। काठमाडौं महानगरपालिका विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ अनुसार निजी विद्यालयले 'इन्टरनेसनल' शब्द राख्न एकतिहाइ विदेशी विद्यार्थी पढाउनुपर्छ, 'नेसनल' शब्द राख्न २५ जिल्लाका विद्यार्थी हुनैपर्छ र 'पब्लिक' शब्द राख्न कुल विद्यार्थीमध्ये एकतिहाइले पूर्ण छात्रवृत्ति पाएको हुनुपर्छ। तर, कुनै पनि विद्यालयले नियमावलीअनुसार काम नगरेको भन्दै महानगरले त्यस्ता शब्द हटाउन बुधबार सूचना जारी गरेको हो।

नियमावलीविपरीत नाम सच्याउन अटेर गर्नेलाई कारबाहीस्वरूप भर्ना कार्यक्रम नै रोकिदिने महानगरको चेतावनी छ। महानगरपालिकाले शैक्षिक वर्ष ०७९ को भदौदेखि नै 'इन्टरनेसनल, नेसनल र पब्लिक' शब्द हटाउन ताकेता गरेको हो। तर, हालसम्म केहीले मात्रै नाम नेपालीकरण अर्थात् सच्याएका छन्, अन्यले अटेर गर्दै आइरहेका छन्। अब भने महानगरले ती निजी विद्यालयलाई नाम नसच्याए छुट दिनेछैन। काठमाडौं महानगरपालिका



विद्यालय शिक्षा व्यवस्थापन नियमावली, १०७४ अनुसार निजी विद्यालयलाई 'इन्टरनेसनल, नेसनल र पब्लिक' शब्द हटाउन निर्देशन दिएको हो। नियमावलीअनुसार दुई वर्षभित्र नै सबै विद्यालयले नाम सच्याइसक्नुपर्ने थियो। तर, नियमावली बनेको ६ वर्षसम्म पनि कार्यान्वयन हुन सकेको छैन। नियमावलीमै स्पष्ट उल्लेख भएकाले त्यसको कार्यान्वयन गर्न लागिएको महानगरका प्रवक्ता नवीन मानन्धरले जानकारी दिए।

निजी विद्यालयले नाम सच्याउन कम्पनी रजिस्ट्रारको कार्यालयमा जानुपर्नेछ भने उनीहरूले होर्डिङ बोर्ड, डिस्प्ले, प्रशासनिक कागजातलगायतमा पनि नाम सच्याउनुपर्नेछ। यदि ती शब्द राख्ने भए मापदण्ड पूर्ण पालना गर्नुपर्नेछ। त्यस्तै, यसअघिको संघीय शिक्षा ऐनले पनि विद्यालयको नामकरणमा मौलिकता र नेपालीपन झल्कने किसिमको हुनुपर्ने व्यवस्था गरेको छ।

■ कुन शब्द राख्न कस्तो मापदण्ड ?

कुनै विद्यालयले नामको अगाडि वा पछाडि इन्टरनेसनल शब्द राख्छ भने त्यो विद्यालयले छुट्टै मापदण्ड पालना गर्नुपर्छ। उक्त विद्यालयले एकतिहाइ संख्यामा विदेशी विद्यार्थी पढाएको हुनुपर्छ। यस्तै, विद्यालयको नामको पछाडि 'नेसनल' शब्द जोड्न कम्तीमा पनि २५ जिल्लाका विद्यार्थी अध्ययनरत हुनुपर्छ। नियमावलीले यदि कुनै स्कुलले 'पब्लिक' शब्द जोड्छ भने त्यहाँ पढ्नेमध्ये कम्तीमा एकतिहाइले पूर्ण छात्रवृत्तिमा पढेको हुनुपर्छ। तर, यो मापदण्डभित्र पर्ने कुनै पनि निजी विद्यालय महानगरपालिकाभित्र छैनन्। त्यसकारण सबै विद्यालयले ती शब्द हटाउनुपर्ने महानगरपालिकाले जनाएको छ।

■ ४४८ विद्यालयले सच्याए नाम

नियमावली पालना गर्न झन्झट हुने भएपछि निजी विद्यालयहरूले उक्त शब्द नै हटाउन थालेका छन्। यही क्रममा चुच्चेपाटीस्थित प्राक्सिक इन्टरनेसनल स्कुल, कालीमाटीस्थित एमइटी विथ कोएजुकेसन विद्यालय' कालीमाटीकै क्रिस्टल इन्टरनेसनल एकेडेमी, कोटेश्वरको भ्याली भ्यु इन्टरनेसनल स्कुलसहित चार सय ४८ वटा विद्यालयले 'इन्टरनेसनल' 'नेसनल' र 'पब्लिक' शब्द हटाएको महानगरको तथ्यांक छ।

■ ३२३ विद्यालयले नाम सच्याएनन्

काठमाडौं महानगरपालिका शिक्षा विभागको तथ्यांकअनुसार महानगरपालिकाभित्र सात सय ७१ वटा निजी विद्यालय छन्। यीमध्ये तीन सय २३ वटा विद्यालयले नाममा अझै अंग्रेजी शब्द झुन्ड्याइरहेका छन्। अब पनि नाम नसच्याए भर्ना नै रोकिदिने महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले बताए। सूचनासँगै नाम सच्याउन निजी विद्यालयलाई पत्राचार गरेको उनको भनाइ छ।

स्थानीय सरकारका समस्या संघीयतालाई चुनौती

स्थानीय आर्थिक विकासको नेतृत्व लिनुपर्ने स्थानीय सरकारले संघ र प्रदेश सरकारको अपारदर्शी वित्तीय हस्तान्तरणको बोझ बोकिरहेका छन्



अग्रलेख

● यमनाथ गिरी

शासनमा नागरिक सहभागिता अभिवृद्धि गर्ने तथा एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका विभेद र असमानता अन्त्य गर्दै समानतामा आधारित समतामूलक समाज निर्माण गर्ने र नागरिकलाई आफ्नो अधिकार पूर्ण उपयोग गर्न सक्ने गरी घरआँगनमै सरकार भएको प्रत्याभूति गराउन नेपालको संविधान ०७२ को धारा २६ ले तीन तहका सरकारको व्यवस्था गरेको छ। तीन तहका सरकारबाट नागरिकका फरक-फरक अपेक्षा छन्। जनताको सबैभन्दा नजिकको सरकारका रूपमा रहेको स्थानीय सरकारको क्षमता, व्यवहार, अभ्यास, नतिजा र प्रभावकारिताबाट जनताले शासन प्रणालीप्रति आफ्नो धारणा बनाउँछन् र सरकारको सफलता मापन गर्छन्। त्यसैले, स्थानीय सरकाले विधिको शासन, सुशासन, आर्थिक विकास र प्रभावकारी सेवा प्रवाहबाट जनताको विश्वास जित्न सकेमा मात्र संघीयताको औचित्य, आवश्यकता र उपयोगिता सिद्ध हुन सक्छ। स्थानीय सरकारले समुदायका आवश्यकता पूरा गर्न, समस्या समाधान गर्न र आधारभूत सेवा प्रवाह गरी जनजीवन सुखमय बनाउन नसक्ने हो भने संघीयता र तीनै तहका सरकारको औचित्यतामाथि नै प्रश्न उठ्न सक्छ। यसको सुरुवात भइसकेको पनि छ। त्यसैले संघीयतालाई स्थिर शासन व्यवस्थाका रूपमा कार्यान्वयन गर्न तथा जनतामा रहेका निराशालाई हटाउन सबैभन्दा पहिले स्थानीय सरकारले भोग्नुपरेका समस्या तथा चुनौतीबारे छलफल गरी तिनको निराकरण आवश्यक छ।

कर्मचारी व्यवस्थापन : नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई विधायिकी अधिकारअन्तर्गत कानुन बनाउने, कार्यकारिणी अधिकारअन्तर्गत कानुन कार्यान्वयन गर्ने, न्यायिक अधिकारअन्तर्गत न्यायिक निरुपण गर्ने, स्थानीय आर्थिक विकासको नेतृत्व गर्ने, आफूलाई चाहिने योजना नीति र रणनीति तर्जुमा गर्ने, विकासको अधिकार, नियमनको अधिकार, सिफारिस र प्रमाणीकरणको अधिकारलगायत स्थानीय सरकारको आम्दानीका स्रोत पहिचान तथा परिचालन गर्ने, वार्षिक बजेट बनाउने र त्यसको कार्यान्वयन गर्नेजस्ता अधिकार प्रदान गरेको छ, जसका लागि सम्बन्धित क्षेत्रका दक्ष जनशक्ति आवश्यक हुन्छ। संघीय सरकारले कायम गरेको दरबन्दीमा कर्मचारीको व्यवस्थापन त हुँदै जाला, तर संघीय र प्रदेश सरकारबाट जारी हुनुपर्ने कानुनको अभावमा स्थानीय सरकारले आफैँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यकताअनुरूप कर्मचारी व्यवस्थापन गर्न सकिरहेका छैनन्। फरक-फरक पृष्ठभूमि र सेवाका कर्मचारीबीच प्रभावकारी सहकार्य र समन्वय नभएका कारणले स्थानीय सरकारमा उपलब्ध कर्मचारीबाट प्रभावकारी सेवा प्रवाह भइरहेको पाइँदैन। संघीय सरकारले प्रमुख प्रशासकीय अधिकृत नपठाउँदा थुप्रै स्थानीय सरकार निमित्तको भरमै चलिरहेका छन् भने पठाइएका अधिकांश स्थानीय सरकारमा पनि कनिष्ठ र कम अनुभवी कर्मचारी पठाइँदा उनीहरूले काम गर्नभन्दा पनि सिक्न बढी समय खर्चिइरहेका छन्। त्यसैले उनीहरूले प्रभावकारी कार्य सम्पादनका लागि समग्र कर्मचारीको नेतृत्व गर्न सकिरहेका छैनन्। साथै, प्रमुख प्रशासकीय अधिकृत संघीय सरकारप्रति नै जवाफदेही रहने हुँदा प्रशासन र राजनीतिक नेतृत्वबीचको सम्बन्ध पनि सुमधुर रहेको पाइँदैन। त्यसैले दक्ष जनशक्तिको अभाव, फरक पृष्ठभूमि र कार्यशैलीका कर्मचारी, कमजोर प्रशासनिक नेतृत्व आदि कारणले स्थानीय सरकारको सेवा प्रवाह तथा विकास गतिविधिलाई प्रभाव पारिरहेको छ।

विधायकी तथा न्यायिक क्षमता : स्थानीय सरकारले स्थानीय सरकार सञ्चालन ऐन, ०७४ ले प्रदान गरेका र संविधानको अनुसूची ८ मा रहेका एकल अधिकारका विषयमा कानुन बनाई कार्यान्वयन गर्नुपर्ने हुन्छ। त्यस्ता कानुन बनाउँदा संघीय र प्रदेश कानुनले सिर्जना गरेका दायित्वअन्तर्गतका कानुन र स्थानीय आवश्यकतालाई प्राथमिकीकरण गरी संघ र प्रदेश कानुनसँग नबाझिने गरी कानुन निर्माण गर्नुपर्छ। तर, यससम्बन्धी ज्ञान र जनशक्तिको अभावले नमुना कानुनका आधारमा कानुन निर्माण गर्नुपर्ने बाध्यता छ। जसले गर्दा नमुना कानुन नबनेका थुप्रै कानुन अझै पनि निर्माण हुन सकेका छैनन् भने बनेका कतिपय कानुन विधिसम्मत नभएको तथा संघ र प्रदेशका कानुनसँग बाझिएको अवस्था छ। न्यूनतम कानुनी साक्षरतासमेत नभएको न्यायिक समिति र त्यसलाई सहयोग गर्ने दक्ष जनशक्ति अभावका कारण स्थानीय सरकारले गर्नुपर्ने न्याय निरुपणसम्बन्धी कार्य प्रभावकारी हुन सकेका छैनन् भने भएका निरुपणसमेत विवादरहित हुन सकिरहेका छैनन्। जसले गर्दा स्थानीय सरकारको न्याय निरुपण प्रक्रियामै थुप्रै प्रश्न उठ्न थालेका छन्।

प्रदेश र संघीय सरकारका अनपेक्षित दायित्व : स्थानीय सरकारहरू अलोकप्रिय हुँदै जानुको अर्को कारण हो संघ र प्रदेश सरकारबाट अनपेक्षित रूपमा सिर्जना भएका आर्थिक दायित्व पनि जिम्मेवार छन्। संघ र प्रदेश सरकार र तिनका निकायले स्थानीय सरकारसँगको समन्वय तथा मागविनै समपूरक बजेट विनियोजनले गर्दा स्थानीय सरकारको क्षमताभन्दा बढी दायित्व सिर्जना भएको छ र बजेटको ठूलो आकार प्राथामिकताका क्षेत्रबाहिर खर्च गर्नुपर्ने बाध्यता छ। साथै आन्तरिक आय, बजेट, आर्थिक दायित्व र प्राथामिकताका क्षेत्रबीच सन्तुलन कायम हुन सकेको छैन। जसले गर्दा वित्तीय अनुशासन कायम हुन सकिरहेको छैन। साथै, जनताका वास्तविक समस्याको पहिचानका बाबजुद ती क्षेत्रमा बजेट विनियोजन हुन सकिरहेको छैन, अर्थात् स्थानीय सरकारले जनताका वास्तविक समस्याको न्यूनीकरणका लागि आवश्यक स्रोतको व्यवस्था नै गर्न सकेका छैनन्। अझै प्रदेश तथा संघीय सरकारको वित्तीय हस्तान्तरणअन्तर्गत विनियोजित बजेट आर्थिक वर्षको आधा समयसम्म पनि निकासा नहुँदा विनियोजित बजेटसमेत फ्रिज हुने अवस्था देखिन्छ। यसरी हेर्दा जनताको प्रत्यक्ष सरोकार जोडिएका क्षेत्रमा लगानी गरी स्थानीय आर्थिक विकासको नेतृत्व लिनुपर्ने स्थानीय सरकारले संघ र प्रदेश सरकारको अपारदर्शी वित्तीय हस्तान्तरणको बोझ बोकिरहेका छन्।



स्थानीय सरकारले समुदायका आवश्यकता पूरा गर्न, समस्या समाधान गर्न र आधारभूत सेवा प्रवाह गरी जनजीवन सुखमय बनाउन नसक्ने हो भने संघीयता र तीनै तहका सरकारको औचित्यमाथि नै प्रश्न उठ्ने निश्चित छ

न्यून आन्तरिक आय : स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ र परिच्छेद ९ मा राजस्व संकलनसम्बन्धी व्यवस्था छ। तर, स्थानीय सरकारले थप कर लगाउँदा दोहोरो कर पर्न जाने तथा आन्तरिक आयवृद्धिका लागि लगाइने कर जनप्रतिनिधिको अलोकप्रियताको कारक बन्ने भयका कारण करको दायरा फराकिलो बनाउने तथा थप क्षेत्र पहिचान हुन सकिरहेको छैन। साथै, वन ऐनलगायत कतिपय ऐन विकासमैत्री नहुँदा स्थायी स्रोत मानिने प्राकृतिक स्रोतबाट हुने आम्दानी अत्यन्त न्यून छ। घरजग्गा बहाल कर पूर्ण रूपमा स्थानीय सरकारको क्षेत्राधिकारभित्र रहे पनि सोचेअनुसार राजस्व संकलन हुन सकेको छैन। स्थानीय सरकारको मुख्य राजस्व स्रोतका रूपमा रहेको नदीजन्य पदार्थ ढुंगा, गिटी, बालुवालगायत ठेक्का व्यवस्थापनमा समेत प्रभावकारिता आउन सकेको देखिँदैन। स्थानीय सरकार पूर्ण रूपमा संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा निर्भर छ। जसले गर्दा स्थानीय सरकार सञ्चालनमा स्रोत र सामर्थ्यको अभाव भइरहेको छ र उनीहरूले आफ्नो प्राथामिकताको क्षेत्रमा लगानी गर्न सकिरहेका छैनन्।

कमजोर योजना निर्माण र कार्यान्वयन प्रक्रिया : नेपालको संविधानको धारा ५९ मा स्थानीय सरकारले वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गरी कार्यान्वयन गर्नेसम्बन्धी व्यवस्था छन्। जसका लागि बजेट निर्माणको छुट्टै संरचनाको आवश्यकता महसुस हुन्छ। नेपालमा योजना राम्रा बन्छन्। तर, कार्यान्वयन राम्रो हुँदैन भन्ने गलत भाष्य छ। यदि योजना निर्माणमै प्रभावकारी अनुगमन, मूल्यांकन र कार्यान्वयनको सुनिश्चितता गर्ने हो भने योजनाको प्रभावकारी कार्यान्वयनमा समस्या हुँदैन। तर, एउटै कर्मचारी बजेट निर्माण र कार्यान्वयनमा निरन्तर खटिनुपर्ने भएबाट प्रत्येक वर्ष बजेट निर्माण हतारमा हुँदै आएको छ। बजेट निर्माणमा आन्तरिक स्रोतको सीमितता, विज्ञताको अभाव, सरोकारवाला निकायको सहभागिता सुनिश्चितता नहुनुलगायत समस्या रहेका छन्। प्रचलित कानुनको उपेक्षा र वस्तुनिष्ठ निर्णय हुन नसकेका कारण बजेट निर्माणका आधारभूत सिद्धान्तको समेत अवलम्बन भएको पाइँदैन। यसरी पुरानै ढर्राबाट भएको बजेट निर्माणले प्राथमिकताका क्षेत्र निर्धारण गर्न, सहभागितामूलक योजना निर्माण गर्न, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न र नतिजामूलक अनुगमन तथा मूल्यांकन गर्न सकिरहेको हुँदैन। यसका अलावा संघ र प्रदेशबाट समयमै बजेटको अख्तियारी प्राप्त नहुनु, पुँजीगतभन्दा चालू बजेटको अनुपात धेरै हुनु, सीमित स्रोत तर असीमित अपेक्षा हुनु, अनुगमन, मूल्यांकन औपचारिकतामा सीमित हुनु, बेरुजु बढ्नु, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादाम्य कायम हुन नसक्नु, लक्षित वर्ग तथा समुदायसँग योजना तथा कार्यक्रम नपुग्नु, टुक्रे तथा स-साना योजना तथा कार्यक्रम कायम रहनु आदि कारणले स्थानीय सरकारबाट सञ्चालित आयोजनाको उपलब्धि अत्यन्तै कमजोर देखिन्छ।

अन्तरसरकारी समन्वयको अभाव : स्थानीय सरकारको अर्को प्रमुख समस्या भनेको तीनै तहका सरकारबीच समन्वय नहुनु पनि हो। संघीय र प्रदेश सरकारले बनाउनुपर्ने कानुन समयमै नबनाएका कारण प्रदेश र स्थानीय सरकारले साझा अधिकार क्षेत्रमा कामै गर्न सकिरहेका छैनन्। साथै संघीय र प्रदेश सरकारले सञ्चालन गर्ने कार्यक्रममा स्थानीय सरकारसँग समन्वय नहुँदा विकासका काममा दोहोरोपना आउँछ र अपारदर्शिता बढ्छ। संघीय सरकारका जिल्लास्थित निकायका रूपमा रहेका विकासे अड्डाहरू कृषि, पशु सेवा, स्वास्थ्य, सिँचाइ, खानेपानी, सहरी विकास आदिकै झल्कोमा अहिले प्रदेश सरकारबाट सञ्चालन हुने केही कार्यक्रममा दोहोरोपन देखिन्छ। ससाना टुक्रे योजनासमेत प्रदेश सरकारले सञ्चालन गरिरहेकाले आयोजना उपलब्धिविहीन बनेका त छन् नै, सँगसँगै तिनै आयोजना आर्थिक अनियमितताका अखडासमेत बनेका छन्। ठेक्का प्रक्रियाबाट कार्यान्वयन हुने ठूला आयोजनाबारे जानकारीसमेत नदिने प्रदेश सरकारले अनियमितताका आधार बनेका टुक्रे आयोजनाबारे भने स्थानीय सरकारलाई समावेश गराइरहेका छन्। यसरी समन्वयविनै गरिने क्रियाकलापले संघीयताका नाममा फेरि पनि पहुँचवालाकै हाली-मुहाली भएको देखिन्छ।

त्यसैले अझै पनि संक्रमणकालीन अवस्थामै रहेको संघीयतालाई जोगाई राजनीतिक स्थायित्व कायम गर्ने हो भने संविधानद्वारा स्थानीय सरकारलाई प्रदत्त सम्पूर्ण अधिकार सुनिश्चित हुने गरी कानुन निर्माण गर्ने, संघीय र प्रदेश सरकारले स्थानीय सरकारको प्राथमिकताका क्षेत्रमा मात्र बजेट विनियोजन गर्ने, समानीकरण र विशेष अनुदानको मात्रा बढाउने, प्रमुख प्रशासकीय अधिकृत स्थानीय सरकारप्रति नै उत्तरदायी बन्ने गरी कर्मचारी व्यवस्थापनको पूर्ण अधिकार दिने, अन्तरसरकारी सम्बन्धलाई सुदृढीकरण गर्ने, जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास गर्ने, संस्थागत क्षमता अभिवृद्धिका लागि थप सहयोग र समन्वय गर्ने, प्रमुख प्रशासकीय अधिकृतको स्तरवृद्धि गर्ने, करको क्षेत्राधिकारको विषयमा पुनरावलोकन गरी स्थानीय सरकारलाई थप क्षेत्र प्रदान गर्ने, प्रभावकारी न्यायिक कार्यसम्पादनका लागि विज्ञ जनशक्तिको व्यवस्था गर्ने, प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्नेलगायत कार्यमार्फत स्थानीय सरकारलाई थप मजबुत बनाउनुको विकल्प छैन।

(लेखक प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, सुदूरपश्चिम प्रदेशमा अनुगमन तथा प्रतिवेदन विज्ञका रूपमा कार्यरत छन्)

yamnathgiri2014@gmail.com

३ प्रश्न

काठमाडौं महानगरपालिकाको वातावरण विभागका प्रमुख **रविनमान श्रेष्ठ**लाई



बन्चरेडाँडावासीले फोहोर बोकेका गाडी रोक्ने भन्दै छन् नि ?

बन्चरेडाँडावासीका मागसम्बन्धमा हामीले केही दिनअघि नै सहरी विकास मन्त्रालयमा छलफल गरिसकेका छौँ। उहाँहरूका माग पटकपटक आई नै रहेका छन् र हामीले पनि सक्दो पूरा गर्दै आएका छौँ। उहाँहरूले बफर जोन घोषणा गर्ने, जग्गा अधिग्रहण गरी बस्ती स्थानान्तरण गर्नेलगायत माग पनि राख्नुभएको छ। यससम्बन्धी कार्यविधि बनेकै छैन। यसका लागि समय लाग्छ। उहाँहरूले वेलावेलामा हामीलाई सचेत गराइरहनु राम्रो हो। तर, फोहोर विसर्जनमै अवरोध गर्नुहोला जस्तोचाहिँ लाग्दैन।

स्थानीयवासीका माग कति पूरा भए र कति बाँकी छन् ?

उहाँहरूका अधिकांश माग पूरा भइसकेका छन्। हामीले गर्न सक्नेजति पूरा गरिसकेका छौँ। लिचेट ट्रिटमेन्टको काम अघि बढेको छ। झिँगा नियन्त्रणको काम भइसकेको छ। अरू पनि महानगरले पूरा गर्न सक्ने स्तरका माग हामीले सम्बोधन गरिसकेका छौँ। तर, बफर जोन, मानव बस्ती स्थानान्तरण जस्ता काम हामीले गर्न सक्दैनौँ। यसका लागि हामीले सहरी विकास मन्त्रालयलाई अवगत गराइसकेका छौँ। अब मन्त्रालय स्तरबाटै काम हुन्छ।

फोहोरमा अवरोध हुन नदिन आगामी दिनमा के गर्नुहुन्छ ?

सबैभन्दा पहिले त हामी उहाँहरूसित वार्तामा बस्छौँ र सकभर कन्भिन्स गर्छौँ। फोहोर विसर्जनमा अवरोध गर्ने आन्दोलन फिर्ता लिन अनुरोध गर्छौँ। सहरी विकास मन्त्रालयले पनि यसबारे उहाँहरूलाई पत्र पठाइसकेको छ। स्थानीयवासीका तर्फबाट सबैतिर पत्र छाडिएको छ। अहिलेसम्म उहाँहरू आउनुभएको छैन। आएपछि वार्तामार्फत समाधान खोज्छौँ।

प्रेरक प्रसंग

शिष्टताको शिक्षा

एकजना वैद्य आफ्ना ज्ञानका कारण प्रसिद्ध थिए। उनीकहाँ पुर्‍याइसकेपछि बिरामीको जीवनरक्षा हुनेमा धेरैको विश्वास थियो। उनी बिरामीलाई दिने औषधिका साथै उनको अमूल्य सल्लाहको लागि पनि समाजमा निकै प्रसिद्ध थिए। उनी जति कुशल चिकित्सक थिए, उति नै राम्रो मन भएका मानिस पनि थिए।

एकपटकको कुरा हो, ती वैद्यका एकजना चिर-परिचित मित्रले उनलाई सोधे, 'वैद्यजी, तपाईंजति शिष्ट, सभ्य र मिठो बोल्ने मानिस यो संसारमा सायदै कोही होला। त्यसैले म यो थाहा पाउन चाहन्छु कि तपाईंले यस्तो अमूल्य शिष्टता र सभ्यता कहाँबाट कसरी सिक्नुभयो ?' ती मित्रको जिज्ञासा सुन्नासाथ ती वैद्यले जवाफ दिए, 'अशिष्ट र असभ्य मानिसबाट।'

वैद्यको यस्तो अनपेक्षित जवाफ सुनेपछि ती मित्र केही झस्किए। वैद्यको जवाफको गहिराइ उनले थाहा पाउन सकेनन्। सो जवाफ अलिक गम्भीर हुनाले ती मित्रले यसको पटक्कै भेउ पाउन सकेनन्। त्यसैले उनले अप्ठ्यारो मान्दै फेरि प्रश्न गरे, 'यो कसरी हुन सक्छ ? एउटा अशिष्ट एवं असभ्य मानिसले कसरी अरूलाई केही सिकाउन सक्छ ? त्यस्तो मानिसबाट कुनै मानिसले कसरी सभ्यता र शिष्टताको पाठ सिक्न सक्छ ?'

'साँच्चै सोध्छौ भने यो तिमीले बुझ्न सक्दैनौ। मैले त असभ्य र अशिष्ट मानिसबाटै यो शिक्षा लिएको हुँ। उनीहरूको जुन-जुन कुरा नराम्रो लाग्यो, त्यो मैले तुरुन्तै फ्याँकिदिएँ, त्यसलाई एकछिन पनि नजिक आउनै दिइनँ। किनकि, मैले सोचेँ, जुन कुरा मलाई नराम्रो लाग्यो, त्यो अरूलाई पनि त नराम्रो लाग्न सक्छ। राम्रो यही हुनेछ कि जस्तो व्यवहार तिमी अरूले आफूलाई गरून् भन्ने चाहन्छौ, त्यस्तै व्यवहार तिमीले अरूसँग गर। किनकि, तिम्रो व्यवहार तिम्रो जीवनको दर्पण हो। तिमी जस्तो व्यवहार गर्छौ, अरूबाट पनि त्यस्तै व्यवहार पाउँछौ।' यसरी अशिष्ट र असभ्य मानिसबाट सभ्यता र शिष्टताको पाठ सिक्ने यी वैद्य प्रख्यात लुकमान थिए। जोसँग सम्बन्धित एउटा भनाइ निकै लोकप्रिय छ, 'शंकाको उपचार त वैद्य लुकमानसँग पनि थिएन।'

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सरकार जिम्मेवार बन्नुपर्छ

आफ्नो देशमा फर्कन पाउनु कुनै पनि नेपाली नागरिकका नैसर्गिक तथा संविधानप्रदत्त अधिकार हो। यसर्थ, अहिले जुनसुकै माध्यमबाट भए पनि नेपाल युवा रसियाली सेनामा भर्ती भई उच्च जोखिमयुक्त वातावरणमा युक्रेनसँग युद्ध लड्दै जीवन-मरणको दोसाँधमा जिउन बाध्य भइरहेको यथार्थ विभिन्न सञ्चार माध्यमबाट बाहिर आइरहेको अवस्थामा सरकारले यसलाई केवल भावनात्मक रूपमा लिएर मात्र हुँदैन, जिम्मेवार बनी आफ्ना नागरिकलाई स्वदेश फर्काउने प्रभावकारी उपायतर्फ ध्यान केन्द्रित गर्नुपर्छ। यस्तो जरुरी विषयलाई सरकारले झारा टार्ने मात्र नभई अलि गम्भीर भई सोच्नुपर्ने र देशका अन्य राजनीतिक दलले पनि वर्तमान जटिल अवस्थालाई मध्यनजर गरी केवल सत्ता टिकाउने र उल्टाउने खेलमा मात्रै ध्यान केन्द्रित गर्दा भविष्यमा आत्मघाती हुन सक्ने सम्भावनालाई नजरअन्दाज गर्नुहुँदैन।

● **माधव पुडासैनी**, जोरपाटी, काठमाडौं
mpudasaini71@gmail.com

किन पक्राउ परेनन् बिचौलिया ?

नक्कली भुटानी शरणार्थी प्रकरणमा भइरहेको अनुसन्धानले एक वर्ष पूरा गरेको छ। तर, सो प्रकरणका मुख्य बिचौलिया भनिएका बेचन झा पक्राउ पर्न नसक्दा यस प्रकरणमा सम्मिलित भनिएका उच्चपदस्थमाथिको थप अनुसन्धान नै रोकिएको खबर सुन्दा दुःख लाग्यो। सिंगो राज्य लाग्दा पनि एकजना बिचौलियालाई पक्राउ गर्न सकिन्न भने यहाँनेर भन्नैपर्ने हुन्छ, तिनै आरोपित उच्चपदस्थले लुकाइरहेका छन्, बिचौलिया झालाई। नत्र झा अझै किन पक्राउ परेनन् ?

● **गोविन्द तामाङ**, बुढानीलकण्ठ, काठमाडौं

रंगशालालाई प्राथमिकता देऊ

सरकारले मूलपानी क्रिकेट मैदानलाई राष्ट्रिय गौरवको आयोजना घोषणा गरेको छ। तर, उसले बजेट भने आवश्यकताअनुसार दिएको छैन। जब बजेट नै नदिने भएपछि यस आयोजनालाई किन राष्ट्रिय गौरवको नाम दिइयो ? पछिल्लो समय नेपाली क्रिकेट निकै राम्रो लयमा देखिन्छ। तर, क्यानको सामान्य व्यवस्थापन र प्रशिक्षक तथा खेलाडीको एकोहोरो मिहिनेतले मात्र त्यो लय कायम राख्न कठिन छ। यसका लागि राज्यले पर्याप्त लगानी गर्नु जरुरी छ।

● **सुष्मा कायस्थ**, पुतलीसडक, काठमाडौं

देउवाको अस्वाभाविक छटपटी

सहकारी ठगीको आरोप लागेका गृहमन्त्री रवि लामिछानेविरुद्ध संसद्मा कठोर बनेर प्रस्तुत भएको प्रमुख प्रतिपक्षी कांग्रेस एकाएक सेलाएको छ। माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्डले आफूसँगको गठबन्धन टुटाएर एमालेसँग गठबन्धन गरेपछि आन्तरिक विवादमा रुमल्लिएको कांग्रेस एकढिक्का भएर संसद्मा प्रस्तुत भएको थियो। कांग्रेस सभापति शेरबहादुर देउवासमेत प्रचण्डप्रति आक्रोशित देखिन्थे। तर, रात रहे अग्राख पलाउँछ भनेझैं देउवा एकाएक प्रचण्डप्रति नरम बन्दै गएका छन्। आफ्नै सहमतिमा पार्टीले राखेको अडानमा देउवा आफैँ लचक भएपछि कांग्रेसभित्रको आन्तरिक विवाद फेरि सतहमा देखिएको छ।

देउवा आफैँ पनि सत्ताका माहिर खेलाडी हुन्। तर, प्रचण्डसामु उनको सामर्थ्य कमजोर सावित हुन पुगेको छ। नेपालको संविधानले परिकल्पना गरेअनुसार अहिलेको अवस्थामा दुई वा दुईभन्दा बढी दल नमिली सरकार बनाउन सक्ने अवस्था छैन। त्यसैको बाटो हेरेर नयाँ गठबन्धन बनेको केही समय राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति लामिछानेमाथि कठोर बनेका देउवा पछिल्लो समय नरम देखिएका हुन् भन्ने बुझ्न कठिन छैन। वर्तमान सत्ता गठबन्धनकै कतिपय नेता अहिलेको गठबन्धन र सरकारप्रति विश्वस्त नदेखिएका वेला पासा पल्टिहालेमा सत्ताको नेतृत्व आफ्नै भागमा पो परिहाल्छ कि भन्ने आशामा देउवा देखिन्छन्। त्यस्तो अवस्था आएमा जुनसुकै राजनीतिक दललाई पनि सहमतिमा ल्याउनुपर्ने अवस्था हुन सक्छ। त्यसैले, यतिखेर कांग्रेस सभापतिमा अस्वाभाविक छटपटी देखिन्छ।

● **सुजन देवकोटा**, पालुङ्टार-४, गोरखा
sddevkota778@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

मेरुदण्डविहीन जीव : मानवजीवनको आधार

अहिले जीव प्रजातिको छैटौँ महाविनाश चलिरहेको छ र यसको आर्किटेक्ट हामी हौँ। यसले अन्ततः होमोसेपियन्सलाई नै निल्नेछ।



देश/विदेश

● प्याट्रिक बारखम

हामी आफू र आफूजस्ता जीवप्रति बढी नै अनुरक्त हुन्छौँ। तर, पृथ्वीको अधिकांश जीवन हाम्रो जस्तो छैन। सम्पूर्ण ज्ञात जीवमध्ये मुस्किलले पाँच प्रतिशत मेरुदण्डयुक्त (भर्टिबेट) होलान्। बाँकी ९५ प्रतिशत अर्थात् कम्तीमा १३ लाख प्रजाति र पत्ता लाग्न बाँकी अझ धेरै जीव प्रजातिहरू मेरुदण्डविहीन (इन्भर्टिबेट) छन्।

आश्चर्यजनक रूपले विविधतापूर्ण छन्, यस ग्रहका मेरुदण्डविहीन जीवहरू। तिनका वासस्थान अद्वितीय छन्। तिनका बाँच्ने तरिका रोचक र नवप्रवर्तनात्मक लाग्छन्। यी जीवमा कीटपतङ्ग (कम्तीमा एक लाख प्रजाति), अराक्निड (माकुरा आदि), शंखेकिरा, क्रस्टेसियन (कनसुत्ला आदि), कोरल, जेलिफिस, परजीवी र इचिनोडर्म (स्टारफिस, सी कुकुम्बर) आदि पर्छन्।

संख्यात्मक लाभ, मौलिकता र आश्चर्यजनक शक्ति (करिज्मा)का बाबजुद मेरुदण्डविहीन जीवहरू हामीले सहानुभूति वा एन्थ्रोपोमोर्फाइज गर्न सक्ने हामीसँग मिल्दाजुल्दा वा दुई आत्मीय आँखा, ठूला आकार र धिमा गतिमा हिँड्ने प्रजातिप्रतिको अनुग्रहका कारण हाम्रो उपेक्षामा छन्। पग्लँदो हिमनदीमा फसेको ध्रुवीय भालु (पोलार बियर) वा खण्डित जंगलको लोपोन्मुख पान्डालाई बचाउन हामी भरमार पैसा खर्च गर्छौं। किनकि हामी उनीहरूको पीडा महसुस गर्छौं। तर, हामी गड्यौलाले दुखाइ महसुस गर्छन् कि गर्दैनन् भन्नेमा पनि निश्चिन्त छैनौँ।

एउटा सानो मेरुदण्डयुक्त जीव पनि हाम्रो राडारमा हुन्छ। किनकि उनीहरू हाम्रो दैनिक जीवनमा देखिन्छन्। उदाहरणका लागि राता पाटे पुतली अथवा घरमाकुरा वा भनौं माहुरीहरू। तर, निकै ठूलो संख्यमा रहेका बहुमत जीवहरू हाम्रो जानकारी वा ज्ञानको सीमाबाहिर बस्छन्- मानव प्रशंसा वा वैज्ञानिक अध्ययनबाट एकदमै पर। यी जीवलाई पक्कै पनि हाम्रो प्रशंसाको खाँचो पर्दैन। उनीहरू हाम्रो दायराभन्दा बाहिर नै ठीक छन्। दुर्भाग्य, यस एन्थ्रोपोसिन (मानव प्रधान) युगले कुनै पनि प्रजातिलाई एक्लै छोड्दैन। धेरै जीव हामीलाई थाहै नदिई समाप्त भइरहेका छन्। अहिले जीव प्रजातिहरूको छैटौँ महाविनाश चलिरहेको छ र यसको आर्किटेक्ट हामी हौँ।

हामीले विलोपीकरणको यो संकटलाई कम गर्न कदम चाल्नुपर्छ। किनकि महाविनाशको यो लहरले अन्ततः होमो सेपियन्सलाई नै निल्नेछ। अमेरिकी जीववैज्ञानिक इओ विल्सनले सन् १९८७ मा नै चेतावनी दिएका थिए, 'सच्चाइ के हो भने हामीलाई इन्भर्टिबेटहरू चाहिन्छन्, तर उनीहरूलाई भने हाम्रो खाँचो छैन।' उनले मेरुदण्डयुक्त जीवविना मानवजाति केही महिना पनि टिक्न नसक्ने भविष्यवाणी गरेका छन्। यदि हामीले परागकण सेचकहरू, अक्सिजनेटरहरू, खाद्य आपूर्तिकर्ताहरू, हाइजिनिस्ट (सफाइकर्ता किरा) र हामीलाई अनगिन्ती फाइदा प्रदान गर्ने सबै इन्भर्टिबेटलाई नष्ट गर्यौं भने हामी यो संसारमा लामो समय टिक्नेछैनौँ।

संसारभर नै उड्ने किराहरूको प्रचुरता घट्दै गएको प्रमाण छ। तथापि, अधिकांश इन्भर्टिबेट हामीभन्दा बढी लचिल देखिएका छन्। डायनासोर लोप भइसकेको करोडौँ वर्षपछि पनि किराफट्यांग्राहरू अस्तित्वमा छन्। यी पहिलेका पाँचवटा सामूहिक महाविनाशबाट बचेका छन्। हरेक इन्भर्टिबेट जीवलाई नष्ट गर्नुअघि नै हामी आफैँ सखाप हुने सम्भावना बढी छ। तर, हाम्रो अस्तित्व रहँदासम्म पृथ्वीको जीवनलाई सकेसम्म हामीसँगै फस्टाउन दिनु हाम्रो नैतिक दायित्व हुन्छ।



तस्बिर : साइन्स फोटो लाइब्रेरी- अलामे

बेलायतमा विश्वव्यापी महाविनाशको संकट सूक्ष्म जगत्मा प्रकट भइरहेको छ। मानव कब्जाको दीर्घ इतिहास, अन्तभन्दा छिटो भएको औद्योगीकरण, उच्च जनसंख्या र प्रकृतिबाट टुटेको संस्कृतिको कारण, बेलायत पृथ्वीको सबैभन्दा प्रकृति-ह्रास भएको देशमध्ये एक हो। तथापि, यहाँका द्वीपसमूहवरपर नियमित रूपमा देखा पर्ने भलै सानो संख्यामा किन नहुन्, एक सय सात प्रकारका जल, थल र आकाशीय स्तनपायी जीवका साथै हाम्रा जल र जमिनमा अझै पनि कम्तीमा ४० हजार इन्भर्टिबेटहरू छन्। संरक्षणविदका अनुमानअनुसार बेलायतमा प्रत्येक ६ प्रजातिमध्ये एक लोप हुने खतरामा छ।

यसै हप्ता हामी बेलायतमा पाइने इन्भर्टिबेट जीवनका विविधताको उत्सव मनाउन एक प्रतियोगिता सुरु गर्दै छौँ। इन्भर्टिबेट जगत्, तिनको बाँच्ने नवीन तौरतरिका र तिनको महत्त्वलाई उजागर गर्दा उनीहरूको गुम्दो प्रचुरता र विविधताबारे र यसमा हामीले के गर्न सक्छौँ भन्नेबारे जागरुकता बढाउन सकिने हाम्रो अपेक्षा छ।

हामीले 'ब्रिटिस इन्भर्टिबेट अफ द इअर २०२४'का लागि १० प्रजातिको सूची छनोट गरेका छौँ। सूचीको संख्या निराशाजनक रूपमा अपर्याप्त छ। हामीले विभिन्न 'फाइला' र 'क्लास'हरूबाट सुपरिचित र कम ज्ञात इन्भर्टिबेटहरूको मिश्रित नाम चयन गरेका छौँ। मनोनीत प्रत्येक जीव प्रजातिले जीवनको एक उल्लेखनीय तरिकाको कथा बताउँछ। मनोनीत जीवको कुनै नामले आशाको सन्देश बोक्छ भने कुनैले चेतावनीको। केहीचाहिँ विश्वव्यापी तापमानको यस युगमा पनि फस्टाउँदै छन्। (बदलिँदो जलवायु र विश्वको चरमतासँग अनुकूलन गर्ने ती साना जीवको क्षमतालाई कहिल्यै कम नआँकौँ।) केहीचाहिँ घट्दो क्रममा छन्। यहाँनेर यी प्रजाति हामीलाई बदलिन र पहलकदमी लिन घचघच्याउने गैरमानव दूत एवं अभियन्ता हुन्।

यदि तपाईं एक समुद्री जीववैज्ञानिक, कीटवैज्ञानिक वा सौखिन प्रकृतिवादी हुनुहुन्छ भने पनि वा तपाईं अन्य जीवबारे धेरै ज्ञान राख्नुहुन्न भने पनि तपाईंले निश्चिय नै हाम्रो सर्टलिस्टमा स्पष्ट कमी पाउनुहुनेछ। यसर्थ, कृपया, तपाईं पनि कारणसहित आफ्नो 'वर्ष इन्भर्टिबेट' मनोनीत गरिदिनुस्। सर्टलिस्टमा हामी सबैभन्दा उत्तम एकलाई थप्नेछौँ। जसले जित्छ, त्यो महत्त्वपूर्ण हुनेछ। किनकि हामीले नोटिसमा लिन थाल्यौँ भने हामीले तिनलाई ध्यान दिनेछौँ, हाम्रो ग्रहमा हाम्रो साथमा फस्टाउने अनुमति दिनेछौँ।

(बारखम गार्जियनमा प्राकृतिक इतिहासबारे लेख्छन्)

आन्तरिक कलहमै 'इन्डिया' गठबन्धन

भाजपा र उसका सहयोगीले लगभग सम्पूर्ण उम्मेदवारको सूचीलाई अन्तिम रूप दिइसक्दा विपक्षी 'इन्डिया' गठबन्धनभित्र भने सिट बाँडफाँटकै बार्गेनिङ चलिरहेको छ

यसै साता भारतीय राष्ट्रिय विकास समावेशी गठबन्धन (इन्डिया) मा आबद्ध पार्टीहरूले दिल्लीको रामलीला मैदानमा प्रभावशाली 'लोकतन्त्र बचाओ' र्‍याली आयोजना गरे। यसले मोदी सरकारका नीतिको विरोध गर्न कुनै खास विवरण प्रस्तुत गरेन, न त वैकल्पिक एजेन्डा पेस गर्‍यो। यसको सट्टा गठबन्धनमा एक 'पीडित' मानसिकता प्रस्ट देखिन्थ्यो। सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) ले आफूहरूलाई निसाना बनाएको गठबन्धनका नेताको कथन थियो।



उनीहरूले १८औँ आमनिर्वाचनको निष्पक्षतालाई पनि चुनौती दिए। मोदीले केन्द्रीय एजेन्सीहरू र 'चार पुँजीपति'को सहयोगमा हेमन्त सोरेन र अरविन्द केजरिवालजस्ता नेतालाई गिरफ्तार गरेर 'म्याच फिक्सिङ'मा संलग्न रहेको राहुल गान्धीले आरोप लगाए। तथ्य यो हो कि कंग्रेसले नै दिल्लीको आम आदमी पार्टी (आप) सरकारलाई मदिरा घोटालामा संलग्न रहेको आरोप लगाएको थियो। सोही विषयलाई लिएर केजरिवाल अहिले जेलमा छन्। चुनावी र्‍यालीमा आम आदमी पार्टी र कंग्रेस नेतृत्वबीचको सौहार्दताले कंग्रेसको गिर्दो भाग्यलाई केही हदसम्म प्रकाश पार्छ।

जनवरी २५ मा कंग्रेसका विदेश प्रमुख साम पित्रोदाले इलेक्ट्रोनिक भोटिङ मेसिन (इभिएम)को निष्पक्षतामा प्रश्न गर्न भर्चुअल प्रेस सम्मेलन गरे। तथापि उनले हिमाञ्चल, कर्नाटक र तेलंगाना चुनावमा आफ्नो पार्टीको जितबारे सोधिएको प्रश्नलाई बेवास्ता गरे, जहाँ उही इभिएम प्रयोग गरिएको थियो। केजरिवालको गिरफ्तारीपछि अमेरिका, जर्मनी र संयुक्त राष्ट्रसंघले पनि भारतको निष्पक्षतामाथि प्रश्न उठाएका छन्। स्पष्ट छ, राहुल गान्धीको बारम्बार विदेश भ्रमणले सार्थकता पाइरहेको छ।

रामलीला मैदानमा भएको र्‍याली इन्डिया ब्लकले आयोजना गरेको तेस्रो कार्यक्रम थियो। मार्च ३ मा गठबन्धनले पटनामा एक विशाल 'जनचेतना र्‍याली' आयोजना गर्‍यो र पन्ध्र दिनपछि मार्च १७ मा राहुलको भारत जोडो न्याय यात्राको समापनका अवसरमा ब्लकमा आबद्ध पार्टीहरू मुम्बईमा भेला भए। मार्च १० मा कोलकातामा पनि एक प्रभावशाली र्‍याली आयोजित गरिएको थियो, तर तृणमूल कंग्रेस (टिएमसी)ले राज्यका सबै ४२ सिटका लागि नाम घोषणा गरिसकेको थियो।

रामलीला मैदान सन् २०११ मा अन्ना हजारेको इन्डिया अगेन्स्ट करप्सन (आइएसी) आन्दोलनको चर्चित स्थल हो, जसले तत्कालीन कंग्रेस नेतृत्वको केन्द्रीय सरकारलाई चुनौती दिएको थियो। आइएसीको एक शाखा आम आदमी पार्टी (आप)मा केजरिवाल एक भ्रष्टाचारविरोधी अभियन्ताका रूपमा देखा परे। आइतबार सोही ठाउँमा भ्रष्टाचारको मुद्दामा जेल परेको विरोधमा जुलुस निकाल्नु विडम्बना हो।

त्यहाँबाट सय किलोमिटर टाढा मेरठमा राष्ट्रिय लोक दल (आरएलडी)का नवनियुक्त जयन्त चौधरीसहित भाजपाको उत्तर प्रदेश गठबन्धन साझेदारको साथमा प्रधानमन्त्री नरेन्द्र मोदीले भ्रष्टाचारविरुद्ध लड्ने र विकास सुनिश्चित गर्ने भन्दै २०२४ को निर्वाचन अभियान सुरु गरे। भाजपाको एजेन्डा र उसको प्रतिद्वन्द्वीबीचको भिन्नता एकदमै फरक छ। नकारात्मकताले विपक्षीलाई निरन्तर अगाडि बढाइरहेको छ, जबकि मोदी आफ्नो सरकारका उपलब्धिको प्रचार गर्छन् र तिनीहरूलाई 'ट्रेलर'को रूपमा प्रस्तुत गर्छन्।

रामलीला मैदानको र्‍यालीमा सोनिया गान्धीले भाग लिएकी थिइन्, जो अस्वस्थताका कारण अहिले बिरलै सार्वजनिक रूपमा देखा पर्छिन्। राहुल गान्धी र प्रियंका वाड्रासँगै सोनिया जेलमा परेका दिल्ली र झारखण्डका मुख्यमन्त्रीहरूका पत्नी सुनिता केजरिवाल र कल्पना सोरेनको छेउमा बसिन्। अरविन्द केजरिवाल र हेमन्त सोरेनका लागि मञ्चमा प्रतीकात्मक रूपमा दुई खाली कुर्सी राखिएका थिए। अन्य दुई मुख्यमन्त्री ममता बनर्जी र एम.के. स्टालिन मञ्चमा अनुपस्थित थिए। तर, उनीहरूको सम्मानमा कुनै कुर्सी राखिएका थिएनन्। उनीहरूलाई आ–आफ्ना सांसदले प्रतिनिधित्व गरेका थिए। ममता आफ्नो पार्टीका उम्मेदवार मोहुआ मोइत्राको प्रचार गर्न आइतबार कृष्णनगर पुगेकी थिइन्। टाउकोमा चोट लागेपछि पन्ध्र दिनमा ममताको यो पहिलो सार्वजनिक उपस्थिति थियो।

केजरिवाललाई पक्राउ गरेपछि ममताले उनीप्रति सहानुभूति राखिन्। यद्यपि, न त उनी न उनको भतिजा तथा पार्टी महासचिव अभिषेक बनर्जी (जो ब्लक बैठकहरूमा सक्रिय थिए)लाई रामलीला मैदानको र्‍यालीमा सहभागी हुन सार्थक लाग्यो। डेरेक ओब्रायन र नयाँ सांसद सागरिका घोषले तृणमूलको प्रतिनिधित्व गरे। बंगालका सबै ४२ सिटका लागि उम्मेदवार घोषणा गरेर टिएमसीले गठबन्धनविरुद्ध चेतावनीको घन्टी बजाइदिएको छ। गठबन्धनसँग भरोसा नभएको उनले संकेत गरेकी छिन्। कृष्णनगरमा आयोजित र्‍यालीमा ममताले भनिन्, 'देशमा इन्डिया गठबन्धन छ। वास्तवमा मैले गठबन्धनको नाम दिएकी थिएँ। चुनाव सकिएपछि हेर्छु। तर, भाकपा र कंग्रेससँग कुनै ब्लक छैन।' बंगालमा उनले गठबन्धनलाई भ्रम भनेर वर्णन गरिन्।

ममताको स्पष्टतालाई रामलीला मैदान मञ्चमा उपस्थित अन्य दलले सेयर गरेनन्। सिपिआईले केरलाको वायनाडमा राहुल गान्धीविरुद्ध उम्मेदवार खडा गरेको छ। बिहारमा यसले बेगुसरायका कंग्रेसका स्टार प्रचारक तथा युवाका प्रतीक कन्हैया कुमारलाई सहयोग गर्न अस्वीकार गर्‍यो। अन्ततः आरजेडीले स्वीकार गर्‍यो। पूर्णियामा पनि आरजेडीले हालै आफ्नो पार्टी कंग्रेसमा विलय गर्ने पप्पु यादवको उम्मेदवारीलाई अस्वीकार गरेर कंग्रेसलाई समर्थन जनायो। महाराष्ट्रमा गठबन्धनको वार्ताको परिणामबाट विचलित कंग्रेस राज्य एकाइले पाँच सिटमा 'मैत्रीपूर्ण लडाइँ' गर्ने विचार गरिरहेको छ। इन्डिया ब्लकको आधारमा धेरै दरार देखा परेका छन्। तर, ममताबाहेक अन्यले यी दरार ढाक्न पाखण्डलाई प्राथमिकता दिएका छन्।

सोरेन र केजरिवालको गिरफ्तारीलाई अदालतले कुनै निन्दा गरेको छैन। नोभेम्बरदेखि केजरिवालले नौवटा बोलावट बेवास्ता गरेका छन्। यदि उनी पहिले नै उपस्थित भएका भए अहिलेसम्म चुनावमा आफ्नो पार्टीको नेतृत्व गर्न स्वतन्त्र हुन सक्थे। पक्राउ परेका दिन दिल्ली उच्च अदालतले उनलाई सुरक्षा दिन अस्वीकार गर्‍यो। आफ्नो विवरण तयार गर्न केजरिवालसँग नोभेम्बरदेखि समय थियो। तर, पक्राउ परेका दिन उनी र उनको पार्टीसँग रणनीति तयार थिएन। ४०० सिटमा बिजेपीविरुद्ध उम्मेदवारी दिने चर्चा फितलो भएको छ। भाजपा र उनका सहयोगीहले लगभग सम्पूर्ण उम्मेदवारको सूचीलाई अन्तिम रूप दिएका छन्। यसबीच भारत गठबन्धन अझै पनि आन्तरिक कलह र बार्गेनिङमा लडिरहेको छ।

- एनडिटिभीका लागि शुभब्रत भट्टाचार्यको आलेख

ताइबानमा २५ वर्षयताकै शक्तिशाली भूकम्प



ताइपेई/ ताइवानमा २५ वर्षयताकै ठूलो भूकम्प जाँदा बुधबार साँझसम्म कम्तीमा नौजनाको मृत्यु भएको छ। स्थानीय समयअनुसार बिहान ८ बजे गएको ७.४ म्याग्निच्युडको भूकम्पबाट ९०० जनाभन्दा बढी घाइते भएका छन्। दुई करोड ३० लाख जनसंख्या रहेको स्वाशासित टापु ताइवानमा गएको भूकम्पको धक्का चीन, जापान र फिलिपिन्ससम्म परेको थियो। भूकम्पको केन्द्रबिन्दु पूर्वी हुआलियन काउन्टी क्षेत्रमा सयभन्दा बढी परकम्प गएका थिए। ताइवानको पहाडी क्षेत्र हुआलिन समुद्री दृश्यावलोकनका लागि स्वदेशी तथा विदेशी पर्यटकको रोजाइको स्थल हो। भूकम्पबाट मर्ने नौजनामध्ये तीनजनाको 'हाइकिङ ट्रेल'मा मृत्यु भएको थियो भने अरू दुईजनाको पहिरोले पुरिएर मृत्यु भएको हो।

एक रेलयात्रीले खिचेको तस्बिरमा हुलियान ट्रेलनजिकै ठूलो पहिरो खसेको देखिएको छ। हुलियानवरपरका केही भवन खतरनाक तरिकाले झुकेका छन् भने सेनाका जवानहरूले ती भवनमा जीवित मानिसको खोज गरेका तस्बिर तथा भिडियो टेलिभिजन र सामाजिक सञ्जालमा सार्वजनिक भइरहेका छन्। राजधानीबाहिर न्यु ताइपेई सहरमा भत्किएको एक भवनबाट उद्धारकर्मीले ५० जनालाई उद्धार गर्न सफल भएका थिए। उक्त भवन करिब ६० वर्ष पुरानो भएको र त्यहाँ छापाखाना रहेको नजिकै बस्ने लिउले बताए। दुई टेक्टोनिक प्लेटको संगमनजिक अवस्थित ताइबान विश्वका भूकम्पीय जोखिमयुक्त क्षेत्रमा पर्छ। ताइवानको राजधानी ताइपेईमा ठुल्ठूला भवन रहे पनि ती शक्तिशाली भूकम्प सहन सक्ने गरी बनाइएका हुन्छन्।

इतिहासमा आज

अप्रिल ४



सन् १९६८ : अमेरिकी अश्वेत मानव अधिकारवादी नेता मार्टिन लुथर किंग, जुनियरको जेम्स अर्ल रे नामक व्यक्तिले मेम्फिस सहरस्थित एक होटेलमा हत्या गरिदिए। लुथरको हत्यापछि अमेरिकाभर दंगा भड्किएको थियो।

सन् १९४९ : उत्तर एट्लान्टिक सन्धि संगठन (नेटो) वासिंटन डिसीमा हस्ताक्षर भएर विधिवत् रूपमा स्थापना भयो।

सन् १९६९ : हास्केल कार्प नामक व्यक्तिलाई विश्वको पहिलो अस्थायी कृत्रिम मुटु दियो।

सन् १९७३ : अमेरिकाको न्युयोर्क सहरमा त्यस समयको विश्वको सबैभन्दा अग्लो भवन 'विश्व व्यापार केन्द्र (डब्लुटिओ)' खुल्यो। यो भवन सन् २००१ सेप्टेम्बर ११ मा आतंकवादी आक्रमणमा ध्वस्त भयो।

सन् १९७५ : विल गेट्स र पोल एलेनको साझेदारीमा हाल विश्वको चर्चित कम्पनी माइक्रोसफ्ट स्थापना भयो।

सन् १९७९ : पाकिस्तानको सैन्य सरकारले देशका पूर्वराष्ट्रपति जुल्फिकर अलि भुट्टोलाई मृत्युदण्ड दियो।

सन् १९९९ : चीनमा ज्याक माले अलिबाबा कम्पनी स्थापना गरे।

एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको गैह्र बैकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको ७ (सात) दिने सूचना

(प्रकाशित मिति २०८०/१२/२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैकिङ्ग सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रि गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिन अर्थात मिति २०८०/१२/२९ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। गोप्य शिलबन्दी बोलपत्र सम्बन्धि सम्पूर्ण विवरणहरु तथा शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ। बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाडौंबाट रु. १००१- तिरी खरिद गर्न सकिनेछ।

लिलाम हुने गैह्र बैकिङ्ग सम्पत्तिहरुको विवरण: तपसिल

क्र.स.	जिल्ला	न.पा.	वडा नं./ नक्सा सिट नं.	कित्ता नं.	क्षेत्रफल (ब.मि.)	कैफियत
१.	झापा	दमक	१३/१७९००१७१६	१९१	१६४.००	जग्गा
			१३/१७९००१७१६	१९३	११७.००	जग्गा
		मधुमल्ला (दमक)	६/६घ	६८०	१४१३.८२	घरजग्गा
२.	रुपन्देही	बुटवल	९/०९८११९९०५	६१	१८६.२५	घरजग्गा
३.	रुपन्देही	मकहर	८/८ग	११६	४४३५.४४	जग्गा
			८/८ग	४	७७८.७४	जग्गा
४.	बांके	रझेना	८/८ख	५४०१	२२४.३२	घरजग्गा

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
FMO
Member of: Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१२/२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय थर्पु, तनहुँबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको नाम, ठेगाना	
१.	**नाम : आशा दर्शन खाजा घर** प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय प्रा.फ.न.घ.उ.वि. : १७४४०/०७७/०७८, दर्ता मिति : २०७७/०५/३०, पान नं. ६१३६६४००८, दर्ता मिति : २०७७/०५/३१ ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २, अर्चलबोट, **प्रोप्राइटर : आशा आले**	
	जमानतकर्ताको विवरण	
	१. नाम : आशा आले ना.प्र.नं. १३४१८७, जि.प्र.का. गोरखा जारी मिति : २०६२/०८/२७ पतिको नाम : यम वहादुर आले ससुराको नाम : तिल वहादुर आले ठेगाना : गोरखा जिल्ला, च्याङ्ली गा.वि.स. वडा नं. ४ हाल : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २, अर्चलबोट	**२. नाम : आकृति आले** ना.प्र.नं. ४४-०१-७७-०४८२४, जि.प्र.का. गोरखा जारी मिति : २०७७/१०/१३ बाबुको नाम : यम वहादुर आले बाजेको नाम : तिल वहादुर आले ठेगाना : गोरखा जिल्ला, पालुङटार न.पा. वडा नं. ७ हाल : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २, अर्चलबोट
	धितोको विवरण	
	आशा आलेको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला, खाल्टे गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ३५२ को क्षेत्रफल ३-६-०-२ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : थर्पु, तनहुँ, फोन नं. ०६५-४००११४
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालयः बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति २०८०/१२/२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक।

यस डेभलपमेन्ट बैंकबाट तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको तपसिलका शाखा कार्यालयबाट निम्न कर्जा शीर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सुचना मार्फत सुचीत गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र उक्त समय भित्र तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको चल अचल जायजेथा सम्पत्ति रोका राखी कानुनी प्रक्रिया अपनाई असुल उपर गरिने र ऋणीलाई कालोसुचीमा समेत सुचीकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचीत गरिन्छ।

तपसिल

ऋणीको विवरण

१) ऋणीको नाम : लक्ष्मी प्रसाद जैसी
बाबुको नाम : मनिराम जैसी
बाजेको नामः ब्रमा दास जैसी
ठेगानाः रानीवन -०६, दैलेख
हालको ठेगाना : मधुवन-०६, बर्दिया
नागरिकता नं.:९६१७८/१५६१
जारी गर्ने कार्यालय :जि.प्र.का., दैलेख
जारी मिति : २०५६/१०/२६
कर्जा शिर्षक : लघुउद्यम व्यवसाय कर्जा (आवधिक)
कर्जा लिएको शाखा कार्यालय : गुलरिया, बर्दिया

जमानीकर्ताको विवरण
क) नाम : तारा देवी जैसी
बाबुको नाम : ऋषिराम पन्त
पतिको नाम : लक्ष्मी प्रसाद जैसी
ससुराको नाम : मनिराम जैसी
ठेगानाः मधुवन -०६, बर्दिया
हालको ठेगाना : गुलरिया-०६, बर्दिया
नागरिकता नं. : ६५–०१–७७–०४३७४
जारी गर्ने कार्यालय :जि.प्र.का., बर्दिया
जारी मिति : २०७७/०९/२१

जमानीकर्ताको विवरण
ख) नाम : दिक्षिका गिरी
बाबुको नाम :मरोत्तम गिरी
पतिको नाम : महेन्द्र कुमार गिरी
ससुराको नाम : पुर्ण देव गिरी
ठेगानाः बनियाभार -०४, बर्दिया
हालको ठेगाना : मधुवन -०६, बर्दिया
नागरिकता नं. : ६५१००६/५४९
जारी गर्ने कार्यालय :जि.प्र.का., बर्दिया
जारी मिति :२०६६/११/१०

ग) नाम : माया पुलामी(सलामी) मगर
बाबुको नामः पदम बहादुर पुलामी मगर
पतिको नाम : दल बहादुर सलामी मगर
ससुराको नाम : कर्ण बहादुर पुलामी मगर
ठेगानाः सानोश्री -०६, बर्दिया
हालको ठेगानाः मधुवन -०६ बर्दिया
नागरिकता नं. : ६५१००२/१०७६
जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया
जारी मिति :२०६६-११-११

ऋणीको विवरण

२) ऋणीको नाम : कमल नेपाली
बाबुको नाम : लेख बहादुर दमाई
बाजेको नाम : सर्बसिंह दमाई
ठेगाना : पालुङ्ग मैनादी-०६,पाल्पा
नागरिकता नं.: ३९१९३४/७२
जारी गर्ने कार्यालय : जि.प्र.का पाल्पा
जारी मिति : २०६४/०८/१६
कर्जा शिर्षक : लघु उद्यम व्यवसाय
कर्जा लिएको शाखा : बुटवल

जमानीकर्ताको विवरण
क) नाम : बिमला परियार
पतिको नाम : कमल नेपाली
ससुराको नाम : सर्बसिंह दमाई
ठेगाना : रिब्दीकोट-०७, पाल्पा
नागरिकता नं. : ३९-०१-७८-०१४९६
जारी गर्ने कार्यालय : जि.प्र.का पाल्पा
जारी मिति : २०७८/०५/११

जमानीकर्ताको विवरण
ख) नाम : नागेन्द्र दर्जी
बाबुको नाम : धन बहादुर दर्जी
बाजेको नाम : शिवलाल दर्जी
ठेगाना : पाणिनी-०३, अर्घाखँाची
नागरिकता नं. : ८०३१
जारी गर्ने कार्यालय : जि.प्र.का अर्घाखँाची
जारी मिति : २०६२/११/०४

ग) नाम : पवित्रा लामिछाने
पतिको नाम : चन्द्र बहादुर घिमिरे
ससुराको नाम : डिक बहादुर घिमिरे
ठेगाना : बुटवल-०९, रुपन्देही
नागरिकता नं. : २४६८०
जारी गर्ने कार्यालय : जि.प्र.का रुपन्देही
जारी मिति : २०६०/१२/०९

ऋणीको विवरण

३) ऋणीको नाम : कमला नेपाली
बाबुको नाम :गम वहादुर नेपाली
पतिको नाम : बुद्ध रन
ससुराको नाम : कृष्ण वहादुर रन
ठेगाना : आनन्दबन-०४, रुपन्देही
हालको ठेगाना :बुटवल-१२, रुपन्देही
नागरिकता नं. : २५७५०
जारी गर्ने कार्यालय : जि.प्र.का., रुपन्देही
जारी मिति : २०६१/०२/१७
कर्जा शिर्षक : लघु उद्यम ब्यवसाय कर्जा (आवधिक)
कर्जा लिएको शाखा : बुटवल

जमानीकर्ताको विवरण
क) नाम : बुद्ध रन
बाबुको नाम : कृष्ण वहादुर रन
बाजेको नाम : मोतिराम रन
ठेगाना : बुटवल-०५, रुपन्देही
हालको ठेगाना : :बुटवल-१२, रुपन्देही
नागरिकता नं. : २४६५
जारी गर्ने कार्यालय : जि.प्र.का रुपन्देही
जारी मिति : २०५१/१०/१८

जमानीकर्ताको विवरण
ख) नाम : रचना नेपाली
बाबुको नाम : बाल कृष्ण नेपाली
बाजेको नाम : गोबिन्द वहादुर नेपाली
ठेगाना : भैरवस्थान-०५, पाल्पा
हालको ठेगाना :बुटवल-११, रुपन्देही
नागरिकता नं. : ३९-०१-७२-०१२६४
जारी गर्ने कार्यालय : जि.प्र.का पाल्पा
जारी मिति : २०७२/०२/१३

ग) नाम : दिलमाया थापा मगर
बाबुको नाम : नर ब. नासजाली
पतिको नाम : प्रदीप थापा मगर
ससुराको नाम : मानसिंङ थापा मगर
ठेगाना : बुटवल-०९, रुपन्देही
हालको ठेगाना : :बुटवल-११, रुपन्देही
नागरिकता नं. : ३७३०२४/६३१
जारी गर्ने कार्यालय : जि.प्र.का., रुपन्देही
जारी मिति : २०६३/१०/२२

ऋणीको विवरण

४) ऋणीको नाम : रचना नेपाली
बाबुको नाम : बाल कृष्ण नेपाली
बाजेको नाम : गोबिन्द वहादुर नेपाली
ठेगाना : भैरवस्थान-०५, पाल्पा
हालको ठेगाना : बुटवल-११, रुपन्देही
नागरिकता नं. : ३९-०१-७२-०१२६४
जारी गर्ने कार्यालय : जि.प्र.का पाल्पा
जारी मिति : २०७२/०२/१३
कर्जा शिर्षक : लघु उद्यम ब्यवसाय कर्जा (आवधिक)
कर्जा लिएको शाखा : बुटवल, रुपन्देही

जमानीकर्ताको विवरण
क) नाम : सुमित्रा नेपाली
बाबुको नाम : उत्तम बहादुर रन
पतिको नाम : बालकृष्ण नेपाली
ससुराको नाम : गोबिन्द वहादुर नेपाली
ठेगाना भैरवस्थान-०२, पाल्पा
हालको ठेगाना : :बुटवल-११, रुपन्देही
नागरिकता नं. : २/९३१
जारी गर्ने कार्यालय : जि.प्र.का पाल्पा
जारी मिति : २०६२/१२/२१

जमानीकर्ताको विवरण
ख) नाम : कमला नेपाली
बाबुको नाम :गम वहादुर नेपाली
पतिको नाम : बुद्ध रन
ससुराको नाम : कृष्ण वहादुर रन
ठेगाना : आनन्दबन-०४, रुपन्देही
हालको ठेगाना :बुटवल-१२, रुपन्देही
नागरिकता नं. : २५७५०
जारी गर्ने कार्यालय : जि.प्र.का., रुपन्देही
जारी मिति : २०६१/०२/१७

ग) नाम : दिलमाया थापा मगर
बाबुको नाम : नर ब. नासजाली
पतिको नाम : प्रदीप थापा मगर
ससुराको नाम : मानसिंङ थापा मगर
ठेगाना : बुटवल-०९, रुपन्देही
हालको ठेगाना : :बुटवल-११, रुपन्देही
नागरिकता नं. : ३७३०२४/६३१
जारी गर्ने कार्यालय : जि.प्र.का., रुपन्देही
जारी मिति : २०६३/१०/२२

ऋणीको विवरण

५) ऋणीको नाम : डम्मर वहादुर परियार
बाबुको नाम : विरे दमाई
बाजेको नाम : सदे दमाई
ठेगाना : महम्मदपुर-०८, वर्दिया
हालको ठेगाना : गुलरिया-०६, बर्दिया
नागरिकता नं. :३८६९९
जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया
कर्जा शिर्षक :लघुउधम व्यवसाय कर्जा (आवधिक)
कर्जा लिएको शाखा कार्यालय : गुलरिया, बर्दिया

जमानीकर्ताको विवरण
क) नाम : गणेश पुन मगर
बाबुको नाम : कमान सिंह पुन मगर
बाजेको नाम : हिम वहादुर पुन मगर
ठेगाना : गुलरिया-११, बर्दिया
हालको ठेगाना : गुलरिया-०८, बर्दिया
नागरिकता नं.:६५-०१-७०-०५४३१
जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया
जारी मिति : २०७०/१०/२६

जमानीकर्ताको विवरण
ख) नाम : नारायण गुरुङ्ग
बाबुको नाम :नर वहादुर गुरुङ्ग
बाजेको नाम : पुर्ण बहादुर गुरुङ्ग
ठेगाना : गुलरिया-०९, बर्दिया
नागरिकता नं.: ६५१००१/५६९
जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया
जारी मिति : २०६४/०९/२३

ग) नाम : सुभद्रा वि.क
बाबुको नाम : नर बहादुर कामी
पतिको नाम : डम्मर वहादुर परियार
ससुराको नाम : विरे दमाई
ठेगाना : सुनौलाबजार-०७, धादिङ
हालको ठेगाना : गुलरिया-०६, बर्दिया
नागरिकता नं. : २६१/१६९५५
जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ्ग
जारी मिति : २०६४/०९/१७

ऋणीको विवरण

६) ऋणीको नाम : गणेश पुन मगर
बाबुको नाम : कमान सिंह पुन मगर
बाजेको नाम : हिम वहादुर पुन मगर
ठेगाना : गुलरिया-११, बर्दिया
हालको ठेगाना : गुलरिया-०८, बर्दिया
नागरिकता नं.:६५-०१-७०-०५४३१
जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया
जारी मिति : २०७०/१०/२६
कर्जा शिर्षक :लघुउधम व्यवसाय कर्जा (आवधिक)
कर्जा लिएको शाखा कार्यालय : गुलरिया, बर्दिया

जमानीकर्ताको विवरण
क) नाम : कमान सिंह पुन पगर
बाबुको नाम : हिम वहादुर पुन मगर
बाजेको नाम : जाल बहादुर पुन मगर
ठेगाना : त्रिभुवननगर-०४, बर्दिया
हालको ठेगाना : गुलरिया-०८, बर्दिया
नागरिकता नं.: ९९३५
जारी गर्ने कार्यालय :जि.प्र.का., बर्दिया
जारी मिति : २०३७/८/२२

जमानीकर्ताको विवरण
ख) नाम : नारायण गुरुङ्ग
बाबुको नाम : नर वहादुर गुरुङ्ग
बाजेको नाम : पुर्ण बहादुर गुरुङ्ग
ठेगाना : गुलरिया-०९, बर्दिया
हालको ठेगाना : गुलरिया-०८, बर्दिया
नागरिकता नं.: ६५१००१/५६९
नारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया
जारी मिति : २०६४/०९/२३

ग) नाम : डम्मर वहादुर परियार
बाबुको नाम : विरे दमाई
बाजेको नाम : सदे दमाई
ठेगाना : महम्मदपुर-०८, वर्दिया
हालको ठेगाना : बर्दिया-०६, गुलरिया
नागरिकता नं. :३८६९९
जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया

ऋणीको विवरण

७) ऋणीको नाम : नारायण गुरुङ्ग
बाबुको नाम :नर वहादुर गुरुङ्ग
बाजेको नाम : पुर्ण बहादुर गुरुङ्ग
ठेगाना : गुलरिया-१, बर्दिया
हालको ठेगाना :गुलरिया-९, बर्दिया
नागरिकता नं.: ६५१००१/५६९
नारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया
जारी मिति : २०६४/०९/२३
कर्जा शिर्षक : लघुउधम व्यवसाय कर्जा (आवधिक)
कर्जा लिएको शाखा कार्यालय : गुलरिया, बर्दिया

जमानीकर्ताको विवरण
क) नाम : गौरी गुरुङ्ग
बाबुको नाम : टेक वहादुर बुढा
पतिको नाम : नारायण गुरुङ्ग
ससुराको नाम : नर वहादुर गुरुङ्ग
ठेगाना : गुलरिया-०९, बर्दिया
हालको ठेगाना : गुलरिया-०८, बर्दिया
नागरिकता नं.: ६५१००१/२१३८
जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया
जारी मिति : २०६७/२/११

जमानीकर्ताको विवरण
ख) नाम : गणेश पुन मगर
बाबुको नाम : कमान सिंह पुन
बाजेको नाम : हिम वहादुर पुन मगर
ठेगाना : गुलरिया-११, बर्दिया
हालको ठेगाना : गुलरिया-८, बर्दिया
नागरिकता नं.:६५-०१-७०-०५४३१
जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया
जारी मिति : २०७०/१०/२६

ग) नाम : डम्मर वहादुर परियार
बाबुको नाम : विरे दमाई
बाजेको नाम : सदे दमाई
ठेगाना : महम्मदपुर-०८, वर्दिया
हालको ठेगाना : बर्दिया-०६, गुलरिया
नागरिकता नं. :३८६९९
जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया
जारी मिति : २०६३/०३/१३

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २२ चैत ०८०

सर्वोच्चद्वारा एनआरएनएका दुई वर्षयताका गतिविधि अवैध ठहर

एकढिक्का हुने मौका आएको छ, यसलाई सदुपयोग गर्नुपर्छ



● **कुमार पन्त**, पूर्वअध्यक्ष, एनआरएनए

एनआरएनलाई अदालतले पनि एक भएर जाऊ भनेर सन्देश दिएको छ। यो मौकालाई सदुपयोग गर्नुपर्छ। अदालतको फैसलालाई सम्मान गर्नुपर्छ। उच्चस्तरीय समितिलाई ६ महिनाभित्र महाधिवेशन गर्नु भनेकाले संयोजक शेष घलेजीले पनि चासो दिएर बैठक राख्नुहोला। त्यो समितिले ६ महिनाभित्र विषय टुंग्याएर एनआरएनएलाई एक ठाउँमा ल्याउने कुरामा पहल गर्नेछौं। विवादरहित ढंगले महाधिवेशन प्रतिनिधि छनोट गर्ने र विवादरहित अधिवेशन होला भन्ने आशा गरौं।

अजित अधिकारी/नयाँ पत्रिका

सर्वोच्च अदालतले दुई वर्षअघि भएको गैरआवासीय नेपाली संघ (एनआरएनए)को निर्वाचनलाई अस्वीकार गर्दै त्यसयताका सबै गतिविधिलाई अवैध ठहर गरेको छ। यो आदेशसँगै एनआरएनए दुई वर्षअघिको अवस्थामा फर्किएको छ। सर्वोच्चका न्यायाधीशद्वय सपना प्रधान मल्ल र नहकुल सुवेदीको संयुक्त इजलासले १ माघ ०७८ मा गठन गरिएको संघको पूर्वअध्यक्षहरूको समितिलाई ६ महिनाभित्र निर्वाचन गराउने आदेश पनि दिएको हो।

संघको संरक्षकसमेत रहेका घले नेतृत्वको उच्चस्तरीय समितिमा सस्थापक डा. उपेन्द्र महतोसमेत छन्। यो समितिमा दुई वर्षअघि अध्यक्ष घोषणा भएका कुल आचार्य, डा. बद्री केसी र रविना थापा तथा होटेल हिमालयको बैठकबाट समानान्तर संघ घोषणा गरी अध्यक्ष, उपाध्यक्ष र महासचिव चयन भएका बिनोद कुँवर, उमेशकुमार पुडासैनी र जानकी गुरुङलाई समितिलाई थपेर ६ महिनाभित्र एकता महाधिवेशन गर्न अदालतले आदेश दिएको छ।

समितिमा दुईवटा संघका पदाधिकारी रहेकाले सहमतिमा निर्णय हुन सक्ने सम्भावना न्यून छ। त्यसैले अदालतले बहुमतका आधारमा निर्णय गर्न सक्ने र मत बराबर भएको खण्डमा संयोजकले मत दिएर निर्णय गर्न सक्नेसमेत आदेश दिएको छ। 'उच्चस्तरीय समितिको पहिलो बैठक बसेको ६ महिनाभित्र संघको सदस्यता, निर्वाचन तथा अधिवेशन प्रतिनिधि छनोटलगायतका सम्पूर्ण विवादको समाधान गरी एकतापूर्ण महाधिवेशन गराउने' आदेशमा भनिएको छ।

अदालतको यो आदेशसँगै वर्तमान दुवै कार्यसमिति भंग भएका छन्। यस्तो निर्णयले दुई वर्षअघि १०औं महाधिवेशनबाट अध्यक्ष भई आफ्नो कार्यकाल पूरा गरेका कुल आचार्यदेखि गत ३ कात्तिकमा सम्पन्न ११औं महाधिवेशनबाट अध्यक्ष निर्वाचित भएका डा. बद्री केसीसम्मले वैधानिक रूपमा पद गुमाएका छन्।

अध्यक्ष भइसकेका दुवैजना दुई वर्षअघिको कार्यसमितिमा उपाध्यक्ष रहेकाले सोही पद मात्रै मान्य हुने भएको छ। नवौं महाधिवेशनले निर्वाचित गराएको कुमार पन्त नेतृत्वको समितिबाहेकका गतिविधि अवैधानिक ठहर भएका हुन्।

हाल समानान्तर कमिटी अभ्यास गरिरहेका आरके शर्माले अदालतको फैसलाको सम्मान गर्ने भन्दै विश्वभर छरिएका नेपालीलाई एकताबद्ध गर्ने अभियानमा जुट्ने बताए। उनले भने, 'सर्वोच्चले हामी सबैलाई आपसी मनमुटाव त्यागेर संस्थालाई एकताबद्ध बनाउनुपर्ने सन्देश दिएको छ। यो अभियानलाई अगाडि बढाउनुको विकल्प छैन।'

दुई वर्षमा पाँचजना अध्यक्ष, सबै बदर



डा. बद्री केसी | कुल आचार्य | रविना थापा | विनोद कुँवर | आरके शर्मा

माघ, ०७८ मा सम्पन्न गैरआवासिय नेपाली संघ (एनआरएनए) को १० औं अधिवेशनले चयन गरेका तीन अध्यक्ष डा. बद्री केसी, कुल आचार्य र रबिना थापाको कार्यकाललाई अदालतले मान्यता दिएको छैन। त्यस्तै सोही समयमा समानान्तर कमिटी गठन गरी अध्यक्ष घोषणा गरेका बिनोद कुँवरसमेत अस्वीकृत भएका छन्।

उक्त समितिले दुई बर्षे कार्यकाल पुरा गरेपछि गत कात्तिकमा संघको ११ औं अधिवेशन सम्पन्न भएको छ। सो अधिवेशनले डा. बद्री केसीको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचन गरेको छ। तर, निर्वाचनमा धाँधली भएको भन्दै आर के शर्माको नेतृत्वमा नयाँ समानान्तर कमिटी गठन भएको छ। अदालतले बुधबार गरेको फैसलापछि केसी र शर्माको अध्यक्षसमेत खोसिएको छ।

■ घले नेतृत्वको समितिलाई अधिवेशन गराउने जिम्मा



दुई वर्षअघि माघ, ०७८ मा एनआरएनबीच सहमति गराउन तत्कालीन समयमा संरक्षक रहेका शेष घलेको संयोजकत्वमा उच्चस्तरीय समिति बनेको थियो। त्यतिबेला सदस्यता शुद्धीकरण र अधिवेशन प्रतिनिधि छनोटमा सहमति गराउन उनी असफल भएका थिए। त्यसपछि अध्यक्षका प्रत्याशीहरू आचार्य, केसी र थापाले सहमतिमा तीनजना नै अध्यक्ष रहने घोषणा गरेका थिए। यो व्यवस्थाप्रति असन्तुष्टि जनाएका घले समूहले विनोद कुँवरलाई अध्यक्ष घोषणा गरी समानान्तर कमिटी बनाएका थिए।

गत कात्तिकमा सम्पन्न ११औं महाधिवेशनमा घले समूहको शक्ती कमजोर देखिएको थियो। तर, बुधबार सर्वोच्चको आदेशले उच्चस्तरीय समिति ब्युताउँदै निर्वाचन गराउने जिम्मेवारीसमेत दिएपछि घले पुनः शक्तिमा आएका छन्। घले संयोजक रहेको समितिमा उपेन्द्र महतो, देवमान हिराचन, जीबा लामिछाने, भवन भट्ट, रामप्रताप थापा, कुमार पन्त, कुल आचार्य, बद्री केसी, रविना थापा, विनोद कुँवर, उमेश पुडासैनी, र जानकी गुरुङ छन्।

सिस्नेखोला-नागढुंगाको मुख्य टनेल ब्रेक थ्रु वैशाख पहिलो साता

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपालको पहिलो आधुनिक सुरुङमार्ग 'सिस्नेखोला-नागढुंगा'को मुख्य टनेलको 'ब्रेक थ्रु' वैशाख पहिलो साता हुने भएको छ। दुई हजार ६ सय ८८ मिटरको मुख्य सुरुङमार्गमा अब दुई मिटर मात्रै खन्न बाँकी छ।

यो परियोजनामा रेस्क्यु र मुख्य गरेर दुई टनेल छन्। दुई हजार पाँच सय ५७ मिटरको रेस्क्यु टनेल २२ साउनमा 'ब्रेक थ्रु' भइसकेको छ। मुख्य टनेल भने ३ वैशाखमा छेड्ने तयारी भएको आयोजना कार्यालयका इन्जिनियर रमेश कोइरालाले जानकारी दिए। 'ब्रेक थ्रु' समारोहमा उपस्थितिका लागि नेपाल सरकार, निर्माण कम्पनी र जाइकाका उच्च पदस्थ अधिकारहरूको समय मिलाउने काम भइरहेको छ। अहिलेलाई वैशाख ३ गते नै ब्रेक थ्रु गर्ने गरी तयारी भइरहेको छ,' उनले भने, 'बाँकी भएको दुई मिटर खण्ड एकपटकको ब्लास्टिङबाट छेड्न सकिन्छ। त्यसअनुसार अहिले सुरुङ खन्ने काम भएको छैन।' तर, नेपाल सरकारका उच्च पदस्थ अधिकारीको समय मिलाउनुपर्ने हुनाले एक-दुई तलमाथि हुन सक्ने उनको भनाइ छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

उनका अनुसार नेपाल सरकार र ऋण सहयोग गर्ने जापान सहयोग नियोग (जाइका) जापानिज निर्माण कम्पनी हाजमा एन्डो कर्पोरेसनलका उच्च पदस्थ अधिकारीहरूको उपस्थितिमा सुरुङ ब्रेक थ्रु गर्ने तयारी छ।

यसअघि २३ फागुनमा मुख्य टनेलको ब्रेक थ्रु गर्ने योजना थियो। तर, स्थानीयले विभिन्न माग राखेर निर्माणमा अवरोध गरेपछि ६ फागुनदेखि ५ चैतसम्म सुरुङ खन्ने काम रोकिएको थियो। त्यसबेला १४ मिटर खण्ड मात्रै खन्न बाँकी थियो। स्थानीयको माग सम्बोधन गर्ने सहमति भएसँगै ६ चैतबाट आयोजनाको निर्माण सुरु भएको थियो। अब भने मुख्य टनेलको ब्रेक थ्रु हुनेमा आशावादी रहेको आयोजना कार्यालयका अधिकारी बताउँछन्। यो नेपालको पहिलो आधुनिक सुरुङमार्ग हो। यो टनेल बनेपछि नौबिसे हुँदै काठमाडौं प्रवेश गर्ने सवारीसाधनको यात्रा केही छोटिनेछ। पश्चिम धादिङको सिस्नेरीबाट सुरु भएको यो सुरुङमार्ग काठमाडौं नागढुंगामा निस्कनेछ। २२ अर्ब १४ करोड रुपैयाँभन्दा बढी लागतमा यो परियोजना बन्दै छ। त्यसमा जाइकाले १६ अर्ब ६३ करोड सहुलियत ऋण उपलब्ध गराएको छ। बाँकी पाँच अर्ब ८५ करोड भने नेपाल सरकारले लगानी गरेको छ। सरकारले उपलब्ध गराउने रकम जग्गाको मुआब्जा, संरचना र अन्य प्रशासनिक कार्यमा खर्च भइरहेको छ। जाइकाले दिएको रकम भने ठेक्कामार्फत आयोजना निर्माणमा खर्च भइरहेको छ

यो आयोजना बनाउन विभाग र निर्माण कम्पनीबीच सेप्टेम्बर ०१९ मा सम्झौता भएको थियो। ठेक्का प्राप्त जापानिज निर्माण कम्पनी हाजमा एन्डो कर्पोरेसनले डिसेम्बर २०२० (पुस २०७७) देखि सुरुङ खन्न सुरु गरेको थियो। त्यसको साढे तीन वर्षपछि मुख्य टनेल ब्रेक थ्रु हुन लागेको हो।

■ एक वर्षपछि सुरुङमार्ग सञ्चालनमा

परियोजना सञ्चालनमा आउन भने थप एक वर्ष समय लाग्ने बताइएको छ। सुरुङमार्गलाई ब्रेक थ्रु गरेर मात्र हुँदैन, भित्रको सडक ढलान गर्नुपर्ने हुन्छ। साथै, भित्ता पनि विशेष रूपमा ढलान गर्नुपर्छ।

यसैगरी, सुरुङमार्गभित्र अक्सिजनको मात्रा मिलाउने, कन्ट्रोल सिस्टम बनाउने, टेलिफोन जडान गर्ने, रेस्क्यु सेन्टर बनाउने, लाइट जडान गर्ने, तामक्रम मिलाउनेलगायतका काम गर्नुपर्छ। त्यसका लागि ६ महिनाभन्दा बढी समय लाग्ने अनुमान गरिएको छ। सम्पूर्ण निर्माण कार्य सम्पन्न भएपछि पनि सुरुङलाई सञ्चालनका लागि योग्य (स्टेबल) बनाउन थप न्यूनतम ६ महिना समय पर्खनुपर्छ।

यसका अलावा आयोजनाअन्तर्गतको फ्लाइओभर बनाउने काम पनि बाँकी छ। त्यो सुरुङमार्ग अगाडि नै बनाउन सकिन्छ। यस्तो काम सम्पन्न गर्न थप एक वर्ष समय लाग्ने आयोजनाको इन्जिनियर कोइरालाले बताए। अर्को वर्ष अप्रिलसम्म आयोजना तयार हुन सक्ने उनले बताए।

■ समग्र भौतिक प्रगति कति ?

ब्रेक थ्रु भएसँगै आयोजनाका सुरुङ खन्ने काम सकिन्छ। रेस्क्यु टनेलसँगै १२६ मिटरका वर्किङ अडिट र १२८ मिटरको क्रस प्यासेज खन्ने काम सकिएको छ। अब मुख्य टनेल पनि ब्रेक थ्रु हुनेछ। हालसम्म आयोजनाको समग्र भौतिक प्रगति ६२ प्रतिशत हाराहारी पुगेको छ। वित्तीय प्रगति भने ६४ प्रतिशत पुगेको तथ्यांकमा उल्लेख छ। हालसम्म परियोजनाको ११ वटा संरचना तयार भइसकेको छ। आयोजनामा बन्ने १२ संरचना मध्य तीन अन्डरपास र चार बक्स कल्भर्ट (माथि गाडी गुड्ने तल पानी बग्ने संरचना)को निर्माण सकिएको छ।

एसजेवीएन अरूण-3 पॉवर डवलपमेंट कंपनी प्रा. लि.
SJVN Arun-3 Power Development Company Pvt. Ltd.
(एसजेवीएन की पूर्ण स्वामित्व वाली अधीनस्थ कंपनी)
(A wholly owned subsidiary of SJVN)
900 मेगावाट अरूण-3 जलविद्युत परियोजना
900 MW Arun-3 Hydro Power Project
Regd. No.: 111808/69/070
एसएपीडीसी SAPDC

PRESS NOTICE

SJVN Arun-3 Power Development Company (P) Ltd. (SAPDC) invites sealed open tender enquiries from the eligible bidders/contractors of Nepal as per the following details:

Contract No.	Description of Work	Publishing date on websites	Last date for Submission/ Opening of bid Proposals
PCD-228/2024	Construction of 3 storey RCC building on bench towards Koshi Highway of SAPDC, Arun-3 HEP Tumlingtar Complex, Nepal.	03.04.2024	**Submission:** at (Tumlingtar Office) 24.04.2024 upto 1500 Hrs. **Opening:** at (Tumlingtar Office) 25.04.2024 at 1600 Hrs.

Bids are to be submitted either by post/Courier or physically in the SAPDC office at **Tumlingtar**, Distt. Sankhuwasabha, Nepal. The Tender Documents can be downloaded from websites: **https://sapdc.com.np & http://sjvn.nic.in/tender.htm**

Further, Amendment(s) / Notification(s) etc. shall be issued on above websites only.

Sd/-
Chief Engineer (P&C),
Arun-3 HEP,Tumlingtar.
Tel.: +977-29-575154
e-mail: pnc.sapdc@sjvn.nic.in

३५(पैंतिस) दिने धितो लिलामीको सूचना

प्रकाशित मिति : २०८०/१२/२२

यस श्रीयन्त्र बचत तथा ऋण सहकारी सँस्था लि.का तपसिलमा उल्लेखित तपाईं ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा कर्जाको सँस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा व्याज आदि भुक्तान गर्न आउन तपाईं ऋणीहरुलाई पटक पटक मौखिक तथा सार्वजनिकरुपमा पत्र पत्रिकामा ७(सात), १५(पन्द्र) तथा ३५(पैंतिस)दिने सूचना प्रकाशित गरी तरतावेता गर्दा समेत ऋणकर्जा चुक्ता गर्न चासो नदेखाई वेवास्ता गरेकोले धितो लिलामीको ३५ दिने सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको ३५(पैंतिस)दिन भित्र ऋणी तथा ऋणीको जमानी सँस्थामा उपस्थित भई आफूले तिर्नुपर्ने ऋण कर्जाको साँवा,व्याज तथा अन्य दै-दस्तुर चुक्ता-भुक्तान गरेमा सो धितो लिलामीको प्रकृया नै स्थगित गर्नसकिनेछ। तोकिएको म्याद भित्र पनि ऋणकर्जा चुक्ता नगरेमा सहकारी ऐन २०७४,नियमावली २०७५ तथा प्रच्चलित नेपाल कानून बमोजिम सँस्थाले लिलाम बिक्री गर्ने भएकोले लिलाममा डाक बढाबढ गरिलिन चाहने ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन(उक्त दिन बिदा परेमा सो को भोलिपल्ट)बिहान ११ बजे यस सँस्थाको कार्यालयमा उपस्थित भई आफूले सकार गर्न चाहेको मूल्यमा बोलकबोल गर्नहुन यसै सूचनाद्धारा आह्वान गरिन्छ। धितो लिलामी डाक बढाबढ बोलकबोल कसैले नसकारेमा सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम सँस्था आफैले सो धितो लिलाम सकार गर्नेछ।

धितो लिलाम बढाबढमा सबैभन्दा बढि कबोल गर्ने व्यक्तिले कबोल रकमको १० प्रतिशत रकम नगदै धरौटी स्वरुप सोहि दिन सँस्थामा जम्मा गर्नुपर्नेछ। कबोल रकमको बाँकी रकम ७(सात)दिन भित्र जम्मा गरिसक्नुपर्नेछ। तोकिएको म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी स्वरुप राखेको रकम जफत गरिनेछ। तपसिलमा उल्लेखित सुरक्षणको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्र सम्पर्क राखि लिन सकिनेछ।

तपसिल

ऋणीको विवरण	धितोको विवरण	ऋणीको विवरण	धितोको विवरण
नाम:चञ्चली थापा बाबुको नाम: शिव बहादुर थापा पतिको नाम:सन्त बहादुर दङ्गाल ठेगाना:-सिन्धुपाल्चोक जिल्ला,कुन्चोक वार्डनं.५ ना.प्र.नं.२४१०३४।१६९५२ जारी मिति:२०६६/०१/२८ जारीस्थान : जि.प्र.का. सिन्धुपाल्चोक। हालको ठेगाना:-कागेश्वरी मनहोरा,वडा नं.५ (थली)	चन्चली थापाको नाममा रहेको काठमाडौं जिल्ला,थलिडाँछी-७ को नक्सा सिट नं.७, कि.नं. २३०३,क्षे.फ.०-३-०-० को जग्गा तथा सो जग्गाले चर्चेको लिगलिगापात समेत।	नाम:राम बहादुर दंगाल बाजेको नाम:यज्ञश्वर दंगाल बाबुको नाम:टेक बहादुर दंगाल ठेगाना:-सिन्धुपाल्चोक जिल्ला,सिपापोखरे-५ ना.प्र.नं.७०३।४२२ जारी मिति:२०४६।०२।१२ जारीस्थान:जि.प्र.का.सिन्धुपाल्चोक, हालको ठेगाना- कागेश्वरी मनहोरा,वडा नं.५(थली)	राम बहादुर दंगालको नाममा रहेको काठमाडौं जिल्ला,थलीडाँछी-७ को नक्सा सिट नं.७, कि.नं. २२६३, क्षे.फ. ०-२-२-० को जग्गा र सो जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत।
जमानीको नाम-सन्त बहादुर दंगाल,बाजेको नाम-टेक ब. दंगाल, बाबुको नाम-राम ब.दंगाल, ना.प्र.नं.-४८२२४।११२६३८, जारीस्थान- सिन्धुपाल्चोक, जारी मिति : २०६०/०३/२९ हाल ठेगाना : कागेश्वरी मनहोरा, वडा नं.५ (थली)			

श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लि.
पिंगलास्थान, गौशाला, काठमाडौं, फोन नं. : ०१-४५८३२४५

मदन भण्डारी राजमार्गअन्तर्गत गुल्मीमा सवा तीन अर्बको काम हुँदै

गुल्मीमा **टोपलाल अर्याल**

मदन भण्डारी राजमार्गको ८९ किलोमिटर खण्ड पर्ने गुल्मीमा अहिले दुई खण्डमा ४१ किलोमिटर सडक र चार पक्की पुल निर्माणको काम हुँदै छन्। रिडी-तम्घास खण्ड र सिमलटारी-प्युठान खण्डमा दुई अर्ब ९३ करोड लगानीमा सडक निर्माणको काम भइरहेको छ। त्यस्तै, तम्घास-सिमलटारी खण्डमा १९ करोड २६ लाखभन्दा बढीका चार पुल निर्माणाधीन छन्। तर, निर्माण सम्झौता भएको लामो समय बित्दा पनि रिडी-तम्घास सडक खण्डबाहेकको काम सुस्त छ।

जिल्लाको रुरु, छत्रकोट र मदाने गाउँपालिका क्षेत्रमा सडक निर्माणको काम अगाडि बढेको छ। मदन भण्डारी राजमार्ग आयोजना कार्यालय गुल्मीका अनुसार पहिलो खण्ड रिडी-तम्घासअन्तर्गत रिडीदेखि छत्रकोट गाउँपालिको भोड्कासम्मको २५ किलोमिटर सडक निर्माण कार्य अगाडि बढेको छ। ०७९ फागुनमा समानान्तर-एलाइट जेभीले एक अर्ब ५० करोडको लागतमा निर्माण सम्झौता गरेको मदन भण्डारी राजमार्ग आयोजना कार्यालय गुल्मीकी सूचना अधिकारी इन्जिनियर शर्मिला शर्माले जानकारी दिइन्।

यो खण्डमा तीन वर्षभित्र कटिङ, नाली, स्ट्रक्चर, ग्राभेल र कालोपत्रेलगायतका काम गरिनुपर्ने सम्झौतामा उल्लेख छ। एक वर्षमा समानन्तर-एलाइट जेभीले २५ प्रतिशत काम गरेको छ। सूचना अधिकारी शर्माका अनुसार गुल्मी पश्चिमको सिमलटारीदेखि प्युठानको मच्छीसम्मको ३० किलोमिटर सडक निर्माणको काम सुरु भएको छ।

यो खण्डको ३० किलोमिटरमध्ये गुल्मीमा सौतामारेसम्म १६ किलोमिटर पर्छ। श्रेष्ठ सक्षम जेभीले ०७९ कात्तिक महिनादेखि तीन वर्षमा काम सक्ने गरेर एक अर्ब ४३ करोडमा निर्माण कार्यको सम्झौता गरेका छन्। तर, अहिलेसम्म १७ प्रतिशत काम गरेको मदन भण्डारी राजमार्ग आयोजना कार्यालयले जनाएको छ। आयोजना कार्यालय निर्माण व्यवसायीको कामबाट सन्तुष्ट छैन्। धेरैपटक पत्र पठाएर दबाब दिएपछि निर्माणस्थलमा काम भएको छैन।



मदनभण्डारी राजमार्गअन्तर्गत गुल्मीको तम्घास-सिमलटारी खण्डमा चारवटा पक्की पुल निर्माण भइरहेका छन्। सम्झौताअनुसार निर्माण व्यवसायीले चारवटै पुल १८ देखि २० महिनाभित्र निर्माण गर्नुपर्थ्यो। तर, थपिएकै समयमा पनि काम हुने अवस्था नदेखिएपछि आयोजना कार्यालय र निर्माण व्यवसायीलाई चौतर्फी दबाब पर्न थालेको छ। सुनील-समीर निर्माण सेवाले २७ जेठ ०७९ मा हुलाके र धनार्जी खोलामा २५ मिटर लामो पुल निर्माणको ठेक्का पाएको छ।

निर्माण कम्पनीले हुलाके खोला पुल पाँच करोड ७९ लाख र धनार्जी खोला पुल सात करोडमा निर्माणको सम्झौता गरेको छ। सम्झौताअनुसार हुलाके पुल २० महिनामा सम्पन्न गर्नुपर्ने हो। तर, गत २६ मंसिरमै पहिलो सम्झौता सकिए पनि बल्ल ३० प्रतिशत भौतिक र २२ प्रतिशत वित्तीय प्रगति देखिएको मदनभण्डारी राजमार्ग आयोजना कार्यालयले जनाएको छ। अहिले पुनः २७ जेठ ०८० सम्म म्याद थप भएको छ।

तम्घास पश्चिममा चार पुल र सडकको काम सुस्त

त्यस्तै, धनार्जी पुल १८ महिनामा सक्नुपर्थ्यो। यो पुल ३५ मिटर लामो छ। पैसा पनि धेरै छ। तर, सोचेअनुसारको काम भएको छैन। यो पुलको गत २७ माघमा म्याद सकिएको छ। काम नसकिएपछि फेरि ७ कात्तिक ०८१ सम्म पुनः म्याद थप भएको छ। यो पुलको पनि ३० प्रतिशत भौतिक र २१ प्रतिशत वित्तीय प्रगति भएको छ। निर्माण व्यवसायी बाबुराम थापाले कार्यालयले कामको भुक्तानी समयमै गरे आफूहरूले बर्खाअगाडि काम सक्ने बताए। तर, कामको अवस्थामा हेर्दा चित्तबुझ्दो नभएको स्थानीयको गुनासो छ।

चार पुलमध्ये पन्थ निर्माण सेवाले फूलबारी र घमिर खोला पुलमा दुई पुल निर्माण गरिरहेको छ। निर्माण व्यवसायीले ११ जेठ ०७८ मा फूलबारी र घमिर खोला पुल निर्माणको सम्झौता गरेको छ। आयोजना कार्यालय र निर्माण व्यवसायीबीच २० मिटर लामो फूलबारी खोला पुल तीन करोड ३२ लाख र १५ मिटरको घमिर खोला पुल तीन करोड १३ लाखमा निर्माण गर्ने सम्झौता छ।

दुवै पुल सम्झौता भएको मितिले १८ महिनामा काम सक्नुपर्थ्यो। तर, दुईपटक थपिएका म्याद सकिँदासम्म बल्ल ६५ प्रतिशत भौतिक र ३४ प्रतिशत वित्तीय प्रगति भएको मदन भण्डारी आयोजना कार्यालय गुल्मीका प्रमुख इन्जिनियर युवराज पोखरेलले जानकारी दिए।

बल्खुस्थित साझाको पेट्रोलपम्प २४सै घन्टा खुला

काठमाडौं/ साझा सहकारीद्वारा बल्खुमा सञ्चालित पेट्रोलपम्प २४सैं घन्टा खुला हुने भएको छ। बुधबार दिउँसो एक कार्यक्रमबीच उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सेवा शुभारम्भको उद्घाटन गरेका हुन्। आयल निगम र साझा सहकारीको समन्वयमा २४सैं घन्टा सेवाको सुचारु भएको हो।

सेवा सुभारम्भ गर्दै मन्त्री भण्डारीले अत्यावश्यक बस्तुको सहज आपूर्ति गर्ने राज्यको दायित्व अन्तर्गत २४सैं घन्टा पेट्रोलपम्प खुला गर्न थालिएको बताए। 'अत्यावश्यक वस्तुको जतिखेर पनि आपूर्ति सुनिश्चित गर्ने कुरा राज्यको दायित्वभित्र पर्छ। आजबाट यसको प्रारम्भ गरिएको छ' मन्त्री भण्डारीले भने।

उनले आयल निगम र साझा सहकरीको सहकार्यबाट भएको अभियानलाई देशभर विस्तार गर्ने पनि बताए। 'महानगर, प्रदेशका राजधानी र बाक्लो बस्ती भएका सहरमा दुई-तीनवटा पेट्रोलपम्प २४सैं घन्टा खुला राख्ने योजनामा छौं', उनले भने। कार्यक्रममा आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले रातको समयमा जरुरी कामले बाहिर निस्कन खोज्दा इन्धन अभावले कोहीलाई अप्ठ्यारो नपरोस् भन्ने उद्देश्यले पेट्रोलपम्प २४सै घन्टा खुला राख्ने नीतिलाई कार्यान्वयन थालिएको बताए।'यो अभियानको सुरुवात भएको छ। अब देशका अधिकांश ठाउँमा पेट्रोलपम्प जुनसुकै समयमा खुल्ला रहने व्यवस्था मिलाउँदै छौं', उनले भने।

नयाँ वर्षमा रेडमी नोट-१३ सिरिजमा आकर्षक अफर

नयाँ पत्रिका



टेक्नोलोजी ब्रान्ड साओमीले नयाँ वर्षको अवसरमा 'नयाँ साल, नयाँ नोट' अफर ल्याएको छ। अफरअन्तर्गत ग्राहकले रेडमी बड्स-४ एक्टिभ फ्रीमा र रेडमी वाच-३ एक्टिभ आकर्षक डिस्काउन्टमा प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ।

रेडमी नोट-१३ प्रो वा रेडमी नोट-१३ प्रो+५ जीको खरिदमा ग्राहकले रेडमी बड्स-४ एक्टिभ निःशुल्क वा ५,६९९ रुपैयाँको रेडमी वाच-३ एक्टिभ मात्र रु. ३,४९९ मा पाउनेछन्।

त्यसैगरी, रेडमी नोट-१३ खरिद गर्दा भने ग्राहकले रेडमी बड्स-४ एक्टिभ निःशुल्क प्राप्त गर्ने कम्पनीले जनाएको छ।

यस अफरले नेपाली बजारमा उच्च गुणस्तरीय, पहुँचयोग्य प्रविधि प्रदान गर्ने साओमीको आफ्नो प्रतिबद्धतालाई निरन्तरता दिएको कम्पनीले जनाएको छ।

साओमी नेपालका कन्ट्री जनरल म्यानेजर मनु मनस्वीले आफ्ना ग्राहकका लागि नयाँ वर्षको अवसर पारेर नयाँ अफर ल्याउन पाउँदा खुसी लागेको बताए।

रेडमी-१३ नोट सिरिज अन्तर्गत रेडमी नोट-१३ को रु २४,९९९ (६/१२८ जिबी) र २७,९९९ (८/२५६ जिबी) रहेको कम्पनीले जनाएको छ।

त्यसैगरी, रेडमी नोट १३ प्रोको मूल्य ३४,९९९ (८/२५६ जिबी) र ३९,९९९ (१२/५१२ जिबी) रहेको छ। यसबाहेक रेडमी नोट-१३ प्रो प्लस ५ जीको मूल्यः रु ४७,९९९ (८/२५६ जिबी), रु ५२,९९९ (१२/५१२ जिबी) रहेको कम्पनीले जनाएको छ।

महालक्ष्मी विकास बैंक र एनआइसी एसिया क्यापिटलबीच सहकार्य

काठमाडौं/ महालक्ष्मी विकास बैंक र एनआइसी एसिया क्यापिटलबीच समझदारी भएको छ। क्यापिटलद्वारा सञ्चालित खुलामुखी योजना 'एनआइसी एसिया डाइनामिक डेब्ट फन्ड'को बैंकले वितरण एजेन्टका रूपमा काम गर्न सम्झौता भएको हो। यस समझदारीअनुसार बैंकका ग्राहकको व्यवस्थित लगानी योजनामा पहुँच अभिवृद्धि हुनेछ।

महालक्ष्मी विकास बैंकको शाखा सञ्जालको अधिकतम उपयोग गरी लगानीका अवसरको थप विस्तार तथा विविधीकरण हुने लक्ष्य यो समझदारीबाट लिइएको छ। देशभर लगानीकर्ताको एनआइसी एसिया डाइनामिक डेब्ट फन्डमा सहज पहुँच भई वित्तीय समावेशिता तथा वित्तीय सशक्तीकरणका माध्यमबाट समग्र वित्तीय क्षेत्रमा योगदान पुग्ने विश्वाससमेत लिइएको छ। हाललाई यो सेवा बैंकको दरबारमार्ग शाखामार्फत र क्रमशः देशभरका शाखा कार्यालयमार्फत प्रदान गरिने बताइएको छ।

सेती प्रादेशिक अस्पताललाई जगदम्बा स्टिल्सको अक्सिजन प्लान्ट हस्तान्तरण

काठमाडौं/ जगदम्बा स्टिल्सले सेती प्रादेशिक अस्पताललाई अधिक क्षमताको प्रविधियुक्त नयाँ अक्सिजन प्लान्ट हस्तान्तरण गरेको छ। कम्पनीले इन्फिनिटी फाउन्डेसनसँगको सहकार्यमा धनगढीस्थित सो अस्पताललाई निःशुल्क अक्सिजन प्लान्ट उपलब्ध गराएको हो।

यो पहल कम्पनीको व्यावसायिक सामाजिक उत्तरदायित्वप्रतिको प्रतिबद्धता रहेको कम्पनीले जनाएको छ। उद्घाटन समारोहमा सेती प्रादेशिक अस्पताल, धनगढीका निमित्त प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. खगेन्द्रराज भट्ट, सेती प्रादेशिक अस्पताल व्यवस्थापन समितिका अध्यक्ष नरबहादुर शाह (निर्मल) तथा जगदम्बा स्टिल्स लिमिटेडका जनसम्पर्क उपाध्यक्ष श्री कृष्णदत्त भट्टलगायतको उपस्थिति रहेको थियो।

दुई संस्थाबीचको यो सहकार्यले सामुदायिक कल्याणप्रतिको समर्पण मात्र नभई स्वास्थ्य सेवाको महत्त्वपूर्ण आवश्यकतालाई पनि सम्बोधन गर्ने बताइएको छ। अक्सिजन आवश्यक परेका बिरामीलाई समयमै उपलब्ध गराउन प्लान्ट स्थापना गरिएको हो।

एनसेलले महिला उद्यमीको क्षमता अभिवृद्धिमा सहयोग गर्ने

काठमाडौं/ एनसेल र महिला उद्यमी महासंघ नेपालले महिला उद्यमीहरूको क्षमता अभिवृद्धि गर्न सहकार्य गरेका छन्। यो सहकार्यले महिला सशक्तीकरण र नेपालको सामाजिक-आर्थिक विकासमा योगदान पुऱ्याउने उद्देश्य राखिएको छ।

सातौं अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेला २०८० को अवसर पारी एनसेल र महिला उद्यमी महासंघले महिला उद्यमीहरूको विकास, दिगो व्यापार वृद्धिका लागि सहजीकरण र जीविकोपार्जनमा सहयोग पुऱ्याउन महासंघकी अध्यक्ष शोभा ज्ञवाली र एनसेलको कर्पोरेट कम्युनिकेसन तथा सिएसआर हेड विशाखा लक्ष्मी खड्काले समझदारीपत्र आदानप्रदान गरेका थिए।

नेपालको अग्रणी दूरसञ्चार सेवा प्रदायक कम्पनीका रूपमा, एनसेलले महिला उद्यमी महासंघसँग आबद्ध पाँच हजारभन्दा बढी महिला उद्यमीको क्षमता अभिवृद्धि र डिजिटल साक्षरताका लागि सहयोग गर्ने उद्देश्य राखेको छ। यस सहकार्यले महिला नेतृत्वमा रहेका उद्यमको बिजनेस भायबिलिटी बढाउन मद्दत पुऱ्याउनेछ।

ग्लोबल आइएमई र जिआई जेडले इभी यातायातमा लगानी गर्ने



काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले जर्मन सरकारको स्वामित्वमा रहेको जिआई जेडसँग सहकार्य गरी नेपालमा विद्युतीय सार्वजनिक यातायातमा लगानी गर्ने गरी सम्झौता गरेको छ।

जिआई जेडले नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँगको सहकार्यमा मिटिगेसन एक्सन फ्यासिलिटीको लगानीमा 'दीर्घकालीन विद्युतीय यातायातका लागि नेपाल' परियोजना सञ्चालन गरिरहेको छ। यता, बैंकले नेपालमा इभीको प्रयोगमा वृद्धि गर्ने उद्देश्यले इभी सार्वजनिक यातायातमा लगानी गर्न लागेको जनाएको छ।

उक्त परियोजनाले यस्ता सवारीसाधनको विस्तार हुनुका साथै देशभित्र उत्पादित विद्युतको उपभोगमा वृद्धि भई स्वच्छ वातावरण निर्माणमा सहयोग पुऱ्याउने बताइएको छ।

साथै, सार्वजनिक यातायात सेवामा इभी सवारीसाधनको संख्या वृद्धि हुने, सर्वसाधारणको पहुँच विस्तार हुने र पेट्रोलियम पदार्थको खपतमा पनि कमी आउनुका साथै सवारीसाधनबाट हुने वातावरणीय प्रदूषणमा समेत कमी आउने विश्वास बैंकले लिएको छ।

त्यस्तै, बैंकले इभी प्रवर्द्धन गर्न व्यक्तिगत प्रयोजनका सवारीसाधनलाई पनि न्यूनतम ब्याजदरमा कर्जा प्रवाह गर्दै आएको जनाएको छ।

जर्मन सरकारको स्वामित्वमा रहेको जिआई जेडले विश्वभरि दिगो विकास, शैक्षिक गुणस्तर विकास, जीवनयापन विकास आदि क्षेत्रमा लगानी गर्दै आएको छ।

छैठौं र सातौं साधारण सभा सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति :२०८०/१२/२२ गते)

आदरणी शेयरधनी महानुभावहरु,

पिपुल्स पावर लिमिटेडको मिति २०८०/१२/२० गते मंगलबार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको छैठौं र सातौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्ने गरी बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

वार्षिक साधारण सभा हुने मिति, समय र स्थान

मिति : २०८१/०१/१७ गते सोमबार (तद्नुसार अप्रिल २९, २०२४)

स्थान : लिसारा बैडक्यौट हल, नक्साल, काठमाडौं।

समय : बिहान १०:०० बजे

साधारण सभामा छलफल गरिने विषयहरु (एजेण्डा) :

क) सामान्य प्रस्ताव।

१) आ.व २०७८/०७९ र २०७९/०८० को सञ्चालक समितिको तर्फबाट पेश हुने अध्यक्षज्यूको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा।

२) लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. २०७८/०७९ र २०७९/०८० को वासलात, नाफा, नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३) चालु आ.व. २०८०/८१ लागि सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम लेखा परिक्षकको नियूक्ति र निजको पारिश्रमिकनिर्धारण गर्ने सम्बन्धमा।

४) संस्थापक समुहबाट १ जना महिला सहित ५ जना र सर्वसाधारण समुहबाट १ जना सञ्चालकको नियूक्ति/निर्वाचन गर्ने सम्बन्धमा।

५) सञ्चालक समितिले प्रस्ताव गरेका मध्येबाट १ जना स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने सम्बन्धमा।

६) संचालकहरुको बैठक भत्तातथा सुविधा निर्धारण सम्बन्धमा।

७) संस्थागत सुसाशन सम्बन्धि प्रतिवेदन स्विकृत गर्ने।

ख) विशेष प्रस्ताव :

१) हाल कायम रहेको चुक्ता पूँजीको आधारमा १ शेयर बराबर ०.५ का दरले (६३,२६,००० कित्ता शेयरको ५० प्रतिशत ३१,६३,००० कित्ता बाराबर) हकप्रद शेयर निष्काशनको लागि स्वीकृती प्रदान गर्ने सम्बन्धमा।

२) हकप्रद शेयर वितरण पश्चात् कम्पनीको पूँजी वृद्धि हुने भएकाले सो प्रयोजनका लागि पूँजी बृद्धि गरी प्रबन्धपत्र तथा नियमावलीको सम्बन्धित दफाहरुमा संशोधन गर्ने सम्बन्धमा।

३) हकप्रद शेयर जारी गर्दा अन्यआवश्यक कुरा फेरवदल गर्नुपर्ने भएमा सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

४) कम्पनीको नियमावली तथा प्रबन्धपत्रमा हुने संसोधनमा कम्पनी रजिष्ट्रारको कार्यलय तथा नियामक निकायबाट आवश्यक थपघट वा परिमार्जन गर्न निर्देशन प्राप्त भएमा सो कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदानगर्ने सम्बन्धमा।

ग) विविध।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/१२/२९ विहिबारका दिन यस कम्पनीको शेयर दर्ता पुस्तिका बन्द रहने छ। साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एकसचेञ्ज लिमिटेडमा भएको कारोबारबाट कायम भएको शेयरधनीले मात्र कम्पनीका वार्षिक साधारण सभामा भाग लिन सक्नेछन।

२. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले सभा कक्षमा प्रवेश गर्नको लागि अनिवार्य रुपले प्रवेशपत्र, आफ्नो परिचय खुल्ने आधिकारिक परिचयपत्र (जस्तै नागरिकता वा अन्य आधिकारिक परिचयपत्र) सहित शेयरधनी उपस्थित हुनु पर्नेछ।

३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावले सभा स्थलमा उपस्थित भई त्यहाँ रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। उपस्थिति पुस्तिका विहान ९:०० बजे देखि खुल्ला रहनेछ।

४. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई साधारण सभाको सूचना सहित वार्षिक प्रतिवेदन, आर्थिक विवरण, प्रोक्सी फारम र प्रवेश-पत्र पठाउने व्यवस्था मिलाईएको छ। कुनै कारणवश शेयरधनी महानुभावहरुले प्राप्त गर्न नसक्नु भएमा कम्पनीको कार्यालय, वालुटार, काठमाडौ तथा शेयर रजिष्ट्रार(प्रभु क्यापिटल लि.)को कार्यालय, कमलादि, काठमाडौबाट प्राप्तगर्न सकिनेछ।

५. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोसी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावले प्रतिनिधि (प्रोक्सी) फारम सभा शुरु हुनु भन्दन कम्तीमा ४८ घण्टा अगावै कम्पनीको कार्यालय, वालुवाटार, काठमाडौमा बुझाई सक्नुपर्नेछ। एक जना शेयरधनीले एक जनाभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्ने छैन। एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको पाइएमा सबैभन्दा पहिला दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धीत शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वत : बदर हुनेछ।

६. कम्पनीको संस्थापक शेयरधनीबाट १ जनामहिला संचालक सहित ५ जना र सर्वसाधारण शेयरधनीहरुका तर्फबाट १ जना सञ्चालक साथै सञ्चालक समितिले प्रस्ताव गरेका नामबाट स्वतन्त्र संचालक १ को नियुक्ति(निर्वाचन) कार्यक्रम सम्बन्धि सूचना साधारण सभाहुनु भन्दा कम्तिमा ७ दिन अगाबै कम्पनीको सूचना पाटीमा टाँस गरिने छ।

७. साधारण सभा एवं संचालक निर्वाचन सम्बन्धी अन्य जानकारी आवश्यक परेमा कम्पनीको कार्यालय वालुवाटार काठमाडौमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

People's Power Ltd.
पिपुल्स पावर लि.
केन्द्रिय कार्यालय: का.म.न.पा.-२ वालुवाटार काठमाडौं
फोन नं. ०१-४५३७५४४
Email: peoplespowerltd@gmail.com

कुमारी बैंक लिमिटेड शाखा कार्यालय शहिदचोक, नारायणगढको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/१२/२२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय शहिदचोक, नारायणगढबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० चैत्र २९ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय शहिदचोक, नारायणगढमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरण	लिलाम हुने सम्पतिको विवरण:
१. **सुमन श्रेष्ठ** ना.प्र.नं.- १४२२३/०६० जारी मिति - २०६०/०१/१७, जि.प्र.का. चितवन बाबु - इन्द्र लाल श्रेष्ठ बाजे - सुर्य नारायण श्रेष्ठ स्थायी ठेगाना- चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०१ (साबिक चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ०१) २. **स्मारिका श्रेष्ठ** ना.प्र.नं.- ३५-०१-७७-०४०६७ जारी मिति - २०७७/०८/२९, जि.प्र.का. चितवन बाबु - सुमन श्रेष्ठ बाजे - इन्द्र लाल श्रेष्ठ स्थायी ठेगाना- चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०१	१. **इन्द्र लाल श्रेष्ठ**को नाममा मालपोत कार्यालय कावासोती नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, गैडाकोट गा.वि.स/न.पा वडा नं ४/क, स्थित कित्ता नं ६००२ र ५८५४ को क्षेत्रफल क्रमश ०-५-० र ०-१-३ (रोपनी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **इन्द्र लाल श्रेष्ठ**
ना.प्र.नं.- ३७२३
जारी मिति - २०३७/०३/०१, जि.प्र.का. चितवन
बाबु - सुर्य नारायण श्रेष्ठ
पत्नी - कृष्ण मान श्रेष्ठ
स्थायी ठेगाना- चितवन जिल्ला, भरतपुर उ.म.न.पा./गा.वि.स वडा नं. ६
हालको ठेगाना- चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०१

२. **निर्मला श्रेष्ठ**
ना.प्र.नं.- २३०९/३७२३
जारी मिति - २०४५/०२/०५, जि.प्र.का. नवलपरासी
ससुरा - सुर्य नारायण श्रेष्ठ
पति - इन्द्र लाल श्रेष्ठ
स्थायी ठेगाना- नवलपरासी जिल्ला गैडाकोट नगर/गाउँ पञ्चायत वडा नं. ८
हालको ठेगाना- चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०१

३. **रत्ना देवी श्रेष्ठ**
ना.प्र.नं.- १५०१९/०६१
जारी मिति - २०६१/०१/१३, जि.प्र.का. चितवन
बाबु - एक नारायण श्रेष्ठ
ससुरा - इन्द्र लाल श्रेष्ठ
पति - सुमन श्रेष्ठ
स्थायी ठेगाना- चितवन जिल्ला भरतपुर उ.म.न.पा/गा.वि.स वडा नं. १
हालको ठेगाना- चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०१

४. **सुमन श्रेष्ठ**
ना.प्र.नं.- १४२२३/०६०
जारी मिति - २०६०/०१/१७, जि.प्र.का. चितवन
बाबु - इन्द्र लाल श्रेष्ठ
बाजे - सुर्य नारायण श्रेष्ठ
पत्नी - कृष्ण मान श्रेष्ठ
स्थायी ठेगाना- चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०१ (साबिक चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ०१)

संस्थागत जमानीकर्ताहरुको विवरण

१. स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३८ बमोजिम, भरतपुर उ.म.न.पा. कार्यालय, भरतपुर चितवन अन्तर्गत मिति २०७२/०१/०३ मा प्रमाण पत्र नं. ३/६०४ कायम भई दर्ता रहेको चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहेको **स्मारिका कुर्ता कलेक्सन।**

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम, गैडाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गैडाकोट नवलपरासी (बर्दघाट सुस्ता पुर्व) गण्डकी प्रदेश, अन्तर्गत मिति २०७७/१२/१८ मा प्रमाण पत्र नं. १८६ कायम भई दर्ता रहेको नवलपरासी जिल्ला (ब.सु.पु) गैँडाकोट न.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यू श्रेष्ठ किराना पसल।**

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० चैत्र २८ गते** भित्र बैंकको शाखा कार्यालय शहिदचोक, नारायणगढमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय शहिदचोक, नारायणगढबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।

४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० चैत्र २९ गते ३:००** बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय शहिदचोक, नारायणगढमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय शहिदचोक, नारायणगढमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० चैत्र २९ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय शहिदचोक, नारायणगढ फोन नं. ०५६-५९८८३७

CareEdge RATINGS NEPAL | VACANCY ANNOUNCEMENT

CARE Ratings Nepal Limited is the credit rating company operating in Kathmandu, Nepal and is looking for dedicated, result oriented, self driven candidates for the following positions :

SN	Post	Qualification
1	Jr. Analyst/ Analyst	Qualified CA/MBA, MBS with specialization in finance
		0 - 3 years of experience in Credit Risk Analysis/Credit Appraisal

"Application for the above positions can be sent through email along with updated resume at care@careratingsnepal.com within 10 days. Only shortlisted candidates will be called for an interview."

समुन्द्र मन विद्या प्रतिष्ठानको वार्षिक साधारणसभासम्बन्धी सूचना

श्री सदस्य महानुभावज्यूहरू,

यस प्रतिष्ठानको कार्य समितिको निर्णयअनुसार प्रतिष्ठानको २८औं साधारणसभा यही मिति २०८१ साल बैशाख ८ गते शनिबार दिनको १:०० बजे प्रतिष्ठानको कार्यालय गहनापोखरीस्थित आफ्नै बैठक कक्षमा बस्ने भएको हुँदा सम्पूर्ण सदस्य महानुभावहरूको उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ। वार्षिक प्रगति प्रतिवेदन तथा लेखापरिक्षण प्रतिवेदन सदस्य महानुभावहरुको घर ठेगानामा पठाइने छ। ठेगाना परिवर्तन भएका सदस्य महानुभावहरूले वार्षिक प्रगति प्रतिवेदन तथा लेखापरिक्षण प्रतिवेदन लिन कार्यालय समयमा फोन नं. ०१-४५३७६५० मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

नेशनल डेन्टल हस्पिटल लिमिटेडको

जगेडामा रहेको हकप्रद शेयर जारी गर्ने सूचना

(प्रकाशित मितिः २०८०/१२/२२ गते)

यस नेशनल डेन्टल हस्पिटल लि. को मिति २०८०/०६/१३ गते सम्पन्न भएको साधारण सभाले तत्काल कायम रहेका शेयरधनीहरुले मात्र खरीद गर्न पाउने गरी यस कम्पनीको हकप्रद शेयर जारी गर्ने मिति २०८०/०८/०९ को सूचना बमोजिम बिक्री भई बाँकी जगेडामा रहेको जम्मा १,९५,४९७ थान शेयरलाई तत्काल कायम चुक्ता शेयरको ५०.७३ % प्रतिशतको अनुपातमा हकप्रद शेयर जारी गर्ने निर्णय भए बमोजिम कम्पनी ऐन, २०६३ को दफा ५६ को उपदफा (३) बमोजिम यस कम्पनीका शेयर धनीज्यूहरुले मिति २०८०/१२/२० गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा १५ दिने सूचना प्रकाशित गरिएको छ। ऐ ऐनको दफा ५६ को उपदफा (११) बमोजिम सूचना प्रकाशित भएको मितिले १५ दिन समाप्त भएको अर्को दिन मिति २०८१/०१/०५ देखि अन्तिम मिति २०८१/०२/०८ गते सम्म जम्मा ३५ दिन भित्र प्रति शेयर रु. १००/- (एक सय) का दरले हुन आउने रकम यस कम्पनीको एभरेष्ट बैंक, लाजिम्पाट शाखाको खाता नं. ०१४००१०५०००००९७ मा शेयर वापतको रकम जम्मा गर्नु हुन यसै सूचना बाट जानकारी गराइन्छ। अन्यथा उल्लेखित समयमा शेयर वापतको रकम जम्मा नगर्ने शेयरधनीहरुको हकमा कानुन बमोजिम भैजाने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

कम्पनी सचिव

नेशनल डेन्टल हस्पिटल लिमिटेड
पानीपोखरी, काठमाडौं, नेपाल
फोन नं. ९७७-४००२७१४, ४००२७१५, ४००२७१६

बिहीबार २२ चैत ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

खेलकुदको बजेट बढाउने प्रधानमन्त्री प्रचण्डको प्रतिबद्धता



राखेपको ६०औँ वार्षिकोत्सवमा पुरुषतर्फ एथलेटिक्सका दीपक अधिकारीलाई अवार्ड प्रदान गर्दै प्रधानमन्त्री प्रचण्ड । तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

रमेश सुवेदी/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले खेलकुद क्षेत्रको बजेट बढाउने प्रतिबद्धता गरेका छन् । राष्ट्रिय खेलकुद परिषद् (राखेप)को ६०औँ वार्षिकोत्सवमा प्रचण्डले खेलकुद क्षेत्रको विकासमा बजेट बढाउने प्रयास गर्ने जनाएका हुन् । 'सुरुदेखि नै खेल क्षेत्रलाई प्राथमिकतामा राखेको छु, यसपटक बजेटको आकार बढाउन सक्दो पहल गर्नेछु,' उनले भने । खेलाडीलाई दिन बाँकी पुरस्कार रकमसमेत तत्काल दिलाउने प्रयास हुने र त्यसतर्फ सरकारको ध्यानाकर्षण भइरहेको प्रचण्डले बताए । 'खेलाडीलाई प्रोत्साहन गर्न पुरस्कार धनराशि पनि मन खोलेरै दिनुपर्छ भन्ने पक्षमा छु, सँगसँगै खेलाडीलाई दिन बाँकी पुरस्कार रकम छिट्टै निकासा हुनेछ,' उनले भने ।

कार्यक्रमलाई दुई घण्टा समय दिएका प्रधानमन्त्री प्रचण्डले नेपालका लागि खेलकुद क्षेत्र बहुआयामिक सम्भावनायुक्त क्षेत्र भएकाले यसको विकासमा सरकारले विशेष ध्यान दिने बताएका छन् । 'यो एउटा यस्तो क्षेत्र हो, जहाँ खेल कूटनीतिमार्फत ठुल्ठूला युद्ध र मानवसिर्जित विपत्ति समाधान भएका छन्, ठुल्ठूला द्वन्द्व र सम्भावित नरसंहार टरेका छन्,' उनले भने, 'खेल कूटनीतिमार्फत आपसी सहकार्य, विश्वास, विश्व एकता र पुनर्मिलनका आधार खडा भएका छन् । त्यसैले शारीरिक र मानसिक विकासका साथै अर्थतन्त्रको सुदृढीकरण, कूटनीतिक सन्तुलन र सहकार्य एवं देशको बहुआयामिक विकासका निम्ति खेल क्षेत्रको भूमिका निर्णायक देखिँदै आएको छ ।'

उनले सरकार खेल क्षेत्रसँग सम्बन्धित सम्पूर्ण नीतिको प्रभावकारी कार्यान्वयन गर्न, अपर्याप्त नीति निर्माण गर्न र संस्थागत एवं संरचनागत विकासका साथै क्षमता अभिवृद्धि गर्न प्रतिबद्ध रहेको बताए । पछिल्लो समय राष्ट्रियस्तरमा खेलकुदको विकास र अन्तर्राष्ट्रिय पदक हासिल हुँदा खेलाडीमा आत्मविश्वास बढ्दै गएको उनको भनाइ छ । चीनमा सम्पन्न १९औँ एसियाली खेलकुदमा नेपालले राम्रो नजिता हासिल गरेको स्मरण गर्दै प्रधानमन्त्री प्रचण्डले पोखरा, बेलझुन्डी र च्यासल रंगशाला निर्माण सम्पन्न गरिएको जानकारी दिए ।

पछिल्लो समय महिला खेलाडीले देशभित्र र बाहिर कीर्तिमान हासिल गरेको उल्लेख गर्दै उनले यस्ता उपलब्धिले देशका लागि उत्प्रेरणा प्रदान गरेको जनाए । मूलपानी, भरतपुरको गौतमबुद्ध र विराटनगरको रंगशालालाई राष्ट्रिय गौरवको आयोजना घोषणा गरी निर्माण शीघ्र सम्पन्न गर्न उच्च महत्त्व दिएको उनको भनाइ रह्यो ।

प्रधानमन्त्री प्रचण्डले अहिले पनि आफू बिहान पसिना निस्कने गरी टेबलटेनिस खेल्ने गरेको बताए । 'आजभोलि मेरो बिहानी टेबलटेनिस खेलेर बित्छ । पहिला-पहिला फुटबल खेल्थेँ । बिहान फुटबल र बेलुका संगीत सुन्छु । म पहिलोपटक प्रधानमन्त्री हुँदादेखि नै खेल र संगीतलाई प्राथमिकतामा राख्दै आइरहेको छु,' उनले भने, 'राखेपका सदस्यसचिव र खेलकुदमन्त्री युवा छन् । म पनि झन्डै-झन्डै उहाँजस्तै युवा हुँ ।'

मन्त्री र सदस्यसचिवलाई साथ

प्रधानमन्त्री प्रचण्डले खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ र राखेपका सदस्यसचिव टंकलाल घिसिङ दुवै युवा भएकाले खेलकुद ऊर्जावान हुने विश्वास लिएका छन् । 'अहिले संयोग मान्नुपर्छ, खेलकुदमा मन्त्री र सदस्यसचिव युवा हुनुहुन्छ । उहाँहरू दुवैलाई मेरो साथ छ । उहाँहरूले खेल क्षेत्रमा केही गर्नुपर्ने दृढ शक्ति र संकल्प लिनुभएको छ, यो सम्बन्धले गुणात्मक प्रगति हुनेमा विश्वास लिएको छु,' उनले भने ।

ऐन संशोधन छिट्टै

खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ संशोधन गर्ने बताएका छन् । ऐनमा केही बुँदा बाझिएको र त्यसलाई राखेपको सहयोगमा संशोधन गर्ने मन्त्री श्रेष्ठले बताए । 'ऐनमा संशोधन गर्नुपर्ने देखिएको छ । यसैमा राखेपसँग काम गरिरहेको छौँ । पहिलो चरणको काम सकिएपछि निचोडमा पुग्छौँ,' उनले भने । आगामी एक वर्षमा खेलकुदमा देखिने गरी काम गर्ने र राखेपको ६१औँ वार्षिकोत्सव भव्य बनाउने उनले घोषणा गरे । 'खेलकुदमा धेरै गर्नुपर्नेछ । यसअघि कसैले नबुझेजस्तो लाग्यो, तर यहाँ उत्साह र ऊर्जा छ । सानो बजेट भएपछि यसलाई देखिने गरी काम गर्न सकिन्छ,' उनले भने, 'आगामी वर्षमा तपाईंहरूले केही परिवर्तन भएको देख्न पाउन हुनेछ ।' खेलकुदमा सानो बजेट रहे पनि ७५३ स्थानीय तहका जनप्रतिनिधिबाट बजेट माग भएपछि त्यसलाई परिपूर्ति गर्न गाह्रो भएको उनको धारणा रह्यो । यसैबीच राखेपका सदस्यसचिव टंकलाल घिसिङले खेलकुदमा पछिल्लो वर्ष कुल बजेटको ०.०६ प्रतिशत मात्र रहेको जनाए । यसपटक उनले यो ०.१२ प्रतिशत हुन सक्ने जनाए ।

दीपक र सुष्मा सर्वोत्कृष्ट खेलाडी

राखेपले आफ्नो ६०औँ वार्षिकोत्सवका अवसरमा पुरुषमा एथलेटिक्सका दीपक अधिकारी र महिलामा बक्सिङकी सुष्मा तामाङलाई सर्वोत्कृष्ट खेलाडीबाट पुरस्कृत गरेको छ । दुवैले जनही समान एक लाख पुरस्कार पाए । राखेपले सुष्मा र दीपकसहित पाँच खेलाडी तथा १८ जनालाई सम्मान गरेको छ । जुनियर पुरुषमा क्रिकेटका अर्जुन कुमाल र महिलामा पौडीकी डुवाना लामाले सर्वोत्कृष्ट खेलाडीको अवार्ड हात पारे । पारा एथलिट खेलाडीको अवार्ड पौडीका भीमबहादुर कुमालले जिते । नवलपरासीको मध्यविन्दु नगरपालिकालाई उत्कृष्ट स्थानीय तह तथा नेपाल भलिबल संघलाई उत्कृष्ट राष्ट्रिय खेल संघबाट सम्मानित गरिएको छ । कर्मचारीतर्फ भोजानन्द राई, सुनीलकुमार दाहाल, शारदा दाहाल, मुम्ताज अली इद्रिसी, मञ्जुर आलम खान, उमादेवी गुरुङ, विन महर्जन र राज श्रेष्ठ पुरस्कृत भए । खेलपत्रकारमा दुर्गानाथ सुवेदी र सविना कार्की सम्मानित भए ।

■ राखेपको ६०औँ वार्षिकोत्सवमा प्रधानमन्त्री प्रचण्डले भने-

मैले सुरुदेखि नै खेल क्षेत्रलाई प्राथमिकतामा राखेको छु, यसपटक बजेटको आकार बढाउन सक्दो पहल गर्नेछु । खेलाडीलाई प्रोत्साहन गर्न पुरस्कार धनराशि पनि मन खोलेरै दिनुपर्छ भन्ने पक्षमा छु, सँगसँगै खेलाडीलाई दिन बाँकी पुरस्कार रकम छिट्टै निकासा हुनेछ ।

खेलकुदमा बजेट कम भयो

विराजभक्त श्रेष्ठ, युवा तथा खेलकुद मन्त्री



खेलकुदमा बजेट निकै कम छ । सात सय ५३ स्थानीय तहका जनप्रतिनिधिको माग बढिरहँदा परिपूर्ति गर्न गाह्रो छ । यसअघि खेलकुदलाई धेरैले नबुझेजस्तो लाग्यो । यहाँ उत्साह र ऊर्जा धेरै छन् । खेलाडीले पुरस्कार नपाएको गुनासोका सम्बन्धमा प्रधानमन्त्रीज्यूसँग कुरा भएको छ । प्रक्रियामा रहेकाले अर्थबाट चाँडै उपलब्ध हुनेमा आशावादी छु ।

गुजरातलाई हराउँदै नेपाल फाइनलमा



नेपालले बुधबार रणजी ट्रफी टोली गुजरातलाई ८ रनले हराउँदै फ्रेन्डसिप टी-२० कपको अन्तिम दुईमा स्थान पक्का गऱ्यो

नयाँ पत्रिका

नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोली भारतमा चलिरहेको एसएमएस फ्रेन्डसिप टी-२० कपको फाइनलमा पुगेको छ । नेपालले बुधबार रणजी ट्रफी टोली गुजरातलाई ८ रनले हराउँदै अन्तिम दुईमा स्थान पक्का गरेको हो । प्रतियोगितामा नेपालले लगातार तेस्रो जित निकालेको हो । पहिलो ब्याटिङ गरेको नेपालले २० ओभरमा सात विकेट गुमाएर १८१ रनको योगफल खडा गरेको थियो । प्रत्युत्तरमा गुजरातले २० ओभरमा सात विकेट गुमाउँदै १७३ रन बनायो । गुजरातका कप्तान उमांग पटेलले २४ बलमा चार चौका र दुई छक्काको सहयोगमा सर्वाधिक ४७ रन बनाए ।

अभिषेक देसाई २० र प्रियस पटेलले १७ रन बनाए । हर्ष देसाईले १६ बलमा चार चौका र एक छक्काको महत्तमा २९ रनको योगदान दिए । बलिङमा नेपालका लागि सोमपाल कामीले चार ओभरमा १८ रन खर्चेर दुई विकेट लिए । गुल्सन झाले चार ओभरमा ३७ रन खर्चेर २ विकेट लिए । कुशल मल्लले ३ रन खर्चेर दुई विकेट लिए । विवेक यादवले एक विकेट लिए । यसअघि पहिलो ब्याटिङ गरेको नेपालका लागि ओपनर आसिफ शेखले ८५ रनको सर्वाधिक योगदान दिए । उनले ५१ बलमा १० चौका र पाँच छक्का प्रहार गरे । अर्का ओपनर कुशल भुर्तेल ४४ बलमा नौ चौका र दुई छक्कासहित ६७ रनमा आउट भए । नेपालका ओपनरद्वयले १३.३ ओभरमा पहिलो विकेटका लागि १२५ रनको शतकीय साझेदारी गरेका थिए ।

कप्तान रोहित पौडेल ठूलो सट खेल्ने क्रममा ३ रनमा आउट भए । अघिल्लो खेलमा आक्रामक ब्याटिङ गरेका सन्दीप जोरा २ र गुल्सन ४ रनमा आउट भए । अनिल शाह शून्य र कुशल मल्ल १ रनमा आउट भए । गुजरातका जयमित पटेलले चार ओभरमा ४६ रन खर्चेर तीन विकेट लिए ।

आयरल्यान्ड 'ए' २१ रनले विजयी

नेपालको राष्ट्रिय 'ए' टोली खराब ब्याटिङका कारण बुधबार आयरल्यान्ड 'ए'सँग २१ रनले पराजित भएको छ । त्रिवि क्रिकेट मैदानमा पहिलो ब्याटिङ गरेको आयरल्यान्डले ३८.३ ओभरमा सबै विकेट गुमाएर १५७ रनको योगफल बनायो । प्रत्युत्तरमा सहज लक्ष्य पछ्याएको नेपाल २५.३ ओभरमा १३६ रनमै समेटियो । नेपालले प्रतिओभर ५.३३ रनरेटमा ब्याटिङ गरेको थियो । खराब ब्याटिङकै कारण नेपालले सहज लक्ष्यसमेत पछ्याउन नसकेको हो । आयरल्यान्डका दुई बलरले घातक बलिङ गरेका थिए । लिआम म्याकार्थीले पाँच ओभरमा २९ रन खर्चेर चार विकेट लिए । म्याथ्यु हुम्फेयर्सले १० ओभरमा ३२ रन खर्चेर सर्वाधिक पाँच विकेट लिए । उनले आफ्नो स्पेलमा तीन मेडन राखे । नेपालको ब्याटिङमा तीन ब्याट्समयान शून्यमा आउट भए । चार खेलाडी दोहोरो अंकमा रन बनाउन सकेनन् ।

आयरल्यान्डको ब्याटिङमा काडे कार्मिकलले सर्वाधिक ५१ रन बनाए । यसैगरी, कप्तान नेल रकले ३९ र पिटर मुरले २१ रन बनाए । इनिङ्सको एक समय आयरल्यान्ड १२६-४ को अवस्थामा थियो । त्यसपछि कमल ऐरीले ह्याट्रिक गर्दा आयरल्यान्ड १५७ रनमा अलआउट भयो । कमलले इनिङ्सको ३८.१, ३८.२ र ३८.३ ओभरमा विकेट लिँदै ह्याटिङ गरेका हुन् । यद्यपि, यो खेल अनआफिसियल भएका कारण उनको ह्याट्रिकले अन्तर्राष्ट्रिय मान्यता पाउनेछैन ।

फितलो ब्याटिङ

ओपनर देव खनालले पहिलो विकेटका लागि ५.१ ओभरमा अर्जुन कुमालसँग ३५ रनको साझेदारी गरेका थिए । नेपालले कुमाललाई नौ रनमा गुमाएको थियो । कुमाल पेभेलिन फर्केपछि नेपालले १० रन जोड्दा महत्त्वपूर्ण चार विकेट गुमाएको थियो । नेपाल एकैपटक ३५-१ बाट ४५-५ को स्थितिमा पुग्यो । भीम सार्की र आरिफ शेख शून्यमा आउट भए । अर्जुन साउदले ४ रन जोडे । बसिर अहमदले २१ बलमा दुई चौका र एक छक्का प्रहार गरी २० रन जोडे । देवले २२ बलमा चार चौकाको सहयोगमा २६ रन बटुले । पुछारका सहाव आलम र रिजन ढकालले नवौँ विकेटका लागि महत्त्वपूर्ण ३४ रन जोडे ।

खेल संक्षेप

सागर ओलम्पिक छनोट खेल्न थाइल्यान्ड जाँदै

काठमाडौं/ भारोत्तोलन खेलाडी सागर भण्डारीले थाइल्यान्डको फुकेटमा हुने आइडब्लुएफ विश्वकप- २०२४ मा प्रतिस्पर्धा गर्ने भएका छन् । प्रतियोगिता ३१ मार्चदेखि ११ अप्रिलसम्म हुनेछ । यस प्रतियोगितालाई ओलम्पिक छनोटका रूपमा राखिएको छ । नेपालका सागरले १०९ केजीमाथिको तौल समूहमा प्रतिस्पर्धा गर्नेछन् । सागरसँगै प्रशिक्षक जीवन गौतम र व्यवस्थापक रामसुन्दर श्रेष्ठ थाइल्यान्ड जानेछन् ।

सैनामैना विजयी

तिलोत्तमा/ सैनामैना क्रिकेट क्लबले ड्रिम युनिक रुपन्देही सुपर लिग एकदिवसीय क्रिकेट प्रतियोगितामा बुटवल- ११ लाई चार विकेटले पराजित गरेको छ । टस जितेर पहिलो ब्याटिङ गरेको बुटवल- ११ ले ४४.१ ओभरमा अलआउट हुँदै १३६ रन बनाएको थियो । बुटवलका लागि प्रमिस अर्यालले सर्वाधिक २८ रन बनाए । सैनामैनाका गोपाल पौडेलले सर्वाधिक चार विकेट हात पारे । सैनामैनाले ३१.२ ओभरमा ६ विकेट गुमाएर १३९ रन जोड्यो । विजयी टोलीका विक्रम गौतम ४८ रनमा नटआउट रहे ।

धनगढीलाई उपाधि

रुपन्देही/ धनगढी क्रिकेट एकेडेमीले छैटौँ खड्गप्रसाद गौचन स्मृति यू-१९ क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ । धनगढीले पल्सर सिइसी काठमाडौंलाई १७ रनले हराएको हो । रुपन्देहीको तिलोत्तमामा निर्माणाधीन एक्स्ट्राटेक ओभल अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा धनगढीले पहिलो ब्याटिङ गरी ३२.५ ओभरमा सबै विकेट गुमाएर १५० रन बनाएको थियो । काठमाडौंका दयानन्द मण्डलले तीन विकेट लिए । प्रत्युत्तरमा काठमाडौं ३५ ओभरमा अलआउट हुँदै १३८ रनमा सीमित भयो । काठमाडौंका लागि सुमितसिंह बुढाले ४१ रनको योगदान दिए । धनगढीका निशान रेग्मीले चार विकेट हात पारे ।

जुनियर टेनिस सुरु

कास्की/ इभान भट्टराईले तेस्रो राष्ट्रिय जुनियर टेनिस प्रतियोगितामा यू-१० तर्फ जित निकालेका छन् । भट्टराईले रजन खड्कालाई २-० को सोझो सेटमा हराएका हुन् । यसै समूहमा संघर्ष फौदारले ओमयुग थापालाई २-० ले निराश पारे । महिलातर्फको यू-१० मा आर्या पौडेलले बुन्नी एस मेघनलाई २-० ले पराजित गरिन् । यू-१२ पुरुषमा निश्चल गुरुङले वेदान्त चालिसेलाई २-० ले पाखा लगाए ।

■ आठौँ विराट गोल्डकप

एपिएफलाई स्तब्ध पार्दै मोरङ फाइनलमा



विराटनगरमा **गणेश लम्साल**

घरेलु टिम सांग्रिला मोरङ आठौँ विराट गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । प्रतियोगिताअन्तर्गत बुधबार भएको पहिलो सेमिफाइनलमा विभागीय टोली एपिएफलाई टाइब्रेकरमा ४-३ ले स्तब्ध पार्दै मोरङ अन्तिम दुईमा पुगेको हो । अब मोरङले बिहीबार हुने दोस्रो सेमिफाइनल खेलका मच्छिन्द्र र भारतको ड्रागन सिक्किमबीचको विजेताविरुद्ध उपाधि भिडन्तमा प्रतिस्पर्धा गर्नेछ । विराटनगरको सहिद रंगशालामा मोरङका गोलरक्षकले उत्कृष्ट प्रदर्शन गरेका थिए ।

निर्धारित ९० मिनेट र ३० मिनेटको अतिरिक्त समयमा मोरङ र एपिएफले गोलरहित खेल बराबरी खेलेका थिए । त्यसपछि फाइनल पुग्ने टोलीको छिनोफनो टाइब्रेकर र सडनडेथबाट भएको हो । टाइब्रेकरमा दुवै टोलीले ३-३ गोल गरेका थिए । त्यसपछि खेल सडनडेथमा पुग्यो । टाइब्रेकरमा मोरङका आशिष चापागाईं, अविषेक लिम्बू, उमेश कार्की र किरण राईले गोल गरे । मोरङका विदेशी खेलाडी एनकेट र सागर तिरुवाको प्रहार एपिएफका गोलरक्षक एन्जल श्रेष्ठले उत्कृष्ट बचाए । एपिएफका दीपेश धिमाल र कुलदीप कार्कीको प्रहारलाई मोरङका गोलरक्षक विशाल सुनारले सानदार बचाउ गरे ।

एपिएफबाट अनिश महर्जन, सुमन श्रेष्ठ र विश्वास उदासले मात्र गोल गरेका थिए । जितपछि घरेलु टोली मोरङका प्रशिक्षक रानु रानामगरले विभागीय टोली बलियो भए पनि पूरा समय आफूहरूले नियन्त्रणमा राखेको बताए । 'निर्धारित समयमा गोल हुन नसक्नु हाम्रो पनि कमजोरी हो,' उनले भने, 'फाइनलमा यसलाई सच्याउनेछौँ ।' एपिएफका प्रशिक्षक बुद्धिमान राईले निर्धारित समयमा खेलाडीहरूले पाएको गोल गर्ने अवसर चुकाउँदा पराजय भोग्नुपरेको बताए ।

मायांक बने आइपिएलकै चौथो तीव्र गतिका बलर

एजेन्सी



लखनउ सुपर जायन्ट्सका मायांक यादव इन्डियन प्रिमियर लिग (आइपिएल)का चौथो तीव्र गतिका बलर बनेका छन् । १७औँ आइपिएलअन्तर्गत मंगलबार राति मयांकले रोयल्स च्यालेन्जर्स बेंग्लोरविरुद्ध १५६.७ प्रतिघन्टाको स्पिडमा बलिङ गरेका थिए । चालू सिजनमा १६औँ खेलसम्म मायांक नै अहिलेसम्मकै तीव्र गतिका बलर बनेका छन् । मायांकले आफ्नो डेब्युमा पन्जाबविरुद्ध १५५.८ किमि प्रतिघन्टाको गतिमा बलिङ गरे । उनले आफ्नै रेकर्ड मंगलबार तोडेका हुन् । प्रतिस्पर्धामा लखनउले बेंग्लोरलाई २८ रनले हराएको थियो ।

लखनउले पहिलो ब्याटिङ गरी २० ओभरमा ५ विकेटको क्षतिमा १८१ रन बनाएको थियो । प्रत्युत्तरमा बेंग्लोरले १९.४ ओभरमा सबै विकेट गुमाउँदै १५३ रन जोड्यो । बेंग्लोरले चार खेलमा तीन हार र एक जित निकालेको छ । लगातार दोस्रोपटक म्यान अफ दी म्याच हुने क्रममा उनले १४ रन खर्चेर बेंग्लोरका तीन ब्याट्समयानलाई आउट पारे ।

आइपिएल इतिहासमा सर्वाधिक तीव्र गतिका बलर अस्ट्रेलियका साउन टेन्ट हुन् । उनले २०११ को सिजनमा १५७.७ प्रतिघन्टाको स्पिडमा बलिङ गरेका थिए । यसैगरी भारतका उमरान मलिकले २०२२ मा १५७ किमि प्रतिघन्टाको स्पिडमा बलिङ गरेका थिए । यसैगरी, लकी फर्गुसनले २०२२ मा १५७ प्रतिघन्टाको स्पिडमा बलिङ गरे ।

विदेशी खेलाडीमा म्याक्सवेल धेरैपटक शून्यमा आउट

बेंग्लोरका महत्त्वपूर्ण खेलाडी ग्लेन म्याक्सवेल खराब फर्ममा गुज्रिरहेका छन् । चालू आइपिएलमा उनले लखनउविरुद्ध एउटा खराब रेकर्ड राखेका छन् । आइपिएलमा सहभागी विदेशीमध्ये उनी धेरैपटक शून्यमा आउट भए । मायांकको ओभरमा उनी पेभेलियन फर्केका थिए । उनी १६औँपटक शून्यमा आउट भएका हुन् । कोलकाताका सुनील नारिन दोस्रो स्थानमा झरेका छन् । सुनील १५ पटक डकआउट भएका छन् । आइपिएल इतिहासमा भारतका दुई खेलाडी सर्वाधिक समान १७ पटक शून्यमा पेभेलियन फर्केका छन् ।

बेंग्लोरको मैदानमा कोहलीको सय खेल

लखनउविरुद्धका खराब ब्याटिङ गरेका बेंग्लोरका विराट कोहलीले घरेलु मैदानमा टी-२० को सय खेल पूरा गरेका छन् । बेंग्लोरको मैदानमा सय टी-२० खेल्ने उनी पहिलो भारतीय खेलाडी हुन् । उनले एम चिन्नास्वामी रंगशालामा चार शतकीय इनिङ्सको मद्दतमा तीन हजार दुई सय ९८ रन जोडेका छन् । यसैगरी लखनउका निकोलास पुरनले आइपिएलमा सय छक्का पूरा गरेका छन् । उनले बेंग्लोरविरुद्ध पाँच छक्का लगाएका थिए । उनले २१ बलमा ४० रनको योगदान दिए । उनले आइपिएल करिअरमा अहिलेसम्म ८ सय ८४ बलको सामना गरेका छन् । वेस्ट इन्डिजका एन्ड्रे रसेलले ६ सय ५८ बलमा सय छक्का प्रहार गरेका छन् । वेस्ट इन्डिजकै क्रिस गेलले आइपिएलमा ९ सय ४४ बलमा सय छक्का प्रहार गरेका थिए ।

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौँ

विद्युतीय बोलपत्र आव्हानको सूचना

प्रकाशित मिति : २०८०/१२/२२ गते (April–04, 2024)

यस कार्यालयको तपशिलबमोजिमका कार्यहरू विद्युतीय बोलपत्र (E–Bid) को माध्यमबाट गराउनु पर्ने भएकाले इजाजत प्राप्त निर्माण व्यवसायीहरूबाट रितिपूर्वक बोलपत्र आव्हान गरिएको छ । विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेवसाइट www.tokhamun.gov.np मा हेर्नु हुन समेत सूचित गरिन्छ ।

ठेक्का नं.	खरिद सम्बन्धी बिवरण	फाराम दस्तुर (रु.)	जमानत रकम (रु.)	बोलपत्र जमानत मान्य अवधि	पेश गर्ने अन्तिम मिति र समय	खोलिने मिति र समय	लागत अनुमान रु. (VAT र PS बाहेक)
29/NCB/TM/W/2080-081	Ward-8 ra ward-11 jodne Baniyatar Poolko ward-8 pattiko bhagama Sadak Upgrade.	३,०००	१,३१,०००	१२० दिन	वैशाख २३, २०८१ (May–05, 2024) मध्यान्ह १२ बजे	वैशाख २३, २०८१ (May–05, 2024) दिनको १ बजे	४६,५६,५४६/७४

प्रमुख प्रशासकीय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com